# वंगलाचुली गाउँपालिकाको आवधिक विकास योजना

## (२०७८/०७९ - २०८२/०८३)

## Periodic Development Plan of Bangalachuli  Rural Municipality

नेपालमा पुरानो राज्य संरचनाको विघटन भई नयाँ संरचनाको ढाँचामा प्रवेश गरेको छ । संघीय संरचनाअनुसार नै स्थानीय तहको निर्वाचन सम्पन्न गरी सवै स्थानीय तहमा जन निर्वाचित जन प्रतिनिधिहरुले नेतृत्व गरिरहेका छन् । नेपालमा नयाँ संविधान वमोजिमको संघीय ढाँचाको राज्य संरचना कार्यन्वयन गर्ने पहिलो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । संविधानको मर्मअनुसार नेपाली जनताको दीगो शान्ति र सामाजिक न्याय सहितको समृद्धीमा पुग्ने तीव्र चाहानाअनुसार यो व्यवस्थाको जग वसाल्ने ऐतिहाँसिक अवसर अहिलेका हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं । यसै सर्न्दभमा संघीय व्यवस्थाको महत्वपुर्ण आधारको रुपमा रहेको स्थानीय सरकारले पनि स्वभाविक रुपमा माथि उल्लिखित संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी आफ्नो दीगो विकासका लक्ष्य हाँसिल गर्न आफ्नो योजनावद्ध आवधिक र दीर्घकालिन योजना तर्जुमा गर्न वान्छनीय भएको छ ।

वंगलाचुली गाउँपालिकाको पहिलो निर्वाचित ऐतिहाँसिक गाउँसभाले ताराखोला गाउँपालिकाको एकीकृत आवधिक गुरुयोजना बनाउने निर्णय सहित वजेट विनियोजन गरेको थियो । गाउँपालिकाको प्रोफाइलको आधारमा विभिन्न चरणमा जनस्तरवाट र बिज्ञहरुवाट सुझावहरु संकलन गरी आगामी ५ वर्षको आवधिक योजनाका साथै मध्यकालीन र दीर्घकालीन योजना सहितको ताराखोला गाउँपालिकाको एकीकृत आवधिक गुरुयोजना निर्माण गरिएको छ ।

जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा र साँस्कृतिक विशेषताहरु भएको ताराखोला गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहनाअनुसार योजनावद्ध विकास गर्ने यो प्रतिवेदन एउटा मार्गदर्शक मार्गचित्र हुनेछ । हाम्रो स्रोत र साधनहरुलाई सवै आधारभुत तहमा रहेका जनताहरुको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार होस । आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्युन हुने गरी दीगो विकासको सिद्धान्तअनुसार योजनाहरु तय गर्नको निम्ती यो दस्तावेज तयार गरेका छौं । यो गुरुयोजना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने सम्पूर्ण हाम्रा शुभचिन्तक विज्ञ विद्धानहरु, आम जनसमुदाय, यसमा आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएकोमा टिमका सम्पूर्ण सदस्यहरु, वंगलाचुली गाउँपालिकाका उपप्रमुखज्यु, सम्पूर्ण वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण कर्मचारी वर्ग, गाउँ पालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**अध्यक्ष**

**भक्तबहादुर वली**

**वंगलाचुली गाउँपालिका**

स्थानिय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा यस ताराखोला गाउँपालिकाले “कृषि, वन, खनिज र उद्यमशिलताका लागि सबल पूर्वाधारः **समृद्ध, समन्यायिक वंगलाचुली विकासको मूल आधार”** भन्ने दीर्घकालीन सोंचका साथ गाउँपालिका आवधिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता खड्केको हुदां गाउँपालिकाले यो प्रथम पञ्चवर्षिय आवधिक योजना गरेको हो ।

यस प्रथम पञ्चवर्षिय आवधिक योजनाले ताराखोला गाउँपालिकाको समग्र विकासमा ठोस योगदान पुर्‍याउन सक्नेछ भन्ने अपेक्षा लिईएको छ । यस ताराखोला गाउँपालिकामा रहनु भएका सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकारजगत, सरकारी तथा गैरसरकारी संस्थाहरुले यस आवधिक योजनाका लक्ष्यहरुलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनिय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सवैमा विनम्रता पुर्वक अनुरोध गर्न चाहन्छु । आवधिक योजनामा भएका योजनाहरुको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन  र हाम्रो मर्यादालाई आत्मसाथ गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै गाउँपालिकाल तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम वनाउनको लागि हामी सवै दृढ संकल्पका साथ अगाडी वढेमा विकासको प्रतिफल सवैले पाउने कुरामा दुईमत छैन साथै आवधिक योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण जनता, गाउँ सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत लगाएत सम्पुर्ण  कर्मचारी, परामर्श दाताका सम्पुर्ण टिम लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**उपाध्यक्ष**

**यमुना थापा मगर**

**वंगलाचुली गाउँपालिका**

गाउँपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी गाउँपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना छनौट गरी एकिकृत आबधिक योजना (२०७८।७९ देखि ०८३।०८४) निर्माण गर्ने कार्यक्रमअनुसार यो दस्तावेज तयार भएको छ । यस गाउँपालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रमहरु तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारीता स्थानीय स्तरमा त्यतीबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम् जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् ।

यो आबधिक योजनाका तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष, उपाध्यक्ष ज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरु आबधिक योजनामा तर्जुमा खट्ने सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति धन्यवाद दिन चाहन्छु । साथै यस आबधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने सेवाप्रदायक लगायत टिमका सम्पूर्ण सदस्यहरु लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

**नेव वहादुर वली**
**प्रमुख प्रशासकीय अधिकृत**
**वंगलाचुली गाउँपालिका**

## अध्ययन समूहको तर्फबाट

गाउँपालिकाको आबधिक योजनातयार गरी ताराखोला गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको छ । प्रस्तुत आवधिक योजनाले ताराखोला गाउँपालिकाको सर्वाङ्गिण विकासका निमित्त सबै पक्ष समेटेर आबधिक योजना प्रतिवेदनका रुपमा प्रस्तुत गरेको छ । विश्वब्यापी रुपमा सोच्ने, स्थानीय रुपमा काम गर्ने (Think Globally, Act Locally) भन्ने मान्यता अनुरुप नै ताराखोला गाउँपालिकासँग सम्बद्ध सबै प्रकारका सम्पदाहरुको उचित संरक्षण र विकास गर्ने हेतुले प्रेरित भएर यो प्रतिवेदन तयार गरिएको छ । स्थानीय विकासमा स्थानीय परम्परागत सीप, ज्ञान र प्रविधिको मौलिकपनको जगमा टेकेर परिमार्जन गर्दै आधुनिक विकासको थालनी गर्ने अभिप्राय यस आवधिक योजना प्रतिवेदनको रहेको छ । जनजनको मनमनमा विकास उमार्न सक्नु पदर्छ । विकास भारी हालेर, गुण्टा बनाएर, हवाइजहाज, रेल, मोटर, घोडा, गधा, खच्चडमा लादेर वा भरीयालाई बोकाएर आउने होइन । त्यसले स्थानीय जनताको मन छुँदैन । त्यसैले स्थानीय स्तरमा रहेको परम्परागत सीप, ज्ञान र प्रविधि जो शताब्दीयौंदेखि यस स्थान विशेषको भूगोलमा अनुकुलन भएको छ, त्यसलाई नै परिमार्जन गर्दै आधुनिकीकरणको बाटो समाएर स्थानीय विकास गतिविधि प्रबर्धन गर्नुपर्दछ । बाहिरबाट हुने सहयोग र लगानीको प्रवेश स्थानीय विकासका हितमा निष्कपट रुपमा उपलब्ध हुनु पर्दछ जसले आम जनताको जीवनस्तर उकास्न भरसलाग्दो र भरपर्दो भुमिका खेल्न सकोस । त्यस्तो विकास अभियानमा मात्र स्थानीय जनता सक्रिय हुन सक्दछन् जसले सहभागिताको प्रष्टसँग सुनिश्चितता देखाउँदछ र स्थानीय स्रोत र साधनको उचित संरक्षण, परिणाममुखी परिचालन र विनाशमुक्त विकास हुन सक्दछ । त्यस्तो परिणाममुखी विकासका परिणामहरुको वितरण पनि समन्यायिक हुँदा मात्र विकास दीगो हुन्छ र सम्बृद्धिलाई भरपर्दो टेवा दिन्छ ।

हामीलाई विश्वास छ, यस पालिकाका जनताद्धारा निर्वाचित जनप्रतिनिधिहरुको वर्तमान नेतृत्व अत्यन्त सचेत, जागरुक र गतिशील छ । उहाँहरुकै सक्रिय सहभागितामा यो आबधिक योजना माथिबाट तल (Top-Down) होइन कि तलदेखि माथि (Bottom-up) को नमूनामा तयार गरिएको छ । त्यसैले यसको स्वामित्व ग्रहण गर्न वहाँहरुलाई कुनै शंका रहने छैन । किनभने अध्ययनको सबै चरणमा सामुहिक रुपमा वहाँहरुले नै स्वतस्फूर्त रुपमा छलफल समेत गरी सर्वसम्मत ताली बजाएर पारीत भई यो आवधिक योजना प्रतिवेदन तयार भएको हो । यसका निमित्त आबधिक योजनाले "**कृषि, वन, खनिज र उद्यमशिलताका लागि सबल पूर्वाधारः समृद्ध, वंगलाचुली विकासको मूल आधार**" भन्ने दीर्घकालिन सोँच तय गरेको छ । फलतः यस आवधिक योजनाले निर्दिष्ट गरेका योजनाहरु कार्यान्वयनको अन्तसम्ममा वंगलाचुली गापाको स्वरुप अत्यन्त सकारात्मक रुपमा रुपान्तर हुनेछ जो, जो कोहीका निमित्त उदाहरणीय र अनुकरणीय बन्न सकोस, अध्ययन समूहको सतत शुभकामना यही छ । वंगलाचुली गाउँपालिकाको यो आवधिक योजना तयार गर्ने क्रममा हामीलाई यो अवसर प्रदान गरेर र सक्रिय रुपमा सबै सूचना लगायत यावत सुझाव विभिन्न तहमा उपलब्ध गराएर सहयोग गर्ने गाउँपालिकाका प्रमुख तथा निर्देशक समितिका समितिका संयोजक तथा सदस्यहरु, कार्यपालिका, गाउँसभा प्रति धन्यवाद व्यक्त गर्दछौं । साथै पालिकाबासी आम जनता जो जसले यो प्रतिवेदन तयारीको शिलशिलामा आआफ्नो क्षेत्रबाट जे जस्तो सल्लाह सुझाव दिएर सहयोग गर्नुभयो, उहाँहरु सबैमा हामी धन्यवाद व्यक्त गर्दछौं । अन्तमा, गाउँपालिकाका अध्यक्ष,उपाध्यक्षज्यु सहित प्रमुख प्रशासकीय अधिकृत लगायत समस्त कर्मचारी, विद्यालयका शिक्षक प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरु लगायत सबै संघसंस्था, आमा समूह, युवा क्लब आदिका प्रतिनिधिहरुमा धन्यवाद टक्र्याउदछौं ।

**संयोजक**
**गाउँपालिका आबधिक योजना अध्ययन समूह**

# विषय सूची


**परिच्छेद – १ : आवधिक योजनाको परिचय र बिधि**

| | |
|---|---|
| १.१ पृष्ठभूमी | १ |
| १.२ आवधिक योजनाको अवधारणा | १ |
| १.३ आवधिक योजनाका आधारहरु | २ |
| १.४ नेपाल सरकार तथा गण्डकी प्रदेश आबधिक योजनासंगको अर्न्तसम्बन्ध | ३ |
| १.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरु | ३ |
| १.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरु | ४ |
| १.७ आबधिक योजना निर्माण  विधि र प्रकृया | ५ |
| १.८ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति र छलफल | १२ |
| १.९ आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति | १२ |
| १.१० प्रतिवेदनको संगठन | १२ |
| **परिच्छेद –२: गाउपालिकाको वस्तुस्थिति विवरण** | १३ |
| २.१ गाउंपालिकाको परिचय | १३ |
| २.२ ऐतिहासिक चिनारी तथा नामकरण | १३ |
| २.३ भौगोलिक स्थिती | १५ |
| २.३ प्राकृतिक स्रोत तथा सम्पदा | १८ |
| २.४ भू-उपयोग तथा मानव बसोबास | २० |
| २.५ सामाजिक तथा सांस्कृतिक अवस्था | २२ |
| २.६ आर्थिक अवस्था र क्रियाकलाप | २६ |
| २.७ खानेपानी तथा सरसफाईको अवस्था | २९ |
| २.८ इन्धन, उर्जाको श्रोत र प्रयोगको अवस्था | ३१ |
| २.९ हाइड्रोपावर र लघुजलविद्युतको अवस्था | ३१ |
| २.१० वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था | ३२ |
| २.११ खानीहरुको अवस्था | ३३ |
| २.१२ यातायात सुविधाको अवस्था | ३३ |
| २.१३ सूचना तथा सचारको पहुंच | ३४ |
| २.१४ पार्क तथा मनोरञ्जन स्थलहरु | ३४ |
| २.१५ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ३४ |
| २.१६ सशस्त्र द्वन्द्व/जनयुद्धको प्रभाव | ३५ |
| २.१७ पर्यटनको अवस्था | ३५ |
| **परिच्छेद –३: ताराखोला गाउंपालिकाको योजनाको समष्टिगत खाका** | ४९ |

३.१ पृष्ठभुमि ४९
३.२ अबसर र चुनौतीहरु ४९
३.३ गाउँपालिकाको आबधिक योजनाको दीर्घकालिन खाका ५०

**परिच्छेद –४ः गाउंपालिकाको समष्टिगत आर्थिक अवस्था र निति** ६७
४.१ . पृष्ठभूमि ६७
४.२. सार्वजनिक वित्त ६७
४.३ सार्वजनिक, निजि र सहकारी साझेदारी ७२
४.४ वैदेशिक लगानी ७२
४.५ आन्तरिक श्रोत (राजश्व) अभिबृद्धिका कार्यक्रमहरु ७२
४.६ सार्वजनिक खर्चमा वित्तिय अनुशासनका कार्यक्रमहरु ७२
४.७ आर्थिक बृद्धिदर ७३
४.८ लगानीको आवश्यकता र स्रोत ७३

**परिच्छेद – ५ः गाउपालिंकाको आर्थिक क्षेत्र** ८१
५.१.कृषि तथा पशुपालन ८१
५.२ प्रकृतिक श्रोत व्यवस्थापन ८६
५.३ सहकारी, पर्यटन उद्योग, वाणिज्य र आपूर्ती ८९

**परिच्छेद – ६ः सामाजिक क्षेत्र** ९२
६.१ जनसंख्या व्यवस्थापन ९२
६.२ शिक्षा ९४
६.३ स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई ९७
६.४ लक्षित समुह विकास र संरक्षण १०१

**परिच्छेद – ७ः भौतिक पूर्वधार क्षेत्र** १०४
७.१ उर्जा १०४
७.२ यातायात पूर्वाधार १०६
७.३ सुचना तथा संचार प्रविधि पूर्वाधार १०८
७.४ भवन निर्माण, आवास तथा बस्ती विकास ११०

**अध्याय – ८ः संस्थागत विकास र शुसासन** ११३
८.१ शान्ति सुरक्षा ११३
८.२ सन्तुलित बिकास ११४
८.३ मानव अधिकार र सामाजिक न्याय ११६

८.४ प्रशासनिक सुशासन र सेवा प्रवाह १११९
८.५ वित्तीय सुशासन १२१
८.६ भ्रष्टाचार निवारण १२३

**अध्याय – ९: अन्तर सम्वन्धित विषय** १२५
९.१ तथ्यांक प्रणाली, अनुसन्धान तथा विकास १२५
९.२ गरिबी निवारण १२७
९.३ जनशक्ति विकास, उद्यमशिलता र रोजगारी १२९
९.४ सामाजिक सुधार तथा रुपान्तरण १३२
९.५ समानता र समावेशिता १३३
९.६ वातावरण संरक्षण, जलवायू परिवर्तन र विपद् बयवस्थापन १३५

**परिच्छेद – १०: योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** १३९
१०.२ अनुगमन तथा मूल्यांकन १४२
१०.२.१ योजना कार्यान्वयन कार्ययोजना १४२
१०.२.२ योजना कार्यान्वयन बिधि १४३
१०.२.३ अनुगमन तथा मूल्याङकन पद्धति् १४३

# तालिका सूची


| | |
|---|---|
| तालिका२.१ : धरातलीय विभाजन | १६ |
| तालिका२.२ : भिरालोपनाका प्रकार | १८ |
| तालिका२.३ : पाखाको मोहोडाका प्रकार | १८ |
| तालिका२.४ : ताराखोला गाँउपालिकाको भू-उपयोगको स्थिति | २० |
| तालिका२.५ : ताराखोला गाँउपालिकाको जनसांख्यिक विवरण | २२ |
| तालिका२.६ : वडागत रुपमा अपाङ्गताको जनसंख्या विवरण | २३ |
| तालिका२.७: साक्षरताको अवस्था | २४ |
| तालिका२.८ : ताराखोला गापामा स्वास्थ्य चौकीको विवरण | २५ |
| तालिका२.९ : वडागत रुपमा सञ्चालित व्यापार/पसलको विवरण | २७ |
| तालिका२.१० : वडागत रुपमा सञ्चालित उद्योगहरुको विवरण | २८ |
| तालिका२.११ : वडागत रुपमा विभिन्न स्रोतको खानेपानी प्रयोग गर्ने घरपरिवार संख्या | ३० |
| तालिका२.१२ : वडागत रुपमा शौचालयको अवस्था | ३० |
| तालिका२.१३ : खानापकाउने इन्धनको श्रोत | ३१ |
| तालिका२.१४ : बत्ती बाल्न विभिन्न स्रोतको इन्धन प्रयोग गर्ने घरपरिवार संख्या | ३१ |
| तालिका२.१५: ताराखोला गापाका मुख्य सडकहरु | ३४ |
| तालिका२.१६: ताराखोला गापाका पर्यटकीय पदमार्गहरु | ३९ |
| तालिका४.१: गाउँपालिकाको सार्वजनिक खर्चको विवरण (आ.व. २०७४।७५–२०७५।७६) | ६८ |
| तालिका४.२: गाउपालिकाको राजश्व तथा आयस्रोतको विवरण (आ.व. २०७४।७५–२०७५।७६) | ६९ |
| तालिका४.३: योजना अबधिको लागि प्रक्षेपित खर्च तथा लगानीको विवरण (रकम रु. लाखमा) | ७५ |
| तालिका४.४: खर्च र लगानीका स्रातहरुको प्रक्षेपण (रकम रु. लाखमा) | ७७ |

## नक्सा सूची


नक्सा १: ताराखोला गाउंपालिकाको अबस्थिती नक्सा १५

नक्सा २: वस्तीको वितरण ४०

नक्सा ३: वस्तीको वितरण ४०

नक्सा ४: वस्तीको वितरण ४१

नक्सा ५: जमिनको भिरालोपन ४१

नक्सा ६: जमिनको मोहडा ४२

नक्सा ८: वनजंगल ४३

नक्सा ९: खनिजको वितरण ४३

नक्सा १०: भूउपयोग ४४

नक्सा ११: वडागत जनघनत्व ४४

नक्सा १२: ऐतिहाँसिक तथा धार्मिक क्षेत्र ४५

नक्सा १३: विद्यालयहरुको अबस्थिती ४५

नक्सा १४: सेवाक्षेत्रहरुको अबस्थिती ४६

नक्सा १५: साना जलबिद्युत केन्द्रहरु ४६

नक्सा १६: सडक, सडक पुल तथा झोलुङ्गे पुलको वितरण ४७

नक्सा १७: पर्यटकीय क्षेत्रहरु ४७

नक्सा १८: एकिकृत सेवा प्रदायक संस्था तथा पर्यटन क्षेत्रहरु ४८

नक्सा १९: पर्यटन पथ ४८

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| अ.हे.व. | असिस्टेन्ट हेल्थ वर्कर |
| आ.व. | आर्थिक वर्ष |
| कि.मी . | किलो मीटर |
| गापा | गाउँपालिका |
| गाविस | गाउँ विकास समिति |
| नपा | नगरपालिका |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| मी. | मीटर |
| मे.वा. | मेघावाट |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| रु. | रुपैया |
| ल्या.अ. | ल्याव असिस्टेन्ट |
| व.कि.मी | वर्ग किलो मीटर |
| सि.अ.हे.व. | सिनियर असिस्टेन्ट हेल्थ वर्कर |
| से. | सेल्सियस |
| हे.अ. | हेल्थ असिस्टेन्ट |
| ACAP | Annapurna Conservation Area Project |
| CAMC | Conservation Area Management Comittee |
| CTEVT | Council for Technical Education and Vocational Training |
| DEM | Digital Elevation Model |
| DPR | Detail Project Report |
| GIS | Geographical Information System |
| GPS | Global Positioning System |
| ICT | Information and Communications Technology |
| IT | Information Technology |
| NTFPs | Non Timber Forest Products |
| QGIS | QuantumGeographical Information System |
| RM | Rural Municipality |
| RS | Remote Sensing |
| SWOT | Strength Weakness Opportunity and Threats |
| TM | Transverse Mercator |
| TOR | Terms of Reference |
| UTM | Universal Transverse Mercator |
| WGS | World Geodetic System |

## परिच्छेद – १

# आवधिक योजनाको परिचय र बिधि
# (Introduction and Methods of Periodic Plan)

### १.१ पृष्ठभूमी (Background)

दाङ जिल्लाका विभिन्न गाउंपालिकाहरुमध्ये वंगलाचुली गाउँपालिका उत्तरी सीमानामा अवस्थित विकासका दृष्टिले तुलनात्मक रुपमा पछाडि परेको गाउँपालिका हो । नेपालको संविधान २०७२ र स्थानीय शासन ऐन २०७४ ले निर्देशित गरेको अधिकारको परिधिभित्र रहेर आफनो गाँउठाँउको विकास र सम्वृद्धिको खाका आफै कोर्ने र निर्धारित खाका र योजना अनुसार समयबद्ध कार्यान्वयन गर्न, ताराखोलावासी जनताको दीगो तथा उच्च जीवनस्तर हासिल गर्न स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएका हो । नेपालका अन्य ग्रामीण क्षेत्रहरु जस्तै ताराखोला गाउँपालिका क्षेत्रमा विकासका भौतिक पूर्वाधारहरुको कमी, परम्परागत उत्पादन पद्धती, न्यून उत्पादन र उत्पादकत्व, कृषि तथा गैर कृषि आर्थिक कियाकलापहरुमा पछौटेपना, निरपेक्ष गरिवी, सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई) को अभावका कारण आर्थिक, सामाजिक तथा मानवीय विकासका क्षेत्रहरुमा व्याप्त पछौटेपनालाई अन्त गर्न आवश्यक छ । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक द्रुत आर्थिक तथा सामाजिक विकासको अल्पकालीन, मध्यकालीन दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्धेश्यहरु, रणनीतिक कार्यक्रमहरु र आयोजनाहरुको छनौट गर्ने, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ । यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहुँचमा राखी उनीहरुको सम्बृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ । कार्यान्वयन र मूल्यांकनमा समेत स्थानीय जनताको प्रत्यक्ष संलग्नता, दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक सरकारका नीति तथा कायकम, गैरसरकारी संघ संस्थाहरु तथा निजी क्षेत्रको कियाकलाप समेतलाई साझेदार कृयाकलापका रुपमा ग्रहण्र गरी गाउँपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal point)का रुपमा सुदृढ गर्ने अवधारणा राखेको छ ।

### १.२ आवधिक योजनाको अवधारणा (Concept of Periodic Plan)

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरु प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरुको व्यापक सर्वेक्षणका आधारमा व्यवस्थित रुपमा तयार गर्ने बैधानिक दस्तावेज (Document)हो । यसलाई कार्यकम वा कियाकलापहरुको प्रक्षेपित लक्ष्यहरु प्राप्त गर्ने प्रभावकारी कार्यन्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त वाँडफाँड र क्रियाकलापहरुको कार्यान्वयनको चरणवद्ध कार्यकम भन्न सकिन्छ । स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरुको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने तलबाट उठेको (Bottom up)ढाँचा, श्रोत साधनहरुको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरुको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्ययोजनाहरुको खाका र रणनीतिको रुपमा बुझ्न सकिन्छ । यस्तो योजना प्रकृयामा सम्वद्ध जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरु र संभावनाहरुको उपयोगबाट स्थानीय आवश्यकताहरुको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष निगरानी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको वाँडफाँड महत्वपूर्ण हुन्छ ।

कन्द्रिकृत योजना निर्माणको माथिबाट लादिएको (Top-down)प्रकृयाभन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया अन्तराष्ट्रिय तथा राष्ट्रिय/प्रादेशिक योजना र विकासका अनुभवहरुले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दिगो विकासका आधारभूत मान्यताहरु समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरुको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरुको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरुको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरुमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनावद्ध कार्यक्रमहरुको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ । यस्ता योजनाले आयोजना र कार्यक्रमहरुबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दीगो समेत हुने विश्वास गरिनछ ।

## १.३ आवधिक योजनाका आधारहरु(Basis of Periodic Plan)

यो आवधिक योजना तयारीका बैधानिक आधाररुमा यस प्रकार रहेका छन् :

क) स्थानीय तहको संवैधानिक हैसियत (संबिधानको अनुसूचि ८ मा उल्लेखित अधिकारलाई प्रयोग गर्ने

ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्थाअनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयन

ग) ताराखोला गाउँकार्यपालिकाको निर्णय अनुसार कार्यनिर्देशन (TOR)

घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम प्रकृया पूरा गरी जियो नेट कनेक्सन प्रा.लि. पोखरालाई नियमानुसार परामर्शदाता नियुक्त गरी योजना निर्माण गर्ने जिम्मेवारी सुम्पेको

ङ) स्थलगत सर्वेक्षण, अन्तरक्रिया र विभिन्न विषयगत समितिहरुसँग व्यापक छलफल गरी परामर्शदाता संस्थाले तयार गरी गाउँपालिकाको निर्देशक समिती (Steering Committee) बाट अनुमोदन र गाउँपालिकाबाट स्वीकृत तथा अनुमोदन यो आवधिक योजना तयार गर्दा देहायवमोजिमका नीतिहरुलाई अबलम्बन गरिएको छ :

- ❖ गाउँपालिकाले निर्दिष्ट गरेको कार्य निर्देशिका (Terms of Referance)मा आधारित ।
- ❖ गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक स्रोतको विद्यंमान अवस्थामा आधारित ।
- ❖ जनताको आवश्यकता र आकांक्षाको संकलन र छलफलमा आधारित ।
- ❖ गाउँपालिकाको विगतको वित्तीय अवस्था र भविष्यको प्रक्षेपणमा आधारित ।
- ❖ स्थानीय स्रोत, सामाग्री र जनशक्तिको अधिकतम प्रयोग गर्ने सोँच ।
- ❖ गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र रणनीतिहरुमा आधारित ।
- ❖ दीगो विकास लक्ष्यहरुसँगको तादम्यता ।
- ❖ संघ र प्रदेशका योजना तथा कार्यक्रमहरुसँग तादात्म्यता ।
- ❖ विकास योजनाहरुको क्षेत्रगत बाँडफाँड र सन्तुलन ।
- ❖ समयवद्ध कार्यान्वयनको ढाँचा र लगानीको योजना ।
- ❖ योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सुस्पष्ट प्रणाली ।

## १.४ नेपाल सरकार तथा लुम्विनी प्रदेशआबधिक योजनासंगको अर्न्तसम्बन्ध(Relationship with Nepal Government and Lumbinee Province Periodic Plan)

राज्यको पूर्नसंरचना पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विकासका आवधिक योजनाहरु अलग अलग रुपमा वनाउने हुँदा तिनीहरु विचको सम्बन्ध र तादात्म्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर राख्नुपर्ने हुन्छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरु परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना वनाउँदा विशेष हेक्का (ख्याल) राखिएको छ । नेपाल सरकारको चालु आबधिक योजना र लुम्विनीप्रदेशसरकारले तयारी गरेको आबधिक योजनाका लक्ष्य, प्राथमिकता र कार्यक्रमहरुसँग यस योजनाको तादम्यता राख्ने प्रयत्न गरिएको छ । केन्द्र, प्रदेश र स्थानीय तहको अधिकारको सूचिलाई समेत मध्यनजर गरी तिनीहरुबाट निक्षेपित हुने अनुदान र राजश्व वाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ । साथै नेपालले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमहरुसंग यो आवधिक योजनालाई आवद्ध गरिएका छ ।

## १.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरु(Objectives of Periodic Plan Formulation)

यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य वंगलाचुली गाउँपालिकाको विकासको दीर्घकालीन सोंच बमोजिम क्षेत्रगत विकासको समग्र योजना र कार्यक्रमहरु तय गरी ताराखोलावासी जनताको सम्वृद्धिलाई सुनिश्चित गर्नु हो । यसका विशिष्ट उद्देश्यहरु देहायवमोजिम रहेका छन् :

- वंगलाचुली गाउँपालिकाका विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै योजनावद्ध तवरले आर्थिक सामाजिक पूर्वाधारको दीगो विकास योजना तर्जुमा गर्ने ।
- पछौटे, विपन्न र सामाजिक हिसावले वञ्चितिमा परेका क्षेत्र, वर्ग र लिङ्गका स्थानीय जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एंव मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्न योजना तर्जुमा गर्ने ।
- गाउँपालिका र यसका विभिन्न क्षेत्रभित्र उद्योग, व्यापार, कृषि, पशुपालन, पर्यटन, ऊर्जा र रोजगारी प्रर्वद्धन कार्यक्रमहरु मार्फत आर्थिक गतिविधिमा विस्तार र विकास गर्ने आर्थिक विकास योजना तर्जुमा गर्ने ।
- आवधिक योजनाका विभिन्न कार्यक्रमहरुको संचालनका लागि आवश्यक पर्ने वित्तीय श्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना प्रस्तुत गर्ने ।
- गाउँपालिकाको साँगठनिक स्वरुप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरु समेटिएको संस्थागत योजना प्रस्तुत गर्ने ।
- वंगलाचुली गाउँपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा संभावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्ने ।
- गाउँपालिकाको आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्ने ।

## १.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरु(Scope and Limitation of Periodic Plan)

### १.६.१ योजनाका क्षेत्रहरु (Scope of Periodic Plan)

गाउँपालिकाले निर्दिष्ट गरेको कार्य निर्देशन र परामर्शदातासँग भएको सम्झौताको परिधिभित्र रही यो आवधिक योजना तयार गरिएकोले तदनुरुप यस योजनामा निम्न लिखित क्षेत्रका योजनाहरु समेटिएका छन् :

- वंगलाचुली गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारुप : यस भित्र विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्यहरु र विकासका प्राथमिकताहरु साथै ताराखोला गाउँपालिका क्षेत्रका सवलता, दुर्वलता, संभावना र चुनौतीहरु समेत प्रस्तुत गरिएको छ ।

- भौतिक विकास योजना : स्थानीय यातायात पुर्वाधार, सिंचाई वा नदी नियन्त्रण, जलविद्युत र वैकल्पिक ऊर्जा , खानेपानी, वसोवास तथा भवन निर्माण, सामाजिक पूर्वाधारहरु, पर्यटन, कृषि तथा औद्योगिक पूर्वाधारहरु समेटिएको भौतिक विकास योजना प्रस्तुत गरिएको छ ।

- आर्थिक विकास योजना : यस योजना अर्न्तगत कृषि, पशुपालन, वागवानी, वनमा आधारित आर्थिक क्रियाकलाप, खनिज सम्पदा, भूमि व्यवस्था, खाद्य सुरक्षा, उद्योग, बाणिज्य, आपुर्ति र पर्यटनमा आधारित आर्थिक कृयाकलाप, घरेलु तथा साना उद्यम विकासका कार्यक्रमहरु समेटिएका छन् ।

- सामाजिक विकास योजना : यस योजना अन्तर्गत वसाइसराई व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, जनताको सामाजिक सम्पत्तिमा पहुँच, सामुदायिक स्रोत विकास, लैंगिक, जातिगत, वालविकास, वृद्ध, असहाय, दलित, अपाङ्गहरुको सामाजिक हैसियत र सहभागिता सुनिश्चित गर्ने सामाजिक सुरक्षाका कार्यक्रमहरु, युवा तथा खेलकुद विकासका कार्यक्रमहरु समेटिएका छन् ।

- वातावरण तथा विपद् व्यवस्थापन योजना : यस अन्तर्गत सरसफाई, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक वातावरणको संरक्षण, सास्कृतिक वातावरणको संरक्षण, नदी नियन्त्रण, भूस्खलन नियन्त्रण, वन संरक्षण र उपयोग, उच्च हिमाली क्षेत्रको संरक्षण र विकास प्रवर्द्धन, पर्यावरणीय (जलवायु) अनुकुलन कार्यक्रमहरु समेटिएका छन् । जोखिमयुक्त स्थानहरुको पहिचान गरी भूकम्प, आगलागि, वाढी, पहिरो, सुख्खा खडेरी र महामारी जस्ता विपद्हरुको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात् उद्धार र पुर्नस्थापनाका कार्यक्रमहरु समावेश गरिएका छन् ।

- वित्तीय व्यवस्थापन योजना : यस योजना अन्तर्गत गाउँपालिकाको आय-व्ययको विश्लेषणका आधारमा आगामी योजना अवधिको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँपालिकाको वजेटको क्षेत्रगत वाँडफाँड, आन्तरिक राजश्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय वाँडफाँड र हस्तान्तरण, खर्चको वाँडफाँड र व्यवस्थापनको योजना समेटिएको छ ।

- शुसाशन र संस्थागत विकास योजना : यस अन्तर्गत गाउँपालिकामा शान्ती र सुरक्षा, न्याय प्रणाली, वित्तिय अनुशासन, सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन, लेखा र अभिलेखहरुको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरुसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढिकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास, जस्ता कार्यक्रमहरु समेटिएका छन् ।

- अर्न्तसम्बन्धित विषयहरुको योजना: यस अन्तर्गत माथि उल्लेखित योजनाहरुसँग अर्न्तसम्बन्धित विषयहरु– तथ्यांक प्रणाली, गरिबी निवारण, श्रम तथा रोजगारी, जनशक्ति उद्यमशिलता विकास, अनुसन्धान र विकास, समता र समावेशीकरण, सामाजिक सुधार, सामाजिक सांस्कृतिक विविधता, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरुसँगको सहकार्य जस्ता विषयहरु समेटिएका छन् ।

- योजना तथा कार्यक्रम कायान्वयन योजना : यस अन्तर्गत विभिन्न क्षेत्रगत योजनाहरुको वर्गीकर्ण गरी गाउँपालिका, वडा, प्रदेश र संघीय कार्यक्मको तादात्म्यता र जिम्वेवारी बाँडफाँड गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुको अनुगमन र मूल्यांकनको योजना प्रस्तुत गरिएको छ ।

### १.६.२ आवधिक योजनाका सीमा(Limitation of the Periodic Plan)

यो आवधिक योजना तयार गर्दा निम्नलिखित सीमाहरुलाई मध्यनजर राखिएको छ :

- पुर्नगठित गाउँपालिका पूर्वका स्थानीय तहको एकिकृत तथ्यांकको अभावमा लामो समयको प्रबृत्तिगत विश्लेषण गर्न नसकिएको ।
- वडा भेलामा सहभागीहरुका विचार प्रतिनिधिमुलक रुपमा आवधिक योजनामा समावेश भएको ।
- स्रोत साधान र समयको सीमिततताको कारणले वडाबासीहरुका सम्पूर्ण अपेक्षा र आकांक्षाहरु योजनामा समेटन नसकिएको ।
- यो आवधिक योजना ताराखोला गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले कतिपय द्धितीय स्रोतबाट प्राप्त हुनु पर्ने तथ्यांकहरु पर्याप्त रुपमा उपलब्ध हुन नसकेको ।
- गाउँपालिकाका विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको ।

## १.७आबधिक योजना निर्माण विधि र प्रकृया(Methodology and Process)

### १.७.१ योजना निर्माण विधि

#### १.७.१.१ पूर्वअध्ययनहरुको पुनरावलोकन(Literature Review)

पूर्व अध्ययनहरुको कममा आवधिक योजनासँग सम्वन्धित गाउँपालिकाको बस्तुगत विवरण, आ.ब. २०७४/०७५ र २०७५/०७६ को वार्षिक बजेट नीति तथा कार्यक्रम, जिल्ला वस्तुगत विवरण २०७४, प्रदेशको स्थितीपत्र, २०७५, राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको स्थानीय तहमा आबधिक विकास योजना तर्जुमा प्रक्रिया स्थानीय तहका पदाधिकारीलाइ प्रशिक्षण प्रयोजनको लागि तयार गरिएको संक्षिप्त निर्देशिका २०७५ र सम्बन्धित अध्ययन प्रतिवेदन, जानकारी तथ्यांक तथा नक्साहरुको अध्ययन गरिएको छ । यसका अतिरिक्त ताराखोला गाउँपालिकामा हाल आवद्ध साविक गाँउ विकास समितिका सूचनाहरु सुक्ष्म रुपमा अध्ययन गरिएको छ । यो योजना निर्माणको क्रममा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा आधारित प्रकाशित प्रतिवेदन, जर्नल, लेखहरु र सन्दर्भ पुस्तकहरुको समेत सिंहावलोकन गरिएको छ ।

### १.७.१.२ तथ्याङ्क एवं सूचना संकलन(Data Collection)

प्रतिवेदन तयारीका क्रममा द्वितीय श्रोतवाट प्राप्त आधिकारिक सूचनाहरुलाई समावेश गरिएको छ । ताराखोला गाउँपालिकाको बस्तुगत विवरण २०७४ लाई आधार तथ्यांक (Baseline data) को रुपमा लिइएको छ । यस अतिरिक्त अन्य द्वितीय श्रोतहरु अन्य गाउँपालिका तथा नगरपालिकाका पूर्व आवधिक योजनाको अध्ययन समेत गरिएका छ ।

यसका अलावा सडक, खानेपानी, विद्युत, जलसम्पदा, जंगल, जमिन, आदिसँग सम्वन्धित सूचनाहरु गाउँपालिकाका विभिन्न स्थानहरुमा वडास्तरीय भेला गरी गुणात्मक तथा मात्रात्मक सूचना समेत संकलन गरिएको छ । साथै मुख्य सूचनादाता (Key informants) वाट प्राप्त सूचनाहरु, अभिमत र सुझावहरुलाई समेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको छ ।

**क) निर्देशक समिति तथा विषयगत समितिहरुसंग छलफल**

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा गाउँपीलिकाका प्रमुखको संयोजकत्वमा गाउँपालिकाका कार्यकारी अधिकृत तथा पदाधिकारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, गाउँपालिकाको विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरु, गैर-सरकारी तथा अन्य संघ-संस्थाका प्रतिनिधिहरु, स्थानीय बुद्धिजीवी, दलित, पिछडिएका वर्ग, अपांग तथा महिला प्रतिनिधिहरु रहेको निर्देशक समितिसँग छलफल गरिएका छ । गाउँपालिकामा विद्यमान विभिन्न विषयगत समितिहरु जस्तै : आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास तथा वित्तीय व्यवस्थापन विकास समितिसँग गाउँपालिकामा गरिनुपर्ने विविध विषयगत योजना तथा कार्यक्रम र सो क्षेत्रमा कसरी विकासको खाका तयार गर्न सकिन्छ भन्ने विषयमा समेत विस्तृत छलफल गरिएको थियो । प्रत्येक विषयगत समितिहरुसँग छलफल गरी छलफलको निचोडलाई आवधिक योजनामा समावेश गरिएका छ ।

**ख) श्रोत व्यक्तिहरुसंगको छलफल**

गाउपालिकाको आवधिक योजना तयार गर्ने सिलसिलामा यस गाउँपालिकासँग सम्वन्धित विभिन्न व्यक्तिहरुलाई श्रोत व्यक्तिहरुको रुपमा अर्न्तवार्ता लिइ सूचना संकलन गर्ने काम गरिएको थियो । आवधिक योजना तर्जुमाको सिलसलामा यस गाउँपालिकाका विभिन्न क्षेत्रहरु रोजगारी, व्यवसाय, राजनीति र अध्यापन तथा प्रध्यापनमा संलग्न व्यक्तिहरुसँग छलफल गरिएको थियो । यसको साथै नेपाल सरकारको उच्च तहदेखि जिल्ला तथा गाउँपालिका स्तरमा कर्मचारीहरु र राजनितिक व्यक्तित्वहरुसँग समेत छलफल गरी, उनीहरुको राय समेत संकलन गरिएको छ । यसरी स्रोत व्यक्तित्वहरुबाट प्राप्त सुझाव, अभिमत र सौँचहरुले यो योजना निर्माणमा उल्लेख्य योगदान पुर्‍याएको छ ।

**ग) वडास्तरीय बृहत भेला तथा अपेक्षा संकलन**

गाउँपालिका आवधिक योजना तर्जुमा गर्नको लागि निर्देशक समिति तथा विषयगत समिति गठन पश्चात् प्रत्येक वडामा वडा अध्यक्ष, निर्वाचित वडा समिति सहितको वडा भेलामा छलफलका लागि परामर्शदाताबाट तयार पारिएका चेक लिष्ट पठाइएको थियो । यसबाट वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण गर्ने तथा समस्या न्यूनीकरणको लागि सुझावहरु संकलन गरिएका थियो ।

यसरी नै गाउँपालिकाको क्षेत्रगत आधारमासबै वडाका क्षेत्रगत प्रतिनिधिहरुको प्रतिनिधित्व हुने गरी छलफल तथा अन्तर्क्रियाबाट आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्य तथा कार्ययोजना निर्धारणमा राय संकलन गरिवडाका अपेक्षा पहिचान समेत गरिएको थियो । त्यसैगरी परामर्शदाताका प्राविधिक समूहहरुबाट विभिन्न समूह विभाजन गरी ती समूहमा सहजीकरण गरी चेक लिष्टबाट आएका आवश्यकता तथा कार्यक्रमहरुको पुनः छलफल र विश्लेषण गरी प्राथमिकताका आधारमा आगामी ५ वर्षको योजनाको मार्गचित्र तयार गरीयो । यस मार्गचित्रलाई परामर्शदाताका विज्ञ टोलीबाट सोही क्षेत्रका स्थानीय बुद्धिजिबि, राजनीतिक दलका प्रतिनिधि तथा विषयविज्ञहरुसँगको छलफलबाटसुझाव समेत संकलन गरिएका थियो ।

**घ) स्थलगत सर्वेक्षण तथा प्रमाणीकरण**

परामर्शदाताको स्थलगत अध्ययन टोलीले गाउँपालिकाको प्रत्येक वडा र टोल भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी संकलन गरेको छ । सबै वडाहरुमा वडा भेला गरी संकलित तथ्यांकहरु वडामा गठित सम्पर्क समितिसँगको छलफलबाट पुनः अध्यावधिक गरिएका छ । यस सन्दर्भमा मुख्य रुपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरु जस्तै : सडक, संचार, विद्युत, खानेपानी आदिका सम्वन्धमा सर्वेक्षण, अवलोकन तथा स्थलगत अध्यन गर्ने कार्य गरिएको छ ।

वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा गठित वडा सम्पर्क समिति मार्फत प्राथमिकीकरण गरिएका छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ ।

**१.७.१.३ तथ्याङक विश्लेषण (Data Analysis)**

गाउपाँलिकाको रणनैतिक योजना, कार्यक्रम तथा अल्पकालीन र दीर्घकालीन आयोजनाहरु छनौट गर्नको लागि तथ्यांक विश्लेषणको महत्वपूर्ण स्थान हुन्छ । आयोजना छनौंटका लागि समष्टिगत विकासको चुनौति र सम्भावनाहरुको सन्दर्भमा प्राप्त तथ्यांक र सूचनाहरुलाई विस्तृत रुपमा विश्लेषण गरिएको छ । स्थलगत अध्ययन भ्रमण, वडा भेला, सामुहिक छलफल, अर्न्तक्रिया र विज्ञ व्यक्तिको रायसुझावका साथै द्धितीय स्तरका तथ्यांकहरुको आधारमा तल उल्लेख गरीए बमोजिम तथ्यांक विश्लेषण गरिएको छ ।

क) भौगोलिक अवस्थाको वर्णन र विश्लेषणः

गाउँपालिकाको भौगोलिक अबस्थाको विश्लेषण गर्ने क्रममा यसको भू-भौतिक अवस्था, क्षेत्र, अबस्थिति, भू-स्वरुप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भौगोलिक अवस्थाको परिणाम स्वरुप उत्पन्न सम्भावना र चुनौतिहरुलाई पनि विश्लेषण गरिएका छ । साथै विश्लेषण गने क्रममा भौगोलिक अवस्थिे तिले विकासमा पारेको चुनौति, वास्तविकता समेतलाई कसरी योजनागत हिसाबमा समेट्न सकिन्छ, कुन कुन क्षेत्रगत योजनालाई प्राथमिकता दिंदै विकास आयोजनाहरु सञ्चालन गरिनुपर्दछ भन्ने कुरालाई ख्याल गरिएको छ । यसले गर्दा क्षेत्रगत विशिष्टताका आयोजनाहरु तथा रणनैतिक दीर्घकालीन आयोजनाहरुको छनौटमा समेत मद्दत पुगेको छ ।

ख) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषणः

जनसंख्याको वनावट, जनसंख्या बृद्धि, भाषा, धर्म सँस्कृति, रीतिरिवाज, परम्परा, बसाइसराइ, जनसंख्याको प्रक्षेपण आदि सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण गरिएका छ। यी तथ्यांकल भविष्यमा गाउँपालिकाका कार्य कस्तो किसिमको रुपमा विकास गराउने भन्ने कुराको मूल्याङकन र प्रक्षेपण गर्न मद्दत पुग्न छ। त्यसैगरी अध्ययन क्षेत्रको सामाजिक अवस्था थाह पाउनका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएका छ । यसैगरी भविष्यको लागि विकास निर्माणमा प्राथमिकता दिनुपर्ने क्षेत्र, सामाजिक रुपमा समावेसीकरणको सिद्धान्त अवलम्बन गनुपर्ने पक्षहरु, शिक्षा, स्वास्थ्य, सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता बिषयमा समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउने छ।

ग) आर्थिक अवस्थाको विश्लेषण

आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको आर्थिक अवस्थाको प्रबृत्तिलाई समेत विश्लेषण गर्नु पर्दछ। यस्तो विश्लेषणले भविष्यमा कस्तो र कुन रुपमा विकास गर्ने, मुख्य आर्थिक गतिविधि के हुने ? यस्ता आर्थिक गतिविधिबाट गाउँपालिकाको विकासको लागि कस्तो फाइदा पुग्ने ? भन्ने सन्दर्भमा जानकारी लिन सकिन्छ। बस्तीलाई भविश्यमा कति क्षेत्रमा विस्तार गर्न सकिने, कुन क्षेत्रमा विस्तार गर्न सकिने, छरिएर रहेको कुन कुन बस्तीलाई कहाँ एकिकृत गर्ने साथै कस्तो प्रकारको आर्थिक क्रियाकलापमा ध्यान केन्द्रित गर्न सकिन्छ भन्ने कुरा जानकारीको लागि गाउँपालिकाले खेलेको भूमिका, आर्थिक आम्दानीका श्रोतहरु, बसाँइसराइँको प्रभाव आदि कुराहरुमा समेत ध्यान दिइएको छ। यसका साथै गाउँपालिकाको विगत दुई वर्षको आयव्यय विवरणको आधारमा ५ वर्षको आम्दानी प्रक्षेपण समेत गरी सो आधारमा आगामी ५ वर्षको गाउँपालिकाको व्ययको योजना तयार गरिने हुँदा गाउँपालिकाको आयोजना छनौट तथा योजना तर्जुमामा समेत सहयोग पुगेको छ।

घ) भौतिक र वातावरणीय अवस्थाको विश्लेषण

भौतिक विकासका पूर्वाधारमध्ये सडक तथा ढल, यातायात, सञ्चार, नदी नियन्त्रण, पिउनेपानीको उपलब्धता, विद्युत आदिको अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रको व्यवस्थित विकास गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको विकासमा जोड दिनु पर्दछ। यस क्रममा दीगो विकास र विस्तारको लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ। विद्यमान वातावरणीय अवस्थालाई विशेष ध्यान दिई वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला नियन्त्रण तथा प्रदूषण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयहरु समावेश गरिएको छ।

## १.७.२ योजना तर्जुमाको प्रकृया(**Plan Formulation Process**)




चित्र १.१ आबधिक योजना निर्माण प्रकृयाको प्रवाह

क) वंगलाचुली गाँउपालिकाको अग्रणी क्षेत्र पहिचान विश्लेषण

प्रत्येक गाउँ वा शहरका भविष्यमा हुने विकासका दृष्टिले आ-आफ्नै विशेष सम्भावनाहरु हुन्छन् र यिनै सम्भावनाहरुले बस्तीहरुको विकासको खाका कोर्ने गरेको हुन्छ । यही विशेष सम्भावनालाई अग्रणी क्षेत्र भनिन्छ, जुन उक्त क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ साथै बस्तीको विकास र विस्तारलाई निर्देशित गर्दछ । आवधिक योजना तयारीको सन्दर्भमा बस्तीको सम्भावित विस्तार र विकासको विश्लेषणमा अग्रणी क्षेत्रले ठूलो भूमिका खेल्दछ । ताराखोला गाउँपालिकाको मुख्य अग्रणी क्षेत्रहरुमा: कृषि, पूर्वाधार, जलस्रोत, सामाजिक विकास, पर्यटन, उद्योग, वातावरण तथा आर्थिक क्रियाकलाप रहेका छन् । तसर्थ यसै दृष्टिकोणमा गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान गरिएको छ र सोही आधारमा योजनाहरु समेत तयार पारिएको छ ।

ख) अपेक्षा पहिचान

विकास योजना तर्जुमा र विकास निर्माणको क्रममा समस्याहरुलाई पहिचान गर्दै क्रमबद्ध रुपमा विश्लेषण गरिएको छ । ताराखोला गाउँपालिकाको समस्या पहिचान गर्दा स्थलगत अध्ययनमा बस्तीहरुमा देखिएका मुख्य समस्याहरु अबलोकन तथा मूख्य सूचनादाताहरुको छलफलबाट जानकारी प्राप्त गरिएको छ । छलफल तथा अर्न्तक्रियाको क्रममा गाउँपालिकाका प्रतिनिधिहरु, विज्ञ समूहहरु लगायत अन्य निकायका प्रतिनिधिहरु तथा स्थानीय तहका विभिन्न पेशा, वर्ग र समूहहरुसँग आबद्ध विद्वान, समाजसेवी, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, सम्बन्धित क्षेत्रका सर्वसाधारणहरुसँग बैठक आयोजना गरी मुख्य समस्याहरु पहिचान गरिएको छ । यस्तो सहभागितामुलक छलफलमा धेरै भन्दा

धेरै मानिसको सहभागिता गराउने प्रयास गरिएको छ। जसले गर्दा वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग पुगेको थियो । यस्तो छलफलबाट एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर गाउँपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ । अपेक्षा पहिचान गर्दा वडागत तहमा देखिएका मुख्य समस्याहरु समेत पहिचान गरिएको छ। यसले वडागत आयोजना तथा रणनैतिक योजना तर्जुमामा महत्वपूर्ण सहयोग पुगी गाउँपालिकाको ५ वर्षे आवधिक योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न तथा अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन समेत विशेष सहयोग पुगेको छ ।

ग) रणनीतिक योजना तयारी

रणनीतिक योजनाहरुले गाउँपालिकाको दीर्घकालीन समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ भने यसैका आधारमा गाउँपालिकालाई भविष्यमा कुन दिशातर्फ विस्तार र विकास गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्दछ । तसर्थ रणनैतिक योजनाले गाउँपालिकाको अग्रणी स्रोतहरुको आधारमा योजना तर्जुमा गर्न सहयोग पुऱ्याउँदछ भने भू-उपयोग नीतिलाई कार्यान्वयन गरी भविश्यको विकासलाई मार्ग निर्देश गर्न सहयोग गर्दछ । दीर्घकालीन रुपमा गाउँपालिकाको विकासको लागि दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता पर्दछ जसले गाउँपालिकाको समस्या समाधान तथा विद्यमान मुख्य सम्भावनालाई सम्बोधन गर्न सक्दछ । त्यसैले यस अन्तर्गत गाउँपालिकाको दीर्घकालीन विकासको लागि स्थानीय, प्रादेशिक तथा राष्ट्रिय महत्व भएका रणनीतिक योजनाहरु प्रस्ताव गरिएको छ र सोही अनुसारको विकास योजना सञ्चालन गरिने कार्ययोजनाहरु प्रस्ताव गरिएको छ । गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरी सोही अनुसार क्षेत्रगत योजना तर्जुमा गरी मुख्य आयोजनाहरुलाई तर्कबद्ध प्रणाली (Logical Framework Analysis)मा समेत राखिएको छ । यस्ता योजना र कार्यक्रमहरुलाई स्थानीय तहका प्रमुख लगानीकर्ताहरु र गाउँपालिकासँग सम्बन्धित वाणिज्य संघसंस्थाहरु, सम्बन्धित सरकारी र गैरसरकारी संघसंस्थाहरु र स्थानीय राजनैतिक दलहरुसँग छलफल गरी अन्तिम निर्णयमा पुगिएको छ भने उनीहरुको भूमिका र योगदानमा समेत जोड दिइएको छ । यी रणनीतिक योजनाहरुले विद्यमान समस्याहरुलाई सम्बोधन गर्नुका साथै भविश्यमा अग्रणी क्षेत्रहरुलाई ग्रहण गर्दै निरन्तर रुपमा विकास दीगो भै अघि बढाउन मद्दत गर्ने छ र गाउँपालिकाको दीर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य हाँसिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

घ) नक्साकनं तथा विश्लेषण

गाउँपालिकाको भौतिक पूर्वाधारहरु जस्तै सडक, ढल, खानेपानी, विद्युत, संचार लगायत पूर्वाधारहरु नक्साङकनद्धारा प्रस्तुत् गरिएको छ भने सामाजिक पूर्वाधारहरु जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक मठमन्दिर लगायतलाई नक्सांकन गरिएको छ । साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरुको पहिचानको नक्सांकन र वर्तमान भू-उपयोगको स्थितिनक्सांकन सहितको विश्लेषण गरिएको छ ।

- अवस्थिति तथा राजनैतिक विभाजन
- भौगोलिक स्वरुप
- नदीप्रवाह तथा जलाधार
- जमिनको ढाल तथा पाखाको मोहोडा
- हावापानी तथा बनस्पति
- वर्तमान भू-उपयोग
- बस्ति बितरण तथा जनघनत्व
- सेवा प्रवाह
- बिद्यालय

- पुलपुलेसा, जलबिद्युत तथा खनिज
- पर्यटकीय तथा ऐतिहासिक क्षेत्र
- पदमार्ग

ङ) विषयगत विकास योजनाहरुको तर्जुमा

विकास योजना भनेको अर्थतन्त्रको सबै विषयगत वा क्षेत्रगत योजनाहरुको समग्रता हो । यस अन्तर्गत भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षण र व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र वित्तीय विकास योजनाहरु समेटिएका हुन्छन् । गाउँपालिकाको यस आवधिक योजनामा उपरोक्त सबै क्षेत्रगत योजनाहरुलाई वस्तुगत रुपमा विश्लेषण गरी ५ वर्षकालागि विभिन्न लक्ष्यहरु राखी कार्यक्रमहरु प्रस्ताव गरिएको छ । सबै योजनाहरुको कार्यक्रमका उपलब्धीका सूचकहरु, आधारहरु र मान्यताहरु समेटेर तर्कवद्ध ढाँचामा सबै विषयगत योजनाहरु निर्धारण गरिएको छ ।

च) योजना कार्यान्वयन रणनीति

योजना तर्जुमा जति महत्वपूर्ण छ त्यत्तिकै कार्यान्वय रणनीति पनि महत्वपूर्ण मानिन्छ । प्रायगरी योजनाहरु बनाइन्छन् तर सही रुपमा कार्यान्वयन हुन नसकेको परिप्रेक्ष्यमा कार्यान्वयन र अनुगमन पक्ष बलियो बनाउनु जरुरी हुन्छ । गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई सजग गराउँदै सम्बद्ध निकायहरुलाई सक्रिय बनाउनु पर्दछ । यसका लागि सबै सरोकारवाला निकायसँग अन्तर्क्रिया गरी कार्यान्वयनमा संलग्न गराउन जोड दिनु पर्दछ भने आयोजनाको लगानीका लागि बहुपक्षीय छलफल गरी बहुक्षेत्रगत लगानी योजनालाई समेत यस योजनामा समावेश गरिएको छ । यस्ता बहुक्षेत्रगत लगानी कार्ययोजनाले कुन निकायले कुन वर्ष कति लगानी गर्ने भन्ने कुराको समेत जानकारी दिन्छ भने सम्बद्ध निकायलाई बढी उत्तरदायी बनाउन मद्दत गर्दछ ।

## १.८ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति र छलफल(Preliminary Report Writing, Presentaion and Discussion)

गाउँपालिका र कार्यालयमा वडागत छलफल तथा अन्तर्क्रियाबाट आएका सुझावहरुलाइ समेत सकलन गरिएको थियो । प्राप्त राय तथा सुझावहरुलाई मस्यौदा प्रतिवेदनमा समावेश गरिएको छ । उपयुक्त प्रस्तुतीकरणमा प्राप्त सुझावहरुलाई समावेश गरी योजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको थियो ।

## १.९ आवधिक योजनाको अन्तिम प्रतिवेदन (Final Periodic Plan Report)

मस्यौदा प्रतिवेदनमाथि विभिन्न अर्न्तक्रिया तथा छलफलवाट प्राप्तसुझावहरुलाई पुन आवधिक योजनामा समावेश गरी गाउँपालिकाको ५ वर्षे आवधिक विकास योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको ।

## १.१० प्रतिवेदनको संगठन(Organization of the Report)

यस आवधिक योजनालाई विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । प्रथम परिच्छेदमा आवधिक योजनाको परिचय र विधिलाई समावेश गरिएको छ । द्धितीय परिच्छेदमा गाउँपालिकाको वस्तुस्थिति विवरण, तेस्रो परिच्छेदमा योजनाको समष्टिगत खाका, चौथोमा समष्टिगत आर्थिक नीति, पाँचौ परिच्छेदमा आर्थिक क्षेत्र समावेश गरिएको छ । त्यसैगरी परिच्छेद छैठौमा सामाजिक क्षेत्र, सातौमा पूर्वाधार क्षेत्र, आठौमा संस्थागत विकास र सुशासन, नवौंमा अन्तरसम्बन्धित विषय समावेश भएका छन भने अन्तिम परिच्छेदमा योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसमावेश गरिएको छ । यसका साथै अनसूचिहरुमा वडास्तरीय आयोजना तथा कार्यक्रमसमावेश गरिएका छन् ।

# परिच्छेद -२

## बंगलाचुलीगाउँपालिकाको वस्तुस्थिति विवरण
## (Profile of Tarakhola Rural Municipality)

### २.१ भौगोलिक अवस्थिति

बंगलाचुली गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लाको पूर्वोत्तर दिशामा रहेको छ । नेपालको संबिधान २०७२ अनुसार राज्य पुनसंरचना गर्ने सिलसिलामा नेपालको प्रदेश नं ५ अन्तर्गत दाङ जिल्लामा पर्ने यो बंगलाचुली गाँउपालिकाको स्थापना साविकका स्यूजा (१-९), काभ्रे (१-९), लोहारपानी (१-९) र हाँसिपुर (३-९) गरि ४ वटा साविकका गा.वि.स समावेश गरी २०७३ फाल्गुन २२ गते गाउँपालिका घोषणा गरिएको हो । गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । बंगलाचुली गाउँपालिका भौगोलिक हिसाबले ८२ डिग्री ३२ मिनेट देखि ८२ डिग्री ८६ मिनेट पूर्वी देशान्तर सम्म र २७ डग्री ५२ मिनेट देखि २८ डिग्री ०८ मिनेट उत्तरी अक्षांशसम्ममा फैलिएको छ । २४५.१४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्व र उत्तरमा प्यूठान जिल्ला, पश्चिममा घोराही उ.म.न.पा., दक्षिणमा राप्ती गाउँपालिका र लमही नगरपालिका पर्दछन् । बंगलाचुलीको औषत अधिकतम तापक्रम ३४.९ डिग्री सेल्सियस पुग्छ भने हिउँदमा औषत न्यूनतम ४.८ डिग्री सेल्सियस सम्म रहन्छ । यस गाउँपालिकाको पूर्व र उत्तरमा  प्युठान जिल्ला अन्तर्गत सरुमारानी गाउँपालिका, माण्डवी गाउँपालिका र स्वर्गद्वारी नगरपालिका, पश्चिममा दाङ जिल्लाको घोराही उप-महानगरपालिका र दक्षिणमा दाङ जिल्लाका राप्ती गाउँपालिका र लमही नगरपालिका रहेका छन । गाउँपालिकाको अधिकांश क्षेत्र वनजंगल सहित पहाडी भूभागले ओगटेको भए पनि खेतीयोग्य उर्वर जमिन पनि उल्लेख्य मात्रामा रहेको छ। जल, जंगल, जमिन, जनावर र जडिबुटीको प्रचुर संभावना भएको यस गाउँपालिकाको नजीकै प्रशिद्ध तिर्थस्थल स्वर्गद्वारी पर्दछ।



## २.२ राजनीतिक अवस्थिति

नेपालको संबिधान २०७२ ले परिलक्षित गरेको राज्य पुनसंरचनाको अवधारणा अनुसार तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहायबमोजिम साविकका गा.वि.स.हरू स्युजा, काभ्रे, लोहारपानी र हाँसीपुर (वडा नं. १ र २ बाहेक) लाई समेटेरदेहायबमोजिमका ८ वडा वडाहरू कायम गरी यो गाउँपालिकाको निर्माण गरिएको हो ।

तालिका नं. १: बंगलाचुली गाउँपालिकाको वडा विभाजन

| हाल कायम गरिएको वडा नं | समावेश भएका साविक गा.वि.स. तथा वडाहरू | क्षेत्रफल |
|---|---|---|
| १ | स्युजा # ४, ५, ६, ७, ८ | २३.४९ |
| २ | स्युजा # १, २, ३, ९ | १८.०७ |
| ३ | काभ्रे # ६, ७, ८, ९ | २८.७३ |
| ४ | काभ्रे # १, २, ३, ४, ५ | २८.४२ |
| ५ | लोहारपानी # ३, ४, ५, ६, ७ | २७.० |
| ६ | लोहारपानी # १, २, ८, ९ | २६.९३ |
| ७ | हाँसीपुर # ३, ४, ५, ६ | ३६.३९ |
| ८ | हाँसीपुर # ७, ८, ९ | ५६.११ |
| जम्मा | | २४५.१४ |

स्रोतः गाँउ कार्यपालिकाको कार्यालय, २०७७

## २.३ धरातलीय अवस्था

गाउँपालिकाको भौतिक अवस्थाको विवरण तयार पार्दा यहाँको धरातलीय अवस्थाका बारेमा उल्लेख गर्नु अनिवार्य हुन्छ।दक्षिण एसिया क्षेत्रमै सबैभन्दा ठुलो मानिएको दाङ उपत्यकाको सबैभन्दा पूर्वी भाग जहाँ महाभारत पर्वत श्रृङ्खलाको अधिकांश भू-भाग र दक्षिणतर्फ चुरे भू-भागको केही अंश अर्थात महाभारत र चुरेको संगमस्थल समेत रहेको यो गाउँपालिकामा अधिकांश क्षेत्रफल पहाडी थूम्का, भीर, पहरा, खोंच, खोलाहरूले निर्माण गरेको बेशी क्षेत्रहरूले बनेको छ।कुल २४५.१४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको अधिकांश भू-भाग वनजंगलले ओगटेको छ ।क्षेत्रफलका हिसाबले मध्यम आकारको र महाभारत पर्वत श्रृखलामा रहेको यस गाउँपालिकामा धरातलीय विविधता भने पाईन्छ ।भू-धरातलीय स्वरुपले विकास निर्माणमाअहम्भूमिकाखेल्दछ। उचाईको भिन्नता हेर्दा समुद्र सतहबाट३६० मी. देखि १८०० मी. .सम्मको भिन्नता रहेको पाईन्छ।यसरी गाउँपालिकाको समग्र भू-गोल उच्च हिमाली क्रिष्टलाईन निर्माणको चरणमा निर्माण भएकाले यी पहाडहरू महालङ्गुर हिमश्रृङखला अन्तर्गत पर्दछन् ।

### प्राकृतिक सम्पदा

यस गाउँपालिकामाचुनढुङ्गा र कोइलाको भण्डार रहेको छ ।




**साँस्कृतिक उत्कृष्टता**

राष्ट्रिय र अन्तराष्ट्रियरूपमै ख्याति कमाएको प्रसिद्धस्वर्गद्वारी धामको प्रमुख प्रवेशद्वारको रुपमा यो गाउँपालिका रहेको छादेवीकोटतथा बागेश्वरी मन्दिर रहेको यो पालिका मगर संस्कृतिको केन्द्रको रुपमा रहेको छ।

## २.४ विकासका संभावनाहरु

यस गाउँपालिकाको एक मात्र प्रमुख सम्पदा नै यहाँको वनजंगल भएकोले आर्थिक समृद्धिको आधार नै यो वनजंगललाई बनाउनुपर्छ । विशेषत वनजंगलको दिगो र वैज्ञानिक व्यवस्थापन मार्फत उच्च प्रतिफमुखी कार्यक्रमहरू जस्तै कृषिबन (Agro–Forestry) अन्तर्गत फलफूल तथा जडिबुटी खेति, पर्यापर्यटन, हरित क्षेत्र विकास, पशुपालन जस्ता कार्यक्रमहरूलाई व्यावसायिकरूपमा सञ्चालन गर्नु श्रेयस्कर देखिन्छ। विकास निर्माणको क्रियाकलापहरू सञ्चालन गर्न त्यहाँको भू-बनोट महत्वपुर्ण हुने भएता पनि यहि जटिलता बीच उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग गरी जंगल, जडिबुटी, फलफूल उत्पादन, पशुपालन, पर्यटन विकास, खानीको उत्खनन् जस्ता क्रियाकलापहरूलाई सघन र दिगोरूपमा सञ्चालन गरी आर्थिक समृद्धि हासिल गर्न सकिन्छ। यसको अलावा खेतियोग्य जमिन भने २० प्रतिशत भन्दा कम रहेको यस पालिकामा त्यही जमिनको पूर्ण सदुपयोग गरी व्यावसायिक र वैज्ञानिक खेतिपाती प्रणाली अबलम्बन गरी कृषि क्षेत्रको व्यापक विकास गर्नु उत्तम देखिन्छ।यो गाउँपालिकामा चुनढुङ्गा र कोइलाको भण्डार रहेकाले त्यसको उत्खनन्बाटसमेत आर्थिक लाभ लिन सकिन्छ।यसका साथै राष्ट्रिय र अन्तराष्ट्रियरूपमै ख्याति कमाएको प्रसिद्धस्वर्गद्वारी धामको प्रमुख प्रवेशद्वारमा रहेको यो गाउँपालिकाले धार्मिक पर्यटनमार्फत समेत लाभ लिन सकिन्छ।विश्वकै सबैभन्दा ठुलो हिन्दु जनसङ्ख्या भएको भारतबाटस्वर्गद्वारी आउने पर्यटकको सङ्ख्या उल्लेख्य भएकाले पर्यटन पूर्वाधारको विकासमार्फत राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटकको बसाई लम्ब्याउने क्रियाकलाप सञ्चालन गर्न सके गाउँपालिकाको आर्थिक समृद्धिमा यो सहायक सिद्धहुन सक्छ।यसर्थ यो गाउँपालिकाका विकासका आधारशिलाहरू वन, कृषि, खानी र पर्यटन हुन् ।

स्रोतः गाउँपालिका प्रोफाइल

का स्युजा, काभ्रे,




लोहारपानी र हाँसीपुर गरि ४ वटा गा.वि.स.हरु मिलेर २०७३ सालमा बनेको हो । यस बंगलाचुली

## १.१. ऐतिहासिक चिनारी तथा नामाकरण

## १.२. राजनीतिक अवस्थिति

नेपालको संबिधान २०७२ ले परिलक्षित गरेको राज्य पुनसंरचनाको अवधारणा अनुसार तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहायबमोजिम साविकका गा.वि.स.हरू स्युजा, काभ्रे, लोहारपानी र हाँसीपुर (वडा नं. १ र २ बाहेक) लाई समेटेरदेहायबमोजिमका ८ वडा वडाहरू कायम गरी यो गाउँपालिकाको निर्माण गरिएको हो ।

तालिका नं. १:बंगलाचुली गाउँपालिकाको वडा विभाजन

| हाल कायम गरिएको वडा नं | समावेश भएका साविक गा.वि.स. तथा वडाहरू | क्षेत्रफल |
|---|---|---|
| १ | स्युजा # ४, ५, ६, ७, ८ | २३.४९ |
| २ | स्युजा # १, २, ३, ९ | १८.०७ |
| ३ | काभ्रे # ६, ७, ८, ९ | २८.७३ |

| हाल कायम गरिएको वडा नं | समावेश भएका साविक गा.वि.स. तथा वडाहरू | क्षेत्रफल |
|---|---|---|
| ४ | काभ्रे # १, २, ३, ४, ५ | २८.४२ |
| ५ | लोहारपानी # ३, ४, ५, ६, ७ | २७.० |
| ६ | लोहारपानी # १, २, ८, ९ | २६.९३ |
| ७ | हाँसीपुर # ३, ४, ५, ६ | ३६.३९ |
| ८ | हाँसीपुर # ७, ८, ९ | ५६.११ |
| जम्मा | | २४५.१४ |

स्रोतः गाँउ कार्यपालिकाको कार्यालय, २०७७

## १.३. धरातलीय अवस्था

गाउँपालिकाको भौतिक अवस्थाको विवरण तयार पार्दा यहाँको धरातलीय अवस्थाका बारेमा उल्लेख गर्नु अनिवार्य हुन्छ।दक्षिण एसिया क्षेत्रमै सबैभन्दा ठुलो मानिएको दाङ उपत्यकाको सबैभन्दा पूर्वी भाग जहाँ महाभारत पर्वत श्रृङ्खलाको अधिकांश भू-भाग र दक्षिणतर्फ चुरे भू-भागको केही अंश अर्थात महाभारत र चुरेको संगमस्थल समेत रहेको यो गाउँपालिकामा अधिकांश क्षेत्रफल पहाडी थूम्का, भीर, पहरा, खोंच, खोलाहरूले निर्माण गरेको बेशी क्षेत्रहरूले बनेको छ।कुल २४५.१४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको अधिकांश भू-भाग वनजंगलले ओगटेको छ।


बंगलाचुली गाउँपालिका : उचाई वितरण
N
MASINA
SAIGHA
KOCHIBAN
UDAYAPURKOT
TRIBHUWAN NAGAR(GHORAHI) MUNICIPALITY
RAMDI
MARKABAN
TIRAM
RAMPUR
DHUNGEGADHI
JALUKE
1 SYUJA
SYUJA 2
4 KABHRE
KABHRE 3
6
5 LOHARPANI
8 HANSIPUR
HANSIPUR 7
Legend
Height(meter)
370 - 650
650 - 935
935 - 1,215
1,215 - 1,500
1500 - 1,779
Ward Boundary
Gaupalika Boundary

वधता भने पाईन्छ।भू-धरातलीय उचाईको भिन्नता हेर्दा समुद्र सतहबाट ३६० मी. देखि १८०० मी. .सम्मको भिन्नता रहेको पाईन्छ । यसरी गाउँपालिकाको समग्र भू–गोल उच्च हिमाली क्रिष्टलाईन निर्माणको चरणमा निर्माण भएकाले यी पहाडहरू महालङ्गुर हिमश्रृङखला अन्तर्गत पर्दछन् ।

### १.४. प्राकृतिक सम्पदा

यस गाउँपालिकामाचुनढुङ्गा र कोइलाको भण्डार रहेको छ ।

### १.५. साँस्कृतिक उत्कृष्टता

राष्ट्रिय र अन्तराष्ट्रियरूपमै ख्याति कमाएको प्रसिद्ध स्वर्गद्वारी धामको प्रमुख प्रवेशद्वारको रुपमा यो गाउँपालिका रहेको छ । देवीकोट तथा बागेश्वरी मन्दिर रहेको यो पालिका मगर संस्कृतिको केन्द्रको रुपमा रहेको छ ।

### १.६. विकासका संभावनाहरु

यस गाउँपालिकाको एक मात्र प्रमुख सम्पदा नै यहाँको वनजंगल भएकोले आर्थिक समृद्धिको आधार नै यो वनजंगललाई बनाउनुपर्छ। विशेषत वनजंगलको दिगो र वैज्ञानिक व्यवस्थापन मार्फत उच्च प्रतिफमुखी कार्यक्रमहरू जस्तै कृषिबन (Agro–Forestry) अन्तर्गत फलफूल तथा जडिबुटी खेति, पर्यापर्यटन, हरित क्षेत्र विकास, पशुपालन जस्ता कार्यक्रमहरूलाई व्यावसायिकरूपमा सञ्चालन गर्नु श्रेयस्कर देखिन्छ।

विकास निर्माणको क्रियाकलापहरू सञ्चालन गर्न त्यहाँको भू-बनोट महत्वपुर्ण हुने भएता पनि यहि जटिलता बीच उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग गरी जंगल, जडिबुटी, फलफूल उत्पादन, पशुपालन, पर्यटन विकास, खानीको उत्खनन् जस्ता क्रियाकलापहरूलाई सघन र दिगोरूपमा सञ्चालन गरी आर्थिक समृद्धि हासिल गर्न सकिन्छ। यसको अलावा खेतियोग्य जमिन भने २० प्रतिशत भन्दा कम रहेको यस पालिकामा त्यही जमिनको पूर्ण सदुपयोग गरी व्यावसायिक र वैज्ञानिक खेतिपाती प्रणाली अबलम्बन गरी कृषि क्षेत्रको व्यापक विकास गर्नु उत्तम देखिन्छ।यो गाउँपालिकामा चुनढुङ्गा र कोइलाको भण्डार रहेकाले त्यसको उत्खनन्बाट समेत आर्थिक लाभ लिन सकिन्छ।

यसका साथै राष्ट्रिय र अन्तराष्ट्रियरूपमै ख्याति कमाएको प्रसिद्धस्वर्गद्वारी धामको प्रमुख प्रवेशद्वारमा रहेको यो गाउँपालिकाले धार्मिक पर्यटनमार्फत समेत लाभ लिन सकिन्छ।विश्वकै सबैभन्दा ठुलो हिन्दु जनसङ्ख्या भएको भारतबाटस्वर्गद्वारी आउने पर्यटकको सङ्ख्या उल्लेख्य भएकाले पर्यटन पूर्वाधारको विकासमार्फत राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटकको बसाई लम्ब्याउने क्रियाकलाप सञ्चालन गर्न सके गाउँपालिकाको आर्थिक समृद्धिमा यो सहायक सिद्ध हुन सक्छ।यसर्थ यो गाउँपालिकाका विकासका आधारशिलाहरू वन, कृषि, खानी र पर्यटन हुन् ।

### १.७. गार्हस्थ्य उत्पादन

### १.८. मानव विकास सूचकाङ्क

## परिच्छेद ३: पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

### ३.१. बस्ती र घरपरिवार विवरण

कुन पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०७६ बाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।

**तालिका नं. १:घरधुरी तथा जनसंख्याको विवरण**

| विवरण | वि.सं. २०७७ अनुसारको जम्मा जनसंख्या | | | | |
|---|---|---|---|---|---|
| | घरधुरी संख्या | पुरुष संख्या | महिला संख्या | तेश्रो लिङ्गी संख्या | जम्मा जनसंख्या |
| अक्सर बसोबास गर्नेजनसंख्या | ४३५७ | ९,२३२ | ११,०८३ | ३३ | २०,३४८ |
| बिदेशमा बस्ने जनसंख्या | २,०२० | २,५६६ | २३२ | ० | २,७९८ |
| स्वदेशमा अन्यत्र बसेको जनसंख्या | ४५४ | ४७४ | २१७ | ० | ६९१ |
| सम्पर्कबिहिन/बेपत्ता भएको जनसंख्या | १६ | १६ | ० | २ | १८ |
| जम्मा | ४३७३ | १२,२८८ | ११,५३२ | ३५ | २३,८५५ |

स्रोतः गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०७७

माथिको तालिकामा बंगलाचुली गाउँपालिकाको जम्मा जनसंख्याको (अनुपस्थित जनसंख्या समेत) विवरण प्रस्तुत गरिएको छ। घरधुरी तथ्याङ्क संकलन, २०७७ अनुसार बंगलाचुली गाउँपालिकामा ४३७३ घरधुरी र २३,८५५ जनसंख्या रहेको छजस मध्ये पुरुष ५१.५१ प्रतिशत (१२२८८ जना) र महिला ४८.३४ प्रतिशत (११५३२ जना) र तेश्रो लिङ्गी ०.१५ प्रतिशत (३५ जना) रहेकाछन् ।सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० महिलामा पुरुषको संख्या १०७ रहेको छ।जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहको जनसंख्या) ९७ जना प्रति वर्ग किलोमिटररहेको छ।

कुल ४,३७३ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औषत ५.४ जना सदस्य रहेको देखिन्छ।वि.सं २०६८ को जनगणना अनुसार नेपालको औषत परिवारको आकार ४.८८ रहेको थियो भने सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको थियो ।

**जनसंख्या वितरणको अवस्था**

तालिका नं. २:वडागत जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | अक्सर बसोबास गर्ने जनसंख्या र घरधुरी | | | | | जम्मा जनसंख्या तथा घरधुरी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | घरधुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
| १ | ४०८ | ७९४ | १,०४० | २ | १,८३६ | ४१० | १,१२८ | १,१२१ | २ | २,२५१ |
| २ | ३२४ | ७५५ | ७५७ | २ | १,५१४ | ३२४ | ८७८ | ७८७ | ४ | १,६६९ |

| वडा नं. | अक्सर बसोबास गर्ने जनसंख्या र घरधुरी | | | | | जम्मा जनसंख्या तथा घरधुरी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | घरधुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
| ३ | ७२८ | १,३७४ | १,८०० | ६ | ३,१८० | ७३४ | १,९४५ | १,८८० | ६ | ३,८३१ |
| ४ | ५९७ | १,१५८ | १,४१६ | ९ | २,५८३ | ५९७ | १,५१६ | १,४६० | ९ | २,९८५ |
| ५ | ४९१ | १,१९१ | १,२४१ | ८ | २,४४० | ४९१ | १,४६६ | १,२७६ | ८ | २,७५० |
| ६ | ६०४ | १,१८४ | १,५५३ | ३ | २,७४० | ६०४ | १,६९९ | १,६०० | ३ | ३,३०२ |
| ७ | ५८६ | १,३७३ | १,५७८ | २ | २,९५३ | ५८७ | १,७८७ | १,६६८ | २ | ३,४५७ |
| ८ | ६१९ | १,४०३ | १,६९८ | १ | ३,१०२ | ६२६ | १,८६९ | १,७४० | १ | ३,६१० |
| **जम्मा** | **४,३५७** | **९,२३२** | **११,०८३** | **३३** | **२०,३४८** | **४,३७३** | **१२,२८८** | **११,५३२** | **३५** | **२३,८५५** |

तालिका नं. ३:वडागत आधारमा अनुपस्थित जनसंख्या तथा घरधुरीको विवरण

| वडा नं. | बिदेशमा बस्ने जनसंख्या | | | | | स्वदेशमा अन्यत्र बसेको जनसंख्या | | | | | सम्पर्कबिहिन/बेपत्ता भएको जनसंख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | अन्य | जम्मा | घरधुरी | पुरुष | महिला | अन्य | जम्मा | घरधुरी | पुरुष | महिला | अन्य | जम्मा |
| १ | २०२ | २६९ | २८ | ० | २९७ | ६७ | ६४ | ५३ | ० | ११७ | १ | १ | ० | ० | १ |
| २ | ८४ | १०२ | ८ | ० | ११० | १३ | २१ | २२ | ० | ४३ | १ | ० | ० | २ | २ |
| ३ | ४१२ | ५३० | ६३ | ० | ५९३ | ३७ | ३७ | १७ | ० | ५४ | ४ | ४ | ० | ० | ४ |
| ४ | २७५ | ३३३ | ३१ | ० | ३६४ | २७ | २३ | १३ | ० | ३६ | २ | २ | ० | ० | २ |
| ५ | १८३ | २१९ | १८ | ० | २३७ | ५२ | ५४ | १७ | ० | ७१ | २ | २ | ० | ० | २ |
| ६ | ३७० | ४८२ | ३४ | ० | ५१६ | ३० | २९ | १३ | ० | ४२ | ३ | ४ | ० | ० | ४ |
| ७ | २१३ | २६३ | २४ | ० | २८७ | १४१ | १५० | ६६ | ० | ८१ | १ | १ | ० | ० | १ |
| ८ | २८१ | ३६८ | २६ | ० | ३९४ | ८७ | ९६ | १६ | ० | ११२ | २ | २ | ० | ० | २ |
| **जम्मा** | **२,०२०** | **२,५६६** | **२३२** | **०** | **२,७९८** | **४५४** | **४७४** | **२१७** | **०** | **६९१** | **१६** | **१६** | **०** | **२** | **१८** |

तालिका नं. ४:वडागत घरधुरी, जनसंख्या, क्षेत्रफल, जनघनत्व, औसत परिवारको आकार र लैंगिक अनुपात विवरण

| वडा नं. | अक्सर बसोबास गर्ने जनसंख्या | | | | | क्षेत्रफल (बर्ग कि.मी.) | जनघनत्व | औसत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | | | | |
| १ | ४०८ | ७९४ | १,०४० | २ | १,८३६ | २३.४९ | ७८।१६ | ४।५ | ७६ |
| २ | ३२४ | ७५५ | ७५७ | २ | १,५१४ | १८.०७ | ८३।७९ | ४।७ | १०० |
| ३ | ७२८ | १,३७४ | १,८०० | ६ | ३,१८० | २८.७३ | ११०।६९ | ४।४ | ७६ |
| ४ | ५९७ | १,१५८ | १,४१६ | ९ | २,५८३ | २८.४२ | ९०।८९ | ४।३ | ८२ |
| ५ | ४९१ | १,१९१ | १,२४१ | ८ | २,४४० | २७.० | ९०।४ | ५।० | ९६ |
| ६ | ६०४ | १,१८४ | १,५५३ | ३ | २,७४० | २६.९३ | १०१।७५ | ४।५ | ७६ |
| ७ | ५८६ | १,३७३ | १,५७८ | २ | २,९५३ | ३६.३९ | ८१।१५ | ५।० | ८७ |
| ८ | ६१९ | १,४०३ | १,६९८ | १ | ३,१०२ | ५६.११ | ५५।२८ | ५।० | ८३ |
| **जम्मा** | **४,३५७** | **९,२३२** | **११,०८३** | **३३** | **२०,३४८** | **२४५.१४** | **८३।०१** | **४।७** | **८३** |

माथिको तालिकाहरुमा बंगलाचुली गाउँपालिकाको अक्सर बसोबास गर्ने जनसंख्याको (अनुपस्थित जनसंख्या बाहेक) विवरण प्रस्तुत गरिएको छ ।घरधुरी तथ्याङ्क संकलन, २०७७ अनुसार बंगलाचुली गाउँपालिकामा ४३५७घरधुरी र २०,३४८ जनसंख्या रहेको छजस मध्ये पुरुष ४५.३७ प्रतिशत (९२३२ जना) र महिला ५४.४७ प्रतिशत (११०८३ जना) र तेश्रो लिङ्गी ०.१६ प्रतिशत (३३ जना) रहेका छन् । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० महिलामा पुरुषको संख्या ८३ रहेको छ।जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ८३.०१ जना प्रति वर्ग किलोमिटररहेको छ।कुल ४,३७३ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औषत ४.७ जना सदस्य रहेको देखिन्छ।



बंगलाचुली गाउँपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ३ हो जसमा जम्मा जनसंख्या क्रमशः ३,१८० (पुरुष १,३७४ जना, महिला १,८०० जना र तेश्रोलिङ्गी ६ जना) रहेका६ जना) रहेका




छन् । यस वडाको औषतपरिवार आकार ४.४० र घरधुरी संख्या ७२८ रहेको छ।त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. २हो जसको जनसंख्या १,५१४ ( पुरुष ७५५ जना, महिला ७५७ जना र तेश्रो लिङ्गी २ जना) रहेको छभने घरधुरी संख्या ३२४ र औसत परिवार संख्या ४.७ रहेको छ।सबैभन्दा बढी जनघनत्व भएको वडा भने ३ नं वडाहो जसको जनघनत्व ११०.६९ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छभने सबैभन्दा कम जनघनत्व भएको वडा नं ८ रहेको छजसको जनघनत्व ५५.२८ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ।जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।

## उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

| उमेरसमुह | वडा नं. १ | | | | वडा नं. २ | | | | वडा नं. ३ | | | | वडा नं. ४ | | | | वडा नं. ५ | | | | वडा नं. ६ | | | | वडा नं. ७ | | | | वडा नं. ८ | | | | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | | |
| ०-४ वर्ष | ८४ | ८० | ० | १६४ | ६७ | ५८ | १ | १२६ | १५७ | १७५ | १ | ३३३ | ९२ | ९८ | ० | १९० | १३४ | ९३ | ० | २२७ | १६९ | १६५ | १ | ३३५ | १५८ | १५५ | ० | ३१३ | १८० | २१३ | ० | ३९३ | २,०८१ | १०.२ |
| ५-९ वर्ष | १११ | ११८ | ० | २२९ | ९५ | ६८ | ० | १६३ | १९७ | २१३ | १ | ४११ | १४२ | १७५ | ० | ३१७ | १४९ | १२७ | १ | २७७ | १६१ | १७५ | ० | ३३६ | १७४ | २१३ | ० | ३८७ | २१५ | १९९ | १ | ४१५ | २,५३५ | १२.५ |
| १०-१४ वर्ष | १२७ | १०७ | २ | २३६ | ८४ | ८३ | १ | १६८ | २२८ | २३० | १ | ४५९ | १७६ | १६८ | १ | ३४५ | २०५ | १७६ | ३ | ३८४ | २०८ | १७३ | १ | ३८२ | २२७ | २२९ | ० | ४५६ | २१३ | २०७ | ० | ४२० | २,८५० | १४.० |
| १५-१९ वर्ष | ६८ | १३३ | ० | २०१ | ८८ | ९३ | ० | १८१ | १४७ | २१४ | १ | ३६२ | १२३ | १५९ | ३ | २८५ | १३६ | १६७ | १ | ३०४ | ११५ | १९९ | ० | ३१४ | ११६ | १७७ | २ | २९५ | १३५ | २१९ | ० | ३५४ | २,२९६ | ११.३ |
| २०-२४ वर्ष | ६३ | ११८ | ० | १८१ | ७५ | ७९ | ० | १५४ | ९३ | १८९ | ० | २८२ | ९९ | १३९ | १ | २३९ | ६६ | ११४ | ० | १८० | ६५ | १५८ | ० | २२३ | ११९ | १४८ | ० | २६७ | ८९ | १८० | ० | २६९ | १,७९५ | ८.८ |
| २५-४९ वर्ष | १९५ | ३०६ | ० | ५०१ | २३७ | २४८ | ० | ४८५ | ३०० | ५१४ | १ | ८१५ | २९५ | ४३१ | १ | ७२७ | २९२ | ३७१ | ३ | ६६६ | २३९ | ४४६ | ० | ६८५ | ३५९ | ४४४ | ० | ८०३ | ३४३ | ४६८ | ० | ८११ | ५,४९३ | २७.० |
| ५०-५९ वर्ष | ८० | १०५ | ० | १८५ | ४४ | ५४ | ० | ९८ | १०८ | ११७ | १ | २२६ | १०० | १२७ | २ | २२९ | ८१ | १०२ | ० | १८३ | ८९ | ११५ | १ | २०५ | ९६ | ९४ | ० | १९० | ९६ | १०३ | ० | १९९ | १,५१५ | ७.४ |
| ६०-६९ वर्ष | ४३ | ४६ | ० | ८९ | ४६ | ५३ | ० | ९९ | ८१ | ९५ | ० | १७६ | ७७ | ६६ | १ | १४४ | ७७ | ५५ | ० | १३२ | ८३ | ७० | ० | १५३ | ६४ | ६६ | ० | १३० | ८१ | ६५ | ० | १४६ | १,०६९ | ५.३ |
| ७०+ वर्ष | २३ | २७ | ० | ५० | १९ | २१ | ० | ४० | ६३ | ५३ | ० | ११६ | ५४ | ५३ | ० | १०७ | ५१ | ३६ | ० | ८७ | ५५ | ५२ | ० | १०७ | ६० | ५२ | ० | ११२ | ५१ | ४४ | ० | ९५ | ७१४ | ३.५ |
| कुल जम्मा | ७९४ | १,०४० | २ | १,८३६ | ७५५ | ७५७ | २ | १,५१४ | १,३७४ | १,८०० | ६ | ३,१८० | १,१५८ | १,४१६ | ९ | २,५८३ | १,१९१ | १,२४१ | ८ | २,४४० | १,१८४ | १,५५३ | ३ | २,७४० | १,३७३ | १,५७८ | २ | २,९५३ | १,४०३ | १,६९८ | १ | ३,१०२ | २०,३४८ | १००.० |

गाउँपालिकामा रहेका कूल २०,३४८ जनसंख्या मध्ये १० देखि १४ वर्ष उमेर समूहका युवा जनसंख्या सबैभन्दा बढी २,८५० अर्थात १४ प्रतिशत रहेको छ भने दोस्रोमा ५ देखि ९ वर्ष उमेर समूहका २,५३५ अर्थात १२.५ प्रतिशत र तेस्रोमा १० देखि १४ वर्ष उमेर समूहका १,४५९ अर्थात ९.७४ प्रतिशत रहेका छन् । समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा उमेर समूह बढ्दै जाँदा जनसंख्या घट्दै गइरहेको छ।१५देखि १९ वर्ष भित्रको जनसंख्या सबैभन्दा बढी देखिन्छ।१९वर्ष भन्दा मूनिका बालबालिकाको जनसंख्या उल्लेखनीय रहेको छ भने २४ वर्ष माथिका प्रौढ तथा वृद्धवृद्धाहरूको संस्था क्रमश घट्दै गइरहेको देखिन्छ।युवा उमेरको जनसंख्या बढी हुनु राम्रो भए तापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा राज्यले व्यापक लगानी गर्नुपर्ने हुन्छ।युवा उमेरसमूह धेरै हुनुलाई जनसंख्याको लाभांश भनिन्छ।अर्कोतर्फ युवाहरूलाई सही दिशातर्फ उन्मूख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ।बालबालिका तथा शिशुहरूको संख्या बढी हुनुले आगामी दिनहरुमा पनि मानवीय जनशक्तिको कमि नहुने संकेत गर्दछभने वृद्धवृद्धाहरूको तथा प्रौढहरूको संख्या कम हुनु भनेको अन्य देशहरूको तुलनामा औषत आयू कम हुनु र प्रौढअवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्युदर बढी हुनु भन्ने जनाउँछ।उमेरअनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ।बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, युवालाई उचित रोजगारी र वृद्धहरूलाई आवश्यक सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन् । गाउँपालिकाले यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ।

## २.२. मातृभाषाको आधारमा जनसंख्या विवरण

| **भाषा** | **वडा नं. १** | **वडा नं. २** | **वडा नं. ३** | **वडा नं. ४** | **वडा नं. ५** | **वडा नं. ६** | **वडा नं. ७** | **वडा नं. ८** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपालीभाषा/खस पर्वते भाषा | १,८३६ | १,५०९ | ३,१८० | २,५६० | २,४३५ | २,७४० | २,९४९ | १,६३९ | १८,८४८ |
| खस भाषा | ० | ० | ० | ० | ० | ० | ० | १,४५३ | १,४५३ |
| डोटेलीभाषा | ० | ५ | ० | १९ | ५ | ० | ३ | ० | ३२ |
| खाम भाषा | ० | ० | ० | ० | ० | ० | ० | १० | १० |
| अंगिका भाषा | ० | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| आठपहरिया भाषा | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| दार्चुलेलीभाषा | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| **जम्मा** | **१,८३६** | **१,५१४** | **३,१८०** | **२,५८३** | **२,४४०** | **२,७४०** | **२,९५३** | **३,१०२** | **२०,३४८** |



गाउँपालिकामा बोलिने भाषाका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै १८,८४८ अर्थात ९२.६३ प्रतिशत नेपाली भाषा/खस पर्वते भाषा, दोस्रो, तेस्रो र चौथोमा क्रमश १,४५३ अर्थात ७.१४ प्रतिशत ठेटखस भाषा, ३२ जना अर्थात ०.१६ प्रतिशत डोटेली भाषा र १० जना अर्थात ०.०५ प्रतिशत खाम भाषा बोल्ने जनसमुदायको बसोबास रहेको छ।त्यसैगरी अंगिका भाषा, आठपहरीया भाषा र दार्चुलेली भाषा बोल्ने मानिसहरुको पनि फाटफुटबसोबास रहेको छ।यसरी भाषिक हिसाबले यस गाऊँपालिकामा नेपाली भाषा/खस पर्वते भाषाको बाहुल्यता भए पनि समाजमा स्थानीयहरू मानिसहरु सामाजिक/भाषिक सहिष्णुताका साथ बसेको पाइन्छ।

## २.३. धर्म अनुसार जनसंख्या विवरण

तालिका नं. धर्म अनुसार जनसंख्याको वडागत विवरण

| धर्म | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| हिन्दु | १,८०४ | १,५१० | ३,१४३ | २,५६२ | २,४०२ | २,६३५ | २,९३२ | ३,०७९ | २०,०६७ | ९८.६२ |
| क्रिश्चियन | ३२ | ४ | ३१ | | २५ | ७७ | १५ | १० | १९४ | ०.९५ |
| बौद्ध | | | ६ | २० | १३ | २८ | ४ | | ७१ | ०.३५ |
| किरात | | | | १ | | | | १२ | १३ | ०.०६ |
| मुस्लिम | | | | | | | २ | | २ | ०.०१ |
| जैन | | | | | | | | १ | १ | ०.०० |
| **कुल जम्मा** | **१,८३६** | **१,५१४** | **३,१८०** | **२,५८३** | **२,४४०** | **२,७४०** | **२,९५३** | **३,१०२** | **२०,३४८** | **१००** |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७७*

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ मा पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गऱ्यो । त्यस्तै नेपालको संविधान, २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गदस वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धिरसामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ।फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाइन्छ।

गाउँपालिकामा विभिन्न धार्मिक समुदायका मानिसहरूको बसोबास रहेको हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन् । जस्तै हिन्दूधर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, होली, चैते दशैं, साउने-माघेसंक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँवर्ष सोह्रश्राद्ध, कूल-थानी पूजाआदि चाडपर्वहरू मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती तथा विभिन्न ल्होसार पर्व, तिहार आदि मनाउने गर्दछन । क्रिश्चियनहरूले क्रिशमस डे, एष्टे, अंग्रेजी नयाँ वर्ष आदिमनाउने गर्दछन् भने मुस्लिम समुदायले रमजान, ईद, बकरिद आदि चाड मनाउने गर्दछन ।




गाउँपालिकामा रहेका कुल २०,३४८ जनसंख्या मध्ये २०,०६७ अर्थात ९८.६२ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् भने दोस्रो र तेश्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या १९४ अर्थात ०.९५ प्रतिशत र बौद्धधर्म मान्ने समुदायको जनसंख्या ७१ अर्थात ०.३५ प्रतिशत रहेका छ।यस पालिकामा किरात, मुस्लिम र जैन धर्मालम्वीहरुको पनि बसोबास पाईऐको छ।हिन्दु धर्मावलम्बी बाहुल्यता रहेको भएता पनि नेपालमा सदियौंदेखि रहि आएको धार्मिक सहिष्णुता भने यस गाउँपालिकामा पनि कायमै रहेको देखिन्छ।वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## २.४. जातिगत आधारमा जनसंख्या विवरण

वडागतजातजातिकोआधारमाजनसंख्याकोविवरण

| जातजाती | वडानं. १ | वडानं. २ | वडानं. ३ | वडानं. ४ | वडानं. ५ | वडानं. ६ | वडानं. ७ | वडानं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मगर | ५५२ | ९२४ | ६७५ | ९१९ | १,१६६ | ५९८ | २,१२३ | २,०९३ | ९,०५० | ४४.४८ |
| पहाडीक्षेत्री | २४८ | ५३ | १,२६० | ६७३ | १,१६४ | १,६२७ | ४४९ | ५९२ | ६,०६६ | २९.८१ |
| विश्वकर्मा | ७१९ | ३३२ | ४९५ | २३८ | ३२ | ३८० | १९९ | १८३ | २,५७८ | ११ |
| सार्की | ० | ६ | ४२५ | ११२ | २१ | ४४ | ५० | ५४ | ७१२ | ३ |
| दमाई | ० | ६ | १३८ | १७५ | १७ | ८७ | २६ | ६० | ५०९ | २ |
| पहाडी बाहमण | २०३ | २१ | १२३ | १३४ | ४ | ४ | ११ | ७ | ५०७ | २.४९ |
| कुँवर | ५८ | ० | १८ | ४४ | ० | ० | ५४ | २ | १७६ | ०.८६ |
| पहाडी ठकुरी | ० | ७ | ० | १९ | ८ | ० | २७ | ८१ | १४२ | ०.७० |
| सन्यासी | ४ | १२ | ३ | ५८ | १८ | ० | १३ | ० | १०८ | १ |

| जातजाती | वडानं. १ | वडानं. २ | वडानं. ३ | वडानं. ४ | वडानं. ५ | वडानं. ६ | वडानं. ७ | वडानं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मल्लाह | ० | ५५ | ० | ० | ० | ० | ० | ० | ५५ | ०.२७ |
| सुनुवार | ० | ० | ३४ | ९ | ३ | ० | ० | ० | ४६ | ०.२३ |
| गुरूङ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ७ | ०.०३ |
| माझी | ० | ३ | ० | ४ | ० | ० | ० | ० | ७ | ०.०३ |
| गन्धर्व (गाईने) | ० | ६ | ० | ० | ० | ० | ० | ० | ६ | ०.०३ |
| राई | ० | ० | ६ | ० | ० | ० | ० | ० | ६ | ०.०३ |
| चमार (राम) | ० | ० | ० | ५ | ० | ० | ० | ० | ५ | ०.०२ |
| धानुक | ० | १ | ० | १ | १ | ० | १ | ० | ४ | ०.०२ |
| मुस्लिम | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४ | ०.०२ |
| थारू | ० | ० | ० | ३ | ० | ० | ० | ० | ३ | ०.०१ |
| तामाङ | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०० |
| धिमाल | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०० |
| मिश्रा | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.०० |
| अन्य | ४५ | ८७ | ३ | १८८ | ५ | ० | ० | २६ | ३५४ | १.७४ |
| जम्मा | १,८३६ | १,५१४ | ३,१८० | २,५८३ | २,४४० | २,७४० | २,९५३ | ३,१०२ | २०,३४८ | १०० |

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ९,०५० अर्थात ४४.४८ प्रतिशत मगर, दोस्रोमा ६,०६६ अर्थात २९.८१ प्रतिशत पहाडी क्षेत्री, तेस्रो, चौथो, पांचौ र छैठौंमा क्रमश २५७८ अर्थात

१२.६७ प्रतिशत विश्वकर्मा, ७१२ अर्थात ३.५ प्रतिशत सार्की, ५०९ अर्थात २.५० प्रतिशत दमाई र ५०७ अर्थात




२.४९ प्रतिशत पहाडी ब्राह्मण रहेका छन् । त्यसै गरि कुँवर, पहाडी ठकुरी, सन्यासी, मल्लाह, सुनुवार, गुरूङ, माझी, गन्धर्व (गाईने), राई, चमार (राम), धानुक, मुस्लिम, थारू, तामाङ, धिमाल, मिश्रा तथा अन्य जातजातीहरुको बसोबास रहेको छ।यसरी जातीय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ।विभिन्न गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातीको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्नु आवश्यक छ।

**क) आदिवासी**

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ।यस गाउँपालिकाको कुल जनसंख्या २०,३४८ मध्ये ४४.८३ प्रतिशत (९,१२१ जना)




जनसंख्या आदिवासी (मगर,सुनुवार,गुरूङ,माझी,राई,थारू,तामाङ, धिमालआदि) रहेका छन् । जसमा सबैभन्दा बढी मगर जातिको संख्या ९,०५० (४४.४८ प्रतिशत) रहेको पाइन्छ।मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ।यी समुदायद्वारा गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुऱ्याएको देखिए तापनि यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले पछाडि परेको

देखिन्छ।गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन क्षमता विकास, सशक्तिकरण जस्ता विशेष कार्यक्रमहरूसञ्चालन गर्नु पर्ने देखिन्छ।

**ख) उत्पीडित तथा सिमान्तकृत समुदाय**

नेपालको संविधानको भाग ३४ अन्तर्गत धारा ३०६ को (ड) मा सीमान्तकृत समुदाय भन्नाले राजनितिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ भनी उल्लेख गरेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको अनुभूत गर्नु परेको छ।यस समुदायका आधारभूत र मा.वि.मा अध्ययन गर्ने छात्र छात्राहरूको संख्या तुलनात्मक रुपमा कम रहेको छ।परम्परागत सिपको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघिबढाउन नसकेको पाइन्छ।निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ।त्यसै गरी राजनितिक क्षेत्रमा २०४६, साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ ।




राजनितिक नेतृत्वमा भने सिमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन् । यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ । यस गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ । यस गाउँपालिकाको कुल जनसंख्या २०,३४८ मध्ये १८.७२ प्रतिशत (३,८१० जना) जनसंख्या उत्पीडित तथा सिमान्तकृत समुदाय (कामी,सार्की,दमाई,गन्धर्व (गाईने),चमार (राम),आदि) रहेका छन् । जसमा सबैभन्दा बढी कामी जातिको संख्या २,५७८ (१२.६७ प्रतिशत) रहेको पाइन्छ ।

## २.५. घरमुलीको विवरण

| लिङ्ग | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३०८ | २३९ | ४५४ | ४८७ | ३६१ | ४९२ | ४८१ | ५७८ | ३,४०० | ७७.७५ |
| महिला | १०२ | ८५ | २७९ | ११० | १२९ | १११ | १०६ | ४८ | ९७० | २२.१८ |
| अन्य | | | १ | | १ | १ | | | ३ | ०.०७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **४१०** | **३२४** | **७३४** | **५९७** | **४९१** | **६०४** | **५८७** | **६२६** | **४,३७३** | **१००** |

यस गाउँपालिकामा रहेको ४३७३ घरधुरी मध्ये ३४०० अर्थात ७७.७५ प्रतिशत घरधुरीमा पुरुष घरमूली हुनुहुन्छभने ९७० अर्थात २२.१८ घरधुरीमा महिला घरमूली हुनुहुन्छ।त्यसै गरि ०.०७ प्रतिशत अर्थात ३ वडा घरधुरीको घरमूली तेश्रो लिङ्गी हुनुहनुछ। पुरुषप्रधान समाजको राष्ट्रिय चरित्र अनुरुप कै स्थिति यस पालिकामा रहेको छ।केही घरमा घरमुली तेश्रो लिङ्गि हुनु हुन्छ।




## २.६. पेशाका आधारमा जनसंख्या विवरण

| पेशा | वडानं. १ | वडानं. २ | वडानं. ३ | वडानं. ४ | वडानं. ५ | वडानं. ६ | वडानं. ७ | वडानं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि, पशुपालन | ४९३ | ५४७ | ८७ | ८४७ | २३२ | १,०६१ | १,०४० | ९०१ | ५,२०९ | २१.८३ |
| विद्‍यार्थी | ३५१ | २४३ | ५६६ | ४५७ | ५६१ | ५२३ | ५२६ | ४७८ | ३,७०५ | १५.५३ |
| गृहणी | २४६ | १३४ | १,१४३ | ३४२ | ६८७ | ८४ | ३९८ | ५२० | ३,५५४ | १४.९० |
| वैदेशिक रोजगारी | २८८ | ३ | ६५५ | ४११ | २७६ | ३१८ | १४८ | ४५७ | २,५५६ | १०.७१ |
| नोकरी/जागीर | ६३ | ३१० | ७७ | १२७ | ५१ | ३३६ | ३४३ | ७७ | १,३८४ | ५.८० |
| ज्याला/मजदुरी | ११६ | १९ | १७५ | ११७ | १५२ | ६० | ९९ | १६८ | ९०६ | ३.८० |
| वेरोजगार | १७४ | ४८ | १७१ | ४३ | ११४ | १२२ | ६३ | ५८ | ७९३ | ३.३२ |
| उद्‍योग, व्यापार | ४३ | १६ | ६१ | ५१ | ३४ | २८ | ११ | २० | २६४ | १.११ |
| परामर्श, ठेक्कापट्‍टा | २ | ५ | १४ | ३ | ४ | ७ | २ | ५ | ४२ | ०.१८ |
| इन्जिनियरिङ | १ | २ | ० | ७ | ५ | ४ | ५ | १ | २५ | ०.१० |
| पुजारी | १ | १ | १ | ० | १ | १ | १ | ० | ६ | ०.०३ |
| मेडिसिन | २ | ० | ० | ० | १ | २ | ० | ० | ५ | ०.०२ |
| वकिल | ० | ० | ० | १ | २ | ० | ० | १ | ४ | ०.०२ |
| खाद्‍य प्रशोधन | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.०० |
| पत्रकार | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०० |
| बन | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०० |
| अन्य | ९ | ३ | ६ | ३ | ३० | ३ | ६ | १२ | ७२ | ०.३० |
| उल्लेख नगरेको* | ४६२ | ३३७ | ८७५ | ५७५ | ५९९ | ७५३ | ८१५ | ९१२ | ५,३२७ | २२.३३ |

| पेशा | वडानं. १ | वडानं. २ | वडानं. ३ | वडानं. ४ | वडानं. ५ | वडानं. ६ | वडानं. ७ | वडानं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | २,२५१ | १,६६९ | ३,८३१ | २,९८५ | २,७५० | ३,३०२ | ३,४५७ | ३,६१० | २३,८५५ | १०० |

***द्रष्टब्यः उल्लेख नगरेको पेशाः- १० बर्ष मुनिका बिद्यालय नगएकाबालबालिकाको संख्या हो ।***




यस गाउँपालिकामा रहेको ४३७३ घरधुरीका २३८५५ जनसंख्या सबैभन्दा बढी ५२०८ जना अर्थात २१.८३ प्रतिशत कृषि तथा पशुपालन व्यवशायमा, २५५६ जना अर्थात १०.७३ प्रतिशत वैदेशिक रोजगारीमा, १३८४ जना अर्थात ५.८० प्रतिशत सरकारी तथा गैरसरकारी सेवामा संलग्न भएको पाईन्छ । यसै गरि ९०६ जना अर्थात ३.८० प्रतिशत ज्याला मजदुरीमा, २६४ अर्थात १.११ प्रतिशत उद्योग तथा व्यापारमा र १५७ जना अर्थात ०.६६ प्रतिशत अन्य विविध पेशामा संलग्न भई आ-आफ्नो जिवनयापन गरेको पाईन्छभने १२६८७ जना अर्थात ५२.७६ प्रतिशत प्रत्यक्ष आय नहुने कार्यहरुमा जस्तैः विद्यार्थि, गृहिणि तथा विद्यालय भर्ना नभएका बाबालिकाहरु, संलग्न भएको देखिन्छ। लैङ्गिक हिसाबले हेर्दा आयआर्जन हुने पेशा जस्तैः वैदेशिक रोजगारिमा पुरुषको बाहुल्यता छभने कृषि कर्ममा महिलाको संलग्नता अधिक देखिन्छभने प्रत्यक्ष आय आर्जन नहुने कार्यमा महिलाको संलग्नता अधिक रहेको छ।



## २.७. आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

तालिका १२: हाल आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

| आर्थिक सक्रियता | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिकरुपले सक्रिय | १,१९२ | ९५५ | १,२४७ | १,६११ | ९०३ | १,९४२ | १,७१८ | १,७०० | ११,२६८ | ४७.२४ |
| आर्थिकरुपलेनिष्क्रिय | १,०५९ | ७१४ | २,५८४ | १,३७४ | १,८४७ | १,३६० | १,७३९ | १,९१० | १२,५८७ | ५२.७६ |
| **जम्मा** | **२,२५१** | **१,६६९** | **३,८३१** | **२,९८५** | **२,७५०** | **३,३०२** | **३,४५७** | **३,६१०** | **२३,८५५** | **१००** |

आर्थिक रुपले सक्रिय जनसंख्याको विश्लेषण गर्दा यस बंगलाचुली गाउँपालिकाको ११,२६८ जना अर्थात ४७.२४ प्रतिशत जनसंख्या मात्र प्रत्यक्ष रुपमा आय आर्जन कार्यमा संलग्न भएको पाईन्छभने ५२.७६ प्रतिशत अर्थात १२,५८७ जना प्रत्यक्ष रुपमा आय आर्जन कार्यमा संलग्न भएको देखिदैन ।

## २.८. अपाङ्गताको आधारमा जनसंख्या विवरण

| वडा नं. | लिङ्ग | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | वोल्न तथा सुन्न नसक्ने (बहिरा) | वौद्धिक अपाङ्गता | दृष्टिविहीन (आँखा नदेख्ने) | स्वरवोलाई अपाङ्गता (भकभके) | मनोसामाजिक अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | ७८६ | ७ | १ | | | | | ७९४ |
| | महिला | १,०३५ | ३ | | २ | | | | १,०४० |
| | अन्य | २ | | | | | | | २ |
| २ | पुरुष | ७५२ | २ | | १ | | | | ७५५ |
| | महिला | ७५७ | | | | | | | ७५७ |
| | अन्य | २ | | | | | | | २ |
| ३ | पुरुष | १,३५४ | ६ | ६ | ४ | २ | १ | १ | १,३७४ |
| | महिला | १,७८३ | ९ | ४ | २ | | २ | | १,८०० |
| | अन्य | ६ | | | | | | | ६ |
| ४ | पुरुष | १,१५३ | १ | १ | ३ | | | | १,१५८ |
| | महिला | १,४०८ | ४ | ३ | १ | | | | १,४१६ |
| | अन्य | ९ | | | | | | | ९ |
| ५ | पुरुष | १,१८३ | ८ | | | | | | १,१९१ |
| | महिला | १,२३८ | १ | | १ | १ | | | १,२४१ |
| | अन्य | ८ | | | | | | | ८ |
| ६ | पुरुष | १,१७५ | ४ | १ | १ | २ | १ | | १,१८४ |
| | महिला | १,५४८ | २ | २ | | १ | | | १,५५३ |
| | अन्य | ३ | | | | | | | ३ |

| वडा नं. | लिङ्ग | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | वोल्न तथा सुन्न नसक्ने (बहिरा) | वौद्धिक अपाङ्गता | दृष्टिविहीन (आँखा नदेख्ने) | स्वरवोलाई अपाङ्गता (भकभके) | मनोसामाजिक अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | पुरुष | १,३६३ | ३ | ४ | १ | १ | १ | | १,३७३ |
| | महिला | १,५६२ | ६ | ६ | | ४ | | | १,५७८ |
| | अन्य | २ | | | | | | | २ |
| ८ | पुरुष | १,३८६ | ९ | ३ | १ | १ | २ | १ | १,४०३ |
| | महिला | १,६८४ | ८ | ४ | १ | १ | | | १,६९८ |
| | अन्य | १ | | | | | | | १ |
| जम्मा | पुरुष | ९,१५२ | ४० | १६ | ११ | ६ | ५ | २ | ९,२३२ |
| | महिला | ११,०१५ | ३३ | १९ | ७ | ७ | २ | ० | ११,०८३ |
| | अन्य | ३३ | ० | ० | ० | ० | ० | ० | ३३ |
| कुल जम्मा | | २०,२०० | ७३ | ३५ | १८ | १३ | ७ | २ | २०३४८ |

*श्रोत: घरधुरी सर्भेक्षण २०७७*

यस बंगलाचुली गाउंपालिकाको समुदायमा अपाङ्गताको अवस्थालाई विश्लेषण गर्ने हो भने राष्ट्रिय औसत भन्दा धेरै कम अर्थात ०.७३ प्रतिशत (अक्सर बसोबास गर्ने २०३४८ मध्ये १४८ जना) मात्र रहेको छात्यसै गरी अपाङ्गता भएका १४८ जना मध्ये सबै भन्दा बढी ७३ जनामा शारीरिक अपाङ्गता(४० पुरुष र ३३ महिला) अर्थात ४९.३२ प्रतिशत ( अक्सर बसोबास गर्ने जनसंख्याको ०.३६ प्रतिशत र जम्मा जनसंख्याको ०.३१ प्रतिशत) रहेको छभने दोश्रोमा ३५ जनामा वोल्न तथा सुन्न नसक्ने (बहिरा)अपाङ्गता(१६ पुरुष र १९ महिला)अर्थात २३.६५ प्रतिशत (अक्सर बसोबास गर्ने जनसंख्याको ०.१७ प्रतिशत र जम्मा जनसंख्याको ०.१५प्रतिशत) रहेको छात्यसै गरि १८ जनामा वौद्धिक अपाङ्गता ( ११ पुरुष र ७ महिला) अर्थात ८.७८ प्रतिशत (अक्सर बसोबास गर्ने जनसंख्याको ०.०६ प्रतिशत र जम्मा जनसंख्याको ०.०५ प्रतिशत), १३ जनामा दृष्टिविहीन (आँखा नदेख्ने)अपाङ्गता(६ पुरुष र ७ महिला) अर्थात १२.१६ प्रतिशत (अक्सर बसोबास गर्ने जनसंख्याको ०.०९ प्रतिशत र जम्मा जनसंख्याको ०.०८ प्रतिशत), ७ जनामा स्वर वोलाईसम्बन्धी (भकभके)अपाङ्गता (५ पुरुष र २ महिला) अर्थात ४.७३ प्रतिशत (अक्सर बसोबास गर्ने जनसंख्याको ०.०३ प्रतिशत र जम्मा जनसंख्याको ०.०३ प्रतिशत) र २ जनामा मनोसामाजिक अपाङ्गता(२ पुरुष) अर्थात १.३५ प्रतिशत (अक्सर बसोबास गर्ने जनसंख्याको ०.०१ प्रतिशत र जम्मा जनसंख्याको ०.०१ प्रतिशत)रहेको छ।



## २.९. बसाइंसराइ सम्बन्धी विवरण

| क्र.स. | विवरण | परिवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | अन्यत्रबाट बसाइँ सरी बंगलाचुली गाउँपालिका आउने | ३९ | १०० |
| २ | यस बंगलाचुली गाउँपालिकावाट बसाइँ सरी अन्यत्र जाने | ७५ | ३३१ |
| | **जम्मा** | **११४** | **४३१** |

***श्रोतः गाउँपालिका अभिलेख २०७६***

कुनै पनि स्थानको जनसंख्या परिवर्तन हुने कारणहरूमध्ये बसाइँ सराइ एक प्रमुख कारण मानिन्छ।विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाटअर्को स्थानमा स्थायी वा अस्थायी रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ।यसरी बसाइँ सरी जानु वा आउनुका विभिन्न कारणहरू छन् । ती मध्ये मुख्य कारणहरूरोजगारीको, अवसर, शिक्षा तथा स्वास्थ्य सामाजिक कारण, व्यापार आदि हुन् ।यस बंगलाचुली गाउँपालिकामा अन्यत्रवाटयहाँ आउने भन्दा यहाँवाटबसाइँ सरी अन्यन्त्र जाने गरेको संख्या अधिक अर्थात परिवार संख्याको हिसावले आउने भन्दा जाने झन्दै दोब्बर र जनसंख्याको हिसाबले तेब्बर भन्दा बढी रहेको देखिन्छ।

## २.१०. व्यक्तिगत घटना सम्बन्धी विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरू पालना गर्नुपर्ने हुन्छ।नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ।यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ।जन्म, मृत्यु, बसाइँसराइ विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ।संविधानले नागरिकलाई विभिन्न अधिकार प्रत्याभूत गरेको छ।त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । बंगलाचुली गाउँपालिकामा २०७६/७७ सालमा भएका जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेद दर्तामा अभिलेख भए अनुसार व्यक्तिगत घटना दर्ताको विवरण तल तालिकामा दिइएको छ।

| क्र.स. | व्यक्तिगत घटना सम्बन्धी विवरणविवरण | जनसंख्या |
|---|---|---|
| १ | जन्म | ९२५ |
| २ | मृत्यु | १६८ |
| ३ | विवाह | ३३२ |
| ४ | बसाइँ सराई गरी आउने | ३३१ |
| ५ | बसाइँ सराई गरी जाने | १०० |
| ६ | सम्वन्ध विच्छेद | ४ |

***श्रोतः गाउँपालिका अभिलेख २०७६***

## २.११. सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

| क्र.स. | सामाजिक सुरक्षाका क्षेत्रहरु | कायम संख्या | भत्ता प्राप्त गर्ने संख्या |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक अन्य (७० बर्ष भन्दा माथि) | ७९२ | ६३७ |
| २ | ज्येष्ठ नागरिक दलित (६० बर्ष भन्दा माथि) | २३९ | २७५ |
| ३ | एकल महिला | २४५ | २५१ |
| ४ | विधवा | ३८२ | ३६७ |

| क्र.स. | सामाजिक सुरक्षाका क्षेत्रहरु | कायम संख्या | भत्ता प्राप्त गर्ने संख्या |
|---|---|---|---|
| ५ | पुर्ण अपाङ्ग | २३ | २१ |
| ६ | अति अशक्त अपाङ्ग | ५५ | ५० |
| ७ | बालबालिका (दलित) | ६४५ | ५८६ |
| | **जम्मा** | **२३८१** | **२१८७** |

***श्रोतः गाउँपालिका अभिलेख २०७६/७७***

## २.१२. संस्थागत जनसंख्या विवरण

## २.१३. स्रोत नक्शा

## परिच्छेद ३: आर्थिक अवस्था

### ४.१.प्रमुख आर्थिक विवरण

#### ४.१.१. प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

| क्र.स. | सिपकोप्रकार | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | कृषि सम्बन्धी जेटी), जेटीए ,खाद्य प्रसोधन ई. | ० | १९७ | २१६ | ४१३ |
| २ | सिलाई बुनाई, बुटिक, सृंगार, पार्लर आदि | ० | १६ | २०५ | २२१ |
| ३ | सूचना तथा प्रविधि, इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स कम्प्युटर), विद्युत, मोवाईल, रेडियो घडी आदि | ० | ४१ | १२ | ५३ |
| ४ | जनस्वास्थ्य सम्बन्धी | ० | २८ | २१ | ४९ |
| ५ | पशुस्वास्थ्य सम्बन्धी | ० | १९ | १० | २९ |
| ६ | वन सम्बन्धी | ० | २४ | ५ | २९ |
| ७ | कला सम्बन्धी | ० | २२ | ३ | २५ |
| ८ | इञ्जिनियरिङ्ग, अटोमोवाइल र मेकानिक्स | ० | १७ | १ | १८ |
| ९ | निर्माण सम्बन्धी म्यासन), कार्पेन्ट्री आदी( | ० | १२ | २ | १४ |
| १० | पर्यटन टुर गाइड, ट्राभल र सत्कार | ० | ५ | ० | ५ |
| ११ | मिस्त्री | ० | ४ | ० | ४ |
| १२ | ड्राईभिङ्ग | ० | २ | ० | २ |
| १३ | मुद्दा तालिम | ० | ० | १ | १ |
| १४ | शिक्षक | ० | १ | ० | १ |
| १५ | कुनै पनि छैन | २५ | ९२९९ | ८४२६ | १७७५० |
| १६ | उल्लेख नगरेको | १० | २६५६ | २६६२ | ५३२८ |
| **जम्मा** | | **३५** | **१२३४३** | **११५६४** | **२३९४२** |

*६३ जनाले १ भन्दा बढी सीप/दक्षता हासिल /वटा सीप १५०)दक्षता(।*

***श्रोतः गाउँपालिका सर्भेक्षण २०७७***




प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विश्लेषण गर्दा जम्मा २३८५५ जना मध्ये १७,७५० जना अर्थात ७४.४१ प्रतिशतले कुनै पनि सीप दक्षता हासिल गरेको देखिएन भने ५३२८ जना अर्थात २३.३३ प्रतिशतले कुनै पनि सीप/दक्षता भएको कुरा उल्लेख छैन । त्यसरी नै ७१४ जना अर्थात २.९९ प्रतिशतले कम्तीमा १ विषयमा सीप/दक्षता हासिल गरेको पाईयो भने

६३ जना अर्थात ०.२६ प्रतिशतले १५० वटा विषयमा सीप/दक्षता हासिल गरेको अवास्था रहेको छ । प्राप्त सीप तथा दक्षताको विश्लेषण गर्दा १४ वटा विषयमा ७७७ जनाले त्यस्तो सीप/दक्षता हासिल गरेको देखिन्छ । प्राप्त सीप/दक्षताको  विश्लेषण गर्दा सबैभन्दा बढी २२१ जना अर्थात २८.४४ प्रतिशत कृषि सम्बन्धी (जेटी, जेटीए, खाद्य प्रसोधन ई.) विषयमा छ भने दोश्रोमा २२१ जना अर्थात २८.४४ प्रतिशत सिलाई बुनाई, बुटिक, सृंगार, पार्लर आदि विषयमा भएको पाईन्छ ।




### ४.१.२. **मुख्य पेशा तथा औसत आम्दानी सम्बन्धी विवरण**

| पेशा | वडानं. १ | | वडानं. २ | | वडानं. ३ | | वडानं. ४ | | वडानं. ५ | | वडानं. ६ | | वडानं. ७ | | वडानं. ८ | | जम्मा | | औसत आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | |
| कृषि तथापशुपालन | १८३ | ३४३.५५ | १५८ | ३६८.२० | ६७ | ६९.०५ | २९८ | ५६१.१५ | १४९ | १२४.७७ | २९६ | १.८७ | ४१२ | ५५८.९३ | २९९ | ९४६.१३ | १,८६२ | २,९७३.६५ | १.६० |
| वैदेशिकरोजगारी | ६४ | ११४.८७ | १ | ४.०० | १२९ | १६४.५९ | ११६ | २२२.०० | ६४ | ६१.५९ | ८८ | ०.७७ | ३२ | ५४.८० | १६३ | ४५९.१० | ६५७ | १,०८१.७१ | १.६५ |
| नोकरी/ जागीर | १३ | ३८.९० | ९६ | २६०.८६ | १७ | २९.७२ | ३३ | ६०.५० | १६ | १०.०० | ८८ | ०.३५ | ७६ | २३७.०० | २० | १५४.०० | ३५९ | ७९१.३४ | २.२० |
| ज्याला/ मजदुरी | ५५ | ७९.९० | ११ | १६.५० | ८६ | ८३.३० | ५८ | ८२.४० | ६३ | २०.०२ | ४१ | ०.०८ | २२ | २४.९० | ८२ | ३२१.०५ | ४१८ | ६२८.१५ | १.५० |
| उद्योग तथाव्यापार | १८ | ९१.६० | ५ | ११.०० | ३५ | ६०.९२ | २३ | ५७.२० | १३ | १६.८० | १२ | ०.५४ | ८ | २४.५० | १२ | ११६.५० | १२६ | ३७९.०६ | ३.०१ |
| परामर्श, ठेक्कापट्टा | २ | ३.५० | २ | ४.०० | ६ | २९.१० | ३ | ८.१० | २ | १.०० | ५ | ०.०१ | ० | ०.०० | ५ | ४१.०० | २५ | ८६.७१ | ३.४७ |
| पुजारी | १ | १.५० | १ | ६.०० | ० | ०.०० | ० | ०.०० | १ | २.०० | १ | ०.०० | १ | ०.५० | ० | ०.०० | ५ | १०.० | २.०० |

| पेशा | वडानं. १ | | वडानं. २ | | वडानं. ३ | | वडानं. ४ | | वडानं. ५ | | वडानं. ६ | | वडानं. ७ | | वडानं. ८ | | जम्मा | | औसत आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | घरधुरी | आम्दानी | |
| इन्जिनियरिङ | ० | ०.०० | १ | २.०० | ० | ०.०० | ३ | ५.०० | ३ | ०.९० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ७ | ७.९० | १.१३ |
| मेडिसिन | १ | १.२ | ० | ०.० | ० | ०.० | ० | ०.० | ० | ०.० | १ | ०.० | ० | ०.० | ० | ०.० | २ | १.२ | ०.६ |
| अन्य | ७३ | १२३.१५ | ४९ | १५७.३६ | ३९४ | ४७३.३३ | ६३ | ९४.१० | १८० | १४०.१८ | ७२ | ०.२४ | ३६ | ४८.०५ | ४५ | १००.६१ | ९१२ | १,१३७.०२ | १.२५ |
| **कुल जम्मा** | ४१० | ७९८.१७ | ३२४ | ८२९.९२ | ७३४ | ९१०.०१ | ५९७ | १,०९०.४५ | ४९१ | ३७७.२७ | ६०४ | ३.८७ | ५८७ | ९४८.६८ | ६२६ | २,१३८.३९ | ४,३७३ | ७,०९६.७५ | १.६२ |
| **औ.आम्दानी** | **१९५.** | | **२५६.** | | **१२४.** | | **१८३.** | | **०७७.** | | **००१.** | | **१६२.** | | **३४२.** | | **१६२.** | | |

***श्रोतः गाउँपालिका सर्भेक्षण २०७७ ।*** ***आम्दानी रु. लाखमा दिईएको छ ।***

आम्दानीको विश्लेषण गर्दा सबै भन्दा कम औसत आम्दानी वडा नं. ६ देखिन्छ अर्थात प्रतिपरिवार रु. एक हजार मात्र रहेको छ भने सबै भन्दा बढी औसत आम्दानी वडा नं. ८ मा अर्थात रु. तिन लाख बयालिस हजार प्रतिपरिवार रहेको छ । त्यस्तै प्रकारले आम्दानीको श्रोतहरुलाई विचार गर्ने हो भने सबै भन्दा बढी १८६२ घरपरिवार कृषि तथा पशुपालन क्षेत्रमा लागेर रु. २९७,३६५,००० (औसतमा रु. एक लाख साठ्ठीहजार प्रति परिवार) भएको छ भने दोश्रोमा ६५७ घरपरिवारका सदस्यहरु वैदेशिक रोजगारीमा रहेका छन जस बाट रु. १०८,१७१,००० (औसतमा रु. एक लाख पैसठ्ठी हजार प्रति परिवार) रहेको छ । यसै गरि सबै भन्दा कम अर्थात २ घरपरिवारले मेडिसिन (औषधि पसल) बाट रु. १२०,००० (औसतमा साठ्ठी हजार प्रति परिवार) बाट आम्दानी गरिरहेको देखिन्छ । औसत वार्षिक आम्दानीको हिसाबले सबै भन्दा बढी तीन लाख सत्सठ्ठी हजार प्रति परिवार आम्दानी भएको परामर्शदाता/ठेक्कापट्टा (२५ परिवार संलग्न) र दोश्रोमा रहेको छ उद्योग/ब्यापार क्षेत्र जुन व्यवशायबाट १२६ परिवार संलग्न रहेका छन भने औसत वार्षिक आम्दानी रु. तीन लाख एक हजार प्रति परिवार रहेको छ ।






### ४.१.३. औसत खर्च तथा बचत विवरण

| वडा नं. | घरधुरीसंख्या | वार्षिक आम्दानी रकम | औसत वार्षिक आम्दानी रकम | वार्षिक खर्चरकम | औसत वार्षिक खर्च रकम | वार्षिक बचत रकम | औसत वार्षिक बचत रकम |
|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | ४१० | ७९८.१७ | १.९५ | ५२८५८. | १२९. | २६९५९. | ०६६. |
| वडा नं. २ | ३२४ | ८२९.९२ | २.५६ | ६३११९. | १९५. | १९८७३. | ०६१. |
| वडा नं. ३ | ७३४ | ९१०.०१ | १.२४ | ४८९५२. | ०६७. | ४२०४९. | ०५७. |
| वडा नं. ४ | ५९७ | १,०९०.४५ | १.८३ | ७२८६०. | १२२. | ३६१८५. | ०६१. |
| वडा नं. ५ | ४९१ | ३७७.२७ | ०.७७ | २३५८५. | ०४८. | १४१४२. | ०२९. |
| वडा नं. ६ | ६०४ | ३.८७ | ०.००६४ | १५९. | ०००.२६ | २२८. | ०००.३८ |
| वडा नं. ७ | ५८७ | ९४८.६८ | १.६२ | ४५७३३. | ०७८. | ४९१३६. | ०८४. |
| वडा नं. ८ | ६२६ | २,१३८.३९ | ३.४२ | १,४३१०४. | २२९. | ७०७३५. | ११३. |
| **जम्मा** | **४,३७३** | **७,०९६.७५** | **१.६२** | **४,५०३।६९** | **१।०३** | **२,५९३०७.** | **०५९.** |

**श्रोतः घरधुरी सर्भेक्षण २०७७** **(रकम रु. लाखमा दिईएको)**

आम्दानी खर्चको विश्लेषण गर्दा सबै भन्दा आम्दानी रु,२ .१३,८३९०००,वडा नंमा रहेको छ भने सबै ८ . भन्दा बढी खर्चरु .१४३१०,४,००० पनि वडा नंमै रहेको छ । औसत वार्षिक आम्दानीको हिसाबले सबै ८ . भन्दा बढीरु .तीनलाख बयालिस हजार वडा नं. ८ मा रहेको छ भने औसत वार्षिक खर्च पनि सबै भन्दा बढी रु. एक लाख तेह्र हजार वडा नं. ८ मा रहेकोछ ।






४.१.४. **विपन्नता स्तरीकरण विवरण**

४.१.५. **खाद्यान्न सुरक्षाको अवस्था**

आज उच्चतम विकास हासिल गरेका औद्योगिक राष्ट्रहरूको विकासको मेरुदण्ड कृषि नै रहेको इतिहासले देखाउँछ । यूरोप, अमेरिका तथा एसियाली महाशक्ति राष्ट्रहरूको सम्पन्नताको आधारशीला समेत कृषि क्रान्तिमा आधारित भएको पाईन्छ । तसर्थ तत्कालका लागि कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त संभावना रहेको हाम्रो देशमा विकासका अन्य महत्वाकांक्षी योजना कार्यान्वयन गर्नुपूर्व खाद्यान्न, फलफूल तरकारीका साथै समग्र कृषि उपजहरूमा आत्मनिर्भर बनी निर्यात समेत वृद्धि गर्न कृषि क्षेत्रमा क्रान्ति नै गर्नुपर्ने पहिलो अनिवार्य आवश्यकता रहेको छ । उच्च प्रविधिहरू विकास भईसकेको आजको यूगमा समेत हाम्रो निर्वाहमूखी परम्परागत खेति प्रणालीमा सिमित रहिरहनु एक प्रकारको विडम्बना नै छ । तसर्थ स्थानीय सरकारले संभाव्यता हेरि व्यवसायिक र वैज्ञानिक कृषिका लागि आवश्यक सम्पूर्ण कृषि पूर्वाधारहरूको विकास मार्फत कृषि उत्पादन र विकासमा क्रान्ति गर्नुपर्ने आवश्यकता रहेको छ ।

| **खाद्य सुरक्षाको स्थिति** | **वडानं. १** | | **वडानं. २** | | **वडानं. ३** | | **वडानं. ४** | | **वडानं. ५** | | **वडानं. ६** | | **वडानं. ७** | | **वडानं. ८** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** | **घरधुरी** | **जनसंख्या** |

| खाद्य सुरक्षाको स्थिति | वडानं. १ | | वडानं. २ | | वडानं. ३ | | वडानं. ४ | | वडानं. ५ | | वडानं. ६ | | वडानं. ७ | | वडानं. ८ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| ३ महिनासम्म | ८२ | ४२४ | २२ | १०२ | २४० | १,०९२ | ९९ | ४८८ | १८३ | ९०१ | २२९ | १,१५० | ११८ | ५७४ | ७१ | ३५३ | १,०४४ | ५,०८४ |
| ४देखि ६महिनाम्म | २२० | १,२३८ | २८७ | १,४५४ | २९६ | १,६२३ | ३९६ | १,९३६ | २१८ | १,२४३ | २०६ | १,१४३ | २९४ | १,७७७ | २४४ | १,३९२ | २,१६१ | ११,८०६ |
| ७ देखि ९महिनासम्म | ५१ | २८२ | ९ | ५० | ३२ | १७० | ३१ | १४३ | २६ | १६७ | ४२ | २३९ | ७७ | ४६४ | १८२ | १,०४६ | ४५० | २,५६१ |
| ९ महिना भन्दाबढि | ५७ | ३०७ | ६ | ६३ | १६६ | ९४६ | ७१ | ४१८ | ६४ | ४३९ | १२७ | ७७० | ९८ | ६४२ | १२९ | ८१९ | ७१८ | ४,४०४ |
| **जम्मा** | **४१०** | **२,२५१** | **३२४** | **१,६६९** | **७३४** | **३,८३१** | **५९७** | **२,९८५** | **४९१** | **२,७५०** | **६०४** | **३,३०२** | **५८७** | **३,४५७** | **६२६** | **३,६१०** | **४,३७३** | **२३,८५५** |

***श्रोतः गाउँपालिका सर्भेक्षण २०७७***

यस गाउँपालिकाको खाद्यान्नको उत्पादन तथा खाद्य सुरक्षाको विश्लेषण गर्दा सबै भन्दा बढी ४ देखि ६ महिनासम्म खान पुग्नेहरुको घरधुरी तथा जनसंख्या क्रमशः २१३६ (४९.४२ प्रतिशत) र ११,८०६ (४९.४९ प्रतिशत) रहेको छ ।त्यस पछि ३ महिना मात्र खान पुग्नेहरुको संख्या अर्थात १,०४४ घरधुरीका (२३.८७प्रतिशत) ५,०८४ जना (२१.३१ प्रतिशत) रहेको छ भने ९ महिना भन्दा बढी खान पुग्ने हरुको संख्या ७९८घरधुरीका (१६.४२ प्रतिशत) ४,४०४ (१८.४६ प्रतिशत) जनसंख्या रहेको छ । सबै भन्दा कम ७ देखि ९ महिना सम्म खान पुग्नेहरुको उपस्थिति रहेको छ जस अन्तर्गत ४५० घरधुरीका (१०.२९ प्रतिशत) २५६१ जना (१०.७४ प्रतिशत) रहेका छन । समग्रमा भन्नु पर्दा उल्लेखनिय रुपमा अति विपन्नहरुको संख्या रहेको छ (३६५५ घरधुरीका १९४५१ जना) । र मध्यम स्तरहरुको संख्या (अति कम ७१८ घरधुरीका ४,४०४ जना) रहेको छ ।




### ४.१.६. आवास संरचना विवरण

| आबासकोअवस्था | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **घर हुने** | **३७०** | **२३२** | **५१०** | **२७७** | **३६४** | **५४** | **४०३** | **३५२** | **२५६२** | **५८५९.** |
| अन्य | ० | ० | १ | ० | ० | ० | १ | ० | २ | ०.०५ |
| आफन्त | १० | ३९ | २९ | २ | ४ | ० | ४ | १ | ८९ | २.०४ |
| निजीआफ्नै/ | ३४९ | १९१ | ४७६ | २७१ | ३५६ | ५३ | ३९७ | ३४८ | २४४१ | ५५.८२ |
| भाडामा | ९ | १ | ४ | ४ | ४ | १ | ० | ३ | २६ | ०.५९ |
| संस्थागत | २ | १ | ० | ० | ० | ० | १ | ० | ४ | ०.०९ |
| **घर नहुने** | **४०** | **९२** | **२२४** | **३२०** | **१२७** | **५५०** | **१८४** | **२७४** | **१८११** | **४१४१.** |
| अन्य | ० | ० | ३ | ० | ० | ० | ० | १ | ४ | ०.०९ |
| आफन्त | ० | ० | ६ | ० | ० | ११ | ९ | १४ | ४० | ०.९१ |
| निजीआफ्नै/ | ३९ | ९२ | २१३ | ३१५ | १२७ | ५३४ | १७३ | २५६ | १७४९ | ४०.०० |
| भाडामा | १ | ० | १ | ५ | ० | ४ | २ | ३ | १६ | ०.३७ |
| साथी | ० | ० | १ | ० | ० | १ | ० | ० | २ | ०.०५ |
| **जम्मा** | **४१०** | **३२४** | **७३४** | **५९७** | **४९१** | **६०४** | **५८७** | **६२६** | **४३७३** | १०० |

हाल बसि रहेको स्थान अनुसार प्राय घरपरिवारको एउटा स्थायी बास्थान हुन्छ नै। तर आवास संरचना अन्तर्गत २,५६२ घरपरिवारको अर्थात ५८.५९ प्रतिशत संग बस्ने घर रहेको छ भने १,८७१ घरपरिवारको अर्थात ४१.४१ प्रतिशत संग बस्ने घर नभएको पाईन्छ । घर हुने २,५६२ घरपरिवार मध्ये ४ परिवार संस्थागत घरमा, २६ परिवार भाडाको घरमा, ८९ परिवार आफन्तको घरमा, २ परिवारको अन्य व्यवस्था गरेर बस्ने गरेको र २,४४१ परिवार निजि/आफ्नै घरमा बस्ने हुनुहुन्छ ।




घर हुने १,८७१ घरपरिवार मध्ये २ घरपरिवार साथीको घरमा, १६ परिवार भाडाको घरमा, ४० परिवार आफन्तको घरमा, ४ परिवारको अन्य व्यवस्था गरेर बस्ने गरेको र १,७४९ परिवार निजि/आफ्नै घरमा बस्ने हुनुहुन्छ तर घरको स्वामित्व भने छैन ।

| **छानाको आधारमा** | **जगको आधारमा** | **घर अभिलेखिकरण/नक्सा पास** | **भवन मापदण्ड अनुसार** |
|---|---|---|---|

| घरको प्रकार | घरको प्रकार | छ | छैन | थाहाछैन/भन्न चाहान्न | छ | छैन | थाहा छैन |
|---|---|---|---|---|---|---|---|
| आरसिसि ढलान भएको | माटो र ढुङ्गा | २ | २ | १ | १ | ४ | ० |
| | सिमेन्ट र ढुङ्गा | ८ | ८ | १० | २ | २४ | ० |
| जस्ता वा च्यादर छाना | काठको खम्बा | ६ | ५० | १५८ | ० | २१२ | २ |
| | फ्रेम स्ट्रक्चर | ० | १ | १ | ० | २ | ० |
| | माटो र ढुङ्गा | २७३ | ६०४ | १,००३ | ३६ | १८१३ | ३१ |
| | सिमेन्ट र ढुङ्गा | ७४ | ६९ | १२९ | ८ | २६० | ४ |
| टायल वा ढुङ्गाको छाना | माटो र ढुङ्गा | ७ | ५ | ७ | ४ | १५ | ० |
| | सिमेन्ट र ढुङ्गा | १ | २ | १ | ० | ४ | ० |
| फुस वा खरको छाना भएको | काठको खम्बा | १४ | १०३ | ३१० | ४ | ४२२ | १ |
| | माटो र ढुङ्गा | १५९ | ५५१ | ७९२ | १८ | १४५९ | २५ |
| | सिमेन्ट र ढुङ्गा | ३ | ६ | ६ | १ | १२ | २ |
| माटोको छाना | काठको खम्बा | १ | ० | ० | ० | १ | ० |
| अन्य | काठको खम्बा | ० | १ | २ | ० | ३ | ० |
| | माटो र ढुङ्गा | ० | ० | ३ | ० | ३ | ० |
| **जम्मा** | | **५४८** | **१४०२** | **२४२३** | **७४** | **४२३४** | **६५** |

### ४.१.७. **गरिबीको दर (गरिबीको रेखामुखी रहेको जनसंख्या)**

**वंगलाचुली**गाउँपालिकाबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७६/२०७७ र २०७७/७८ मा कुल सार्वजनिक खर्च क्रमशः ......................... लाख विनियोजन भएको देखिन्छ ।

तालिका ४.१: **वंगलाचुली**गाउँपालिकाको सार्वजनिक खर्चको विवरण (आ.व. २०७६।७७–२०७७।७८)

| **क्र.सं.** | **शिर्षक** | **आ.व. २०७६।७७** | | **आ.व. २०७७।७८** | | **बृद्धि दर** |
|---|---|---|---|---|---|---|
| | | **रकम रु. लाखमा** | **प्रतिशत** | **रकम रु. लाखमा** | **प्रतिशत** | |
| कूल व्यय | | | | | | |
| १. | चालु खर्च | | | | | |
| १.१ | राजश्व बांडफांड र समानिकरण अनुदानमा आधारित खर्च | | | | | |
| १.२ | शसर्त अनुदानमा आधारित खर्च | | | | | |
| २. | पुंजीगत खर्च | | | | | |
| २.१ | आर्थिक विकास | | | | | |
| | कृषि तथा पशु | | | | | |
| | उद्योग तथा बाणिज्य | | | | | |
| | पर्यटन | | | | | |
| | वित्त र बैंकिड | | | | | |
| | सहकारी | | | | | |
| २.२ | सामाजिक विकास | | | | | |
| | शिक्षा | | | | | |
| | स्वास्थ्य | | | | | |
| | खानेपानी र सरसफाई | | | | | |
| | युवा, खेलकुद तथा मनोरञ्जन | | | | | |
| | लडिक समानता सामाजिकै समावेशीकरण | | | | | |
| | संस्कृति प्रबर्धन | | | | | |
| २.३ | पूर्वाधार विकास | | | | | |
| | सडक तथा पुलपुलेसा | | | | | |

| क्र.सं. | शिर्षक | आ.व. २०७६।७७ | | आ.व. २०७७।७८ | | बृद्धि दर |
|---|---|---|---|---|---|---|
| | | रकम रु. लाखमा | प्रतिशत | रकम रु. लाखमा | प्रतिशत | |
| | सिंचाई तथा ढल निकास | | | | | |
| | भवन तथा शहरी विकास | | | | | |
| | उर्जा विद्युत र विद्युतीकरण | | | | | |
| | संञ्चार | | | | | |
| | अन्य | | | | | |
| २.४ | बातावरण संरक्षण तथा विपद् व्यवस्थापन | | | | | |
| २.५ | संस्थागत विकास, सेवा प्रवाह र शुशासन | | | | | |
| २.६ | भैपरी | | | | | |

स्रोत: गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिका ।

४.२.२. **राजश्व**

गाउँपालिकाको राजश्व अन्र्तगत आन्तरिक राजस्व र विगत आर्थिक वर्षको खर्च हुन । नसकेको रकम नगद मौज्दातलाई सामेल गरेको देखिन्छ । राजस्वको विस्तृत विवरण तालिका ४.२ मा उल्लेख छ ।

तालिका ४.२: गाउपालिकाको राजश्व तथा आयस्रोतको विवरण (आ.व. २०७६।७७–२०७७७८)

| क्र.सं. | शिर्षक | आ.व. २०७६।७७ | | आ.व. २०७७।७८ | | बृद्धि दर |
|---|---|---|---|---|---|---|
| | | रकम रु. लाखमा | प्रतिशत | रकम रु. लाखमा | प्रतिशत | |
| १. | आय विवरण | | | | | |
| १.१ | राजश्व र नगद मौज्दात | | | | | |
| १.१.१ | आन्तरिक राजश्व | | | | | |
| | घरधुरी कर | | | | | |
| | सवारी साधन कर | | | | | |
| | विज्ञाकन कर | | | | | |
| | व्यवसाय कर | | | | | |
| | भूमि कर | | | | | |

| क्र.सं. | शिर्षक | आ.व. २०७६।७७ | | आ.व. २०७७।७८ | | बृद्धि दर |
|---|---|---|---|---|---|---|
| | | रकम रु. लाखमा | प्रतिशत | रकम रु. लाखमा | प्रतिशत | |
| | निकासी कर | | | | | |
| | सेवा शुल्क दस्तुर | | | | | |
| | विविध | | | | | |
| | पसल तथा उद्योग दर्ता | | | | | |
| | प्रवेश शुल्क | | | | | |
| | राजश्व बांडफांडबाट प्राप्त रकम | | | | | |
| | अन्य आय | | | | | |
| १.१.२ | **गत वर्षको नगद मौज्दात** | | | | | |
| १.२ | **अर्न्तसरकारी बित्तिय हस्तान्तरण** | | | | | |
| | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | | | | | |
| | नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान | | | | | |
| | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान | | | | | |
| | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान | | | | | |
| | गण्डकी प्रदेस सरकारबाट प्राप्त अनुदान | | | | | |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | | | |
| १.३ | जनसहभागिता | | | | | |
| | नगद सहभागिता | | | | | |
| | श्रम तथा बस्तुगत सहभागिता | | | | | |
| १.४ | बैदेशिक सहायता (अनुदान) | | | | | |
| १.५ | गैरसरकारी संस्थाको सहयोग परिचालन | | | | | |

| क्र.सं. | शिर्षक | आ.व. २०७६।७७ | | आ.व. २०७७।७८ | | बृद्धि दर |
|---|---|---|---|---|---|---|
| | | रकम रु. लाखमा | प्रतिशत | रकम रु. लाखमा | प्रतिशत | |
| १.६ | सार्वजनिक ऋण | | | | | |
| | आन्तरिक ऋण | | | | | |
| | बैदेशिक ऋण | | | | | |

### ४.२.३ अन्तर सरकारी वित्त

अन्तर सरकारी वित्त स्थानिय तहको आयश्रोतको प्रमुख आधार रहेको छ। यो कूल पालिकाको आयको ठूलो हिस्सा तिन चौथाई अंश रहेको छ। यस अर्न्तगत नेपाल सरकार वाट प्राप्त समानिकरण, शसर्त, समपुरक र विशेष अनुदान, प्रदेश सरकारवाट प्राप्त यस्तै प्रकारका अनुदान रकमहरु समावेश हुन्छन् । त्यस वाहेक अन्तर स्थानिय तहवाट प्राप्त हुने रकमहरु पनि समावेश हुन्छन् । भविश्यमा यसता थपअनुदान लिन आवश्यक व्यवस्था म्याचिङ फण्ड, र परियोजना वलाई पहलकदमी गर्नु आवश्यक छ।

### ४.२.४ बैदेशिक सहायता परिचालन

स्थानिय तहले बैदेशिक ऋण अथवा सहायता प्रत्यक्ष रुपमा प्राप्त गर्न नसकेतापनि सम्भावित परियोजनामा द्धिपक्षिय र बहुपक्षिय बैदेशिक सहायता प्राप्ति र परिचालनका लागि नेपाल सरकार सग पहल गर्न सक्दछ । पर्यटन प्रबर्द्धन, उर्जा, शिक्षा, स्वास्थ्य कृषि विकास, गरिवि निवारण, सांस्कृतिक सम्पदाको संरक्षण, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा बैदेशिक सरकारी तथा गैर सरकारी सहायता -वित्तिय, प्रविधिक) परिचालन गर्न सक्दछ । यसका लागि गाउपालिकाले विशेषज्ञहरुको सहयोग लिएर परियोजना प्रस्ताव तयार गरि नेपाल सरकार, अर्थ मन्त्रालयको सहयोगमा पहलकदमी गर्न सक्दछ । ताराखोला गाउपालिकाले हाल सम्म प्रत्यक्ष रुपमा यस्तो सहायता परिचालन आफ्नै पहलमा गर्न सकेको छैन ।

### ४.२.५ सार्वजनिक ऋण

स्थानिय तहको सरकारले सार्वजनिक ऋण उठाउन सक्दछ। यसका लागि पालिकाले आवश्यक कानुन वनाएर आफ्ने क्षेत्रका वित्तिय संस्थाहरुवाट र जनतावाट सार्वजनिक ऋण उठाउन सक्दछ । खासगरि विद्युत परियोजना, खानी संचालन, कृषि तथा पशुपालन व्यवसाय, उद्योग ग्रामको पूर्वाधार विकास र पर्यटन क्षेत्रमा विशेष परियोजना संचालन गर्न विकास पचत पत्र जारि गरेर जनतावाट दिर्घकालिन प्रकृतिको ऋण उठाउन सक्दछ। तर अहिले सम्म ताराखोला गाउपालिकाले यस्ता कार्यक्रम वा परियोजना बनाउने र ऋण उठाउने पहल गर्न सकेको छैन।

### ४.२.६ जनसहभागिता परिचालन

स्थानीय तहमा रहेको जनशक्ति जो अल्प रोजगार वा वेरोजगार रुपमा रहेको छ त्यस्तो मानवशक्ति लाई विकास निर्माणको कार्यमा परिचालन गरेर अभियानका रुपमा उपयोग गर्न सकिन्छ। यस्तो कार्य सार्वजनिक भवन निर्माण, वाटो, पुल र अन्य ग्रामीण पूर्वाधार निर्माणमा लगाउन सकिन्छ। खासगरि स्थानीय समुदायसग श्रम वा बस्तु वा नगद सहभागितामा यस्ता विकास निर्माणका कार्य गर्न सकिन्छ। ताराखोला गाउपालिकाले आफ्नो बजेट र कार्यक्रममा यस्तो विकल्पको उपयोग गर्ने प्रस्ताव

गरेको छैन तर भविष्यमा त्यसका लागि आवस्यक कानून र कार्यविधि वनाइ स्थानिय जनतालाई विकास निर्माण्मा परिचालन गर्नु वान्छनिय हुन्छ ।

४.३ **सार्वजनिक, निजि र सहकारी साझेदारी** विकास निर्माणका लागि सार्वजनिक (Public), निजि(Private), सहकारी(Cooperative) को

साझेदारी पछिल्लो समय अवलम्वन गरिएको एउटा उत्तम विकल्प हो । यसले वित्तिय अभाव, सरकारी क्षेत्रको असफलता र निजि क्षेत्रको विकासमा सहभागिता बढाउने कार्यका लागि एउटा समाधान दिन सक्दछ । ताराखोला गाउपालिकाले निजि क्षेत्रका लगानिकर्ता, स्थानिय सहकारीहरु र आफनो समेत लगानिमा यस पालिका क्षेत्रको कुनै ड्रीम परियोजनामा यस्तो साझेदारीको उपयोग गर्न सक्दछ । खासगरि पर्यटन पूर्वाधार विकास गर्न, प्राकृतिक चिडियाखाना विकास गर्न, दृष्यावलोकन स्थलको पूर्वाधार विकास र सेवा प्रवाह गर्न साथै कतिपय गाउपालिकाका सेवा प्रवाहका क्षेत्रमा -जस्तै एफएम रेडियो) स्वास्थ्य उपचार केन्द्र, सांस्कृतिक संग्रालय निर्माण र संचालन, सामुहिक आधुनिक कृषि तथा पशुपालन फर्म संचालन, जलविद्युत केन्द्र र प्रसारणका क्षेत्रमा यस्तो साझेदारीका परियोजना संचालन गर्न सक्दछ । यसका लागि गाउपालिकाले विज्ञहरुको सरसल्लाह र सेवा लिएर परियोजना निर्माण र विकास गर्न सक्दछ ।

४.४ **वैदेशिक लगानी** विद्यमान कानुनी प्रावधान वमोजिम स्थानिय तहले वैदेशिक लगानिका लागि प्रत्यक्ष तवरले कार्य गर्न सक्दैन तर सम्भाव्य क्षेत्र र परियोजनामा विदेशि लगानी आर्कषित हुने देखिएमा संघिय सरकारको स्विकृति र समन्वयमा विदेशि लगानि आर्कषित गर्न सकिन्छ । हाल सम्म ताराखोला गाउपालिकामा विदेशि लगानि आकर्षित हुन सकेको छैन । भविष्यमा यस्तो सम्भावनालाई नकार्न सकिदैन ।

**४.५ आन्तरिक श्रोत (राजश्व) अभिबृद्धिका कार्यक्रमहरु**

- गाउँपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम बनाउने ।
- गाउँपालिकामा संचालित होटल, रेष्टुरेष्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा व्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेसन गर्ने र करको दायरामा ल्याउने ।
- गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गर्ने ।
- वन पैदावर व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी बृद्धि गर्ने ।
- गाउँपालिकाका ३००० मी. भन्दा माथिका भू-भागलाई संरक्षित क्षेत्रका रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्ने र पर्यटनमा हरित शुल्क (Green Fee) लगाई आय आर्जन गर्ने ।
- गाउँपालिकाले भूमी बैंकको स्थापना गरी यसको परिचालनबाट आय बृद्धि गर्ने ।
- केन्द्र र प्रदेश सरकारवाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गर्ने ।
- गाउँपालिकाले सम्भाव्य ठूला परियोजनाहरु विद्युत पर्यटन स्थल विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गर्ने ।

**४.६ सार्वजनिक खर्चमा वित्तिय अनुशासनका कार्यक्रमहरु**

- गाउँपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गर्ने ।
- केन्द्र र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु

उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गर्ने ।

- सार्वजनिक खर्चमा मितव्ययीतालाई सबै क्षेत्रमा कडाईका साथ लागू गर्ने ।
- गाउँपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व बृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने कुनै नयाँ निर्णय नगर्ने ।
- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गरी र सानातिना योजनाहरु नगद सहभागितामा उपभोक्ता समिति मार्फत गर्ने ।
- बार्षिक खर्च विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशितालाई जोड दिने ।
- गाउँ पालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गर्ने ।
- आवधिक र वार्षिक योजनाहरुको मध्यावधि मूल्यांकन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्ने ।
- आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्नै परे विषयगत क्षेत्रभित्र मात्र गर्ने ।
- गाउँपालिकाबाट हुने सबै खर्च र लगानीको विद्युतीय र बैंकिङ प्रकृयाबाट भुक्तानी गर्ने पद्धती कडाईकासाथ लागु गर्ने ।

४.७ **आर्थिक बृद्धिदर** आर्थिक बृद्धिदर गणना गर्न गाउँपालिका स्तरको उत्पादन र आयको लेखा आवश्यक पर्ने हुन्छ । अहिलेसम्म राष्ट्रिय आम्दानीको तथ्यांक गाउँपालिका स्तरसम्म गणना गर्ने नगरिएकाले यस गाउँपालिकाको सम्बन्धित तथ्यांक उपलब्ध हुन सकेन । त्यसैले बार्षिक तथा योजना अबधिको आर्थिक बृद्धिदर गणना गर्न सम्भव भएन । गाउँपालिकाले केन्द्रीय तथ्यांक विभागसँगको समन्वयमा आगामी दिनमा राष्ट्रिय आय गणना पद्धती अबलम्बन गरी गाउँपालिका स्तरको समष्टिगत आम्दानी र खर्चको तथ्यांक संकलन गर्ने पद्धतीको विकास गर्नु आवश्यक छ । यसका लागि गाउँपालिका स्तरमा तथ्यांक संकलन तथा व्यवस्थापन इकाईको स्थापना र सम्बन्धित विषयका शिपयुक्त जनसक्तिको व्यवस्थापन गरी आय र उत्पादनको तथ्यांक अध्यावबिधक गर्नेकार्यको प्रारम्भ गर्नु आवश्यक छ ।

४.८ **लगानीको आवश्यकता र स्रोत** ताराखोला गाउँपालिकाको आबधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न ठुलो परिमाणमा खर्च र लगानीको आवश्यकता पर्दछ । लगानीको आवश्यकता निर्धारण गर्दा प्रचलित स्थापित विधि अबलम्बन गर्न तथ्यांकको अभावमा सम्भव भएन । त्यसैले यो प्रथम पाँच वर्षे योजनाका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको प्रक्षेपण सामान्य तथ्यांकीय बिधि अबलम्बन गरीएको छ । खासगरी गाउँपालिकाको विद्यमान आम्दानीको श्रोत अन्तरसरकारी  वित्तिय हस्तान्तरणको अबस्था, थप राजश्व परिचालन हुन सक्ने सम्भाव्य क्षेत्रहरु, नीजि क्षेत्रको लगानीको सम्भावनाका क्षेत्रहरुको आँकलन, बैदेशिक सहायता परिचालनको सम्भावना, गैरसरकारी संस्थाहरुको सहभागिताको सम्भावना र स्थानीय जनसहभागिता समेतको विश्लेषण गरी पाँच वर्षको लागि आवश्यक खर्च, लगानी र सम्भाव्य श्रोतहरुको प्रक्षेपण तालिका ४.३ र ४.४ मा उल्लेख गरिएको छ ।

तालिका ४.३ मा उल्लेख भएअनुसार गाउँपालिकाको आबधिक योजना अबधिमा कूल १ अर्ब ७५ करोठ ७३ हजार खर्च र लगानी हुने प्रक्षेपित अनुमान गरिएको छ ।

जसमा पुँजीगत खर्च ८१ करोड, ७६ लाख ८ हजार (४६.७२%) र चालु खर्चतर्फ ९३ करोड २४ लाख ६५ हजार (५३.२८%) खर्च हुने प्रक्षेपित अनुमान गरिएको छ । चालु खर्चतर्फ शसर्त अनुदानबाट ६४.२१ प्रतिशत, सामान्यीकरण र राजश्व बाँडफाँडबाट ३२.७ प्रतिशत र आन्तरिक श्रोतबाट ३.०९ प्रतिशत खर्च व्यहोर्ने प्रकृतिका कार्यक्रमहरु रहेका छन् । पुजिगत खर्चतर्फ आर्थिक विकास क्षेत्रमा २२७५.५१ लाख (२७.८३ %), पुर्वाधार विकास क्षेत्रतर्फ ३२७२.१० (४०.०२ %),

सामाजिक विकास तर्फ १९००.२६ (२३.२४ %), संस्थागत विकास र सेवा प्रवाह क्षेत्रमा १९६.९६ (२.४१ %) र अन्तरसम्बन्धित अन्य क्षेत्रको विकास तर्फ ३९३.३८ लाख खर्चको विनियोजन गरिएको छ ।

उपरोक्त लगानी र खर्च मध्ये योजनाको पहिलो वर्ष आ.व. २०७६।७७ मा कूल २५७७.७७ लाख १४.७३%) लगानी हुने प्रक्षेपण गरिएको छ भने दोस्रो वर्ष आ.व. ०७७।७८ मा कूल २९३५.५४ लाख १६.७७ %), तेस्रो वर्ष आ.व. ०७८।८९ मा कूल ३३९५.८७ (१९.४० %), चौथो वर्ष आ.व. ०७९।८० मा कूल ३९०५.२५ (२२.३१ %) र अन्तिम वर्ष आ.व. ०८०।८१ मा ४६८६.३१ (२६.७८ %) रकम खर्च र लगानी हुने प्रक्षेपण गरिएको छ । यो विनियोजन गर्दा गाउँपालिकाको संस्थागत क्षमता र आयस्रोतको अभिबृद्धिलाई मुख्य आधार मानिएको छ ।

तालिका ४.३: योजना अवधिको लागि प्रक्षेपित खर्च तथा लगानीको विवरण (रकम रु. लाखमा)

| क्र.सं. | खर्च र लगानीका शिर्षकहरु | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ | कूल खर्च तथा लगानी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | **कूल ब्यय** | 2577.77 | 2935.54 | 3395.87 | 3905.25 | 4686.31 | 17500.73 | 100.00 |
| १. | **चालु खर्च** | 1376.35 | 1563.99 | 1808.59 | 2079.87 | 2495.85 | 9324.65 | 53.28 |
| १.१ | राजश्व बांडफांड र समानिकरण अनुदानमा आधारित खर्च | 464.45 | 510.90 | 587.53 | 675.66 | 810.80 | 3049.34 | 32.70 |
| १.२ | शसर्त अनुदानमा आधारित खर्च | 911.90 | 1003.09 | 1153.55 | 1326.59 | 1591.90 | 5987.03 | 64.21 |
| | आन्तरिक स्रोतमा आधारित खर्च | 0.00 | 50.00 | 67.50 | 77.63 | 93.15 | 288.28 | 3.09 |
| २. | **पुंजीगत खर्च** | 1201.42 | 1371.55 | 1587.28 | 1825.37 | 2190.46 | 8176.08 | 46.72 |
| २.१ | **आर्थिक विकास** | 319.35 | 379.66 | 446.60 | 513.59 | 616.31 | 2275.51 | 27.83 |
| | कृषि तथा पशु | 169.25 | 186.18 | 214.10 | 246.22 | 295.46 | 1111.20 | 48.83 |
| | उद्योग तथा बाणिज्य | 50.50 | 65.55 | 85.38 | 98.19 | 117.82 | 417.44 | 18.34 |
| | पर्यटन | 56.00 | 70.00 | 80.50 | 92.58 | 111.09 | 410.17 | 18.03 |
| | वित्त र बैंकिङ | 23.30 | 35.60 | 40.94 | 47.08 | 56.50 | 203.42 | 8.94 |
| | सहकारी | 20.30 | 22.33 | 25.68 | 29.53 | 35.44 | 133.28 | 5.86 |
| २.२ | **सामाजिक विकास** | 272.77 | 321.67 | 369.92 | 425.41 | 510.49 | 1900.26 | 23.24 |
| | शिक्षा | 114.17 | 140.00 | 161.00 | 185.15 | 222.18 | 822.50 | 43.28 |
| | स्वास्थ्य | 67.20 | 81.13 | 93.30 | 107.29 | 128.75 | 477.68 | 25.14 |
| | खानेपानी र सरसफाई | 36.30 | 39.93 | 45.92 | 52.81 | 63.37 | 238.33 | 12.54 |
| | युवा, खेलकुद तथा मनोरञ्जन | 14.30 | 15.73 | 18.09 | 20.80 | 24.96 | 93.89 | 4.94 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लैडिक समानता सामाजिक समावेशीकरण | 22.00 | 24.20 | 27.83 | 32.00 | 38.41 | 144.44 | 7.60 |
| | संस्कृति प्रबर्धन | 18.80 | 20.68 | 23.78 | 27.35 | 32.82 | 123.43 | 6.50 |
| २.३ | **पूर्वाधार विकास** | 498.38 | 548.22 | 630.45 | 725.02 | 870.03 | 3272.10 | 40.02 |
| | सडक तथा पुलपुलेसा | 232.98 | 256.28 | 294.72 | 338.93 | 406.71 | 1529.62 | 46.75 |
| | सिंचाई तथा ढल निकास | 26.95 | 29.65 | 34.09 | 39.21 | 47.05 | 176.94 | 5.41 |
| | भवन तथा शहरी विकास | 125.95 | 138.55 | 159.33 | 183.23 | 219.87 | 826.92 | 25.27 |
| | उर्जा विद्युत र विद्युतीकरण | 31.00 | 34.10 | 39.22 | 45.10 | 54.12 | 203.53 | 6.22 |
| | संञ्चार | 26.50 | 29.15 | 33.52 | 38.55 | 46.26 | 173.98 | 5.32 |
| | अन्य | 55.00 | 60.50 | 69.58 | 80.01 | 96.02 | 361.11 | 11.04 |
| २.४ | **बातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | 21.00 | 23.10 | 26.57 | 30.55 | 36.66 | 137.87 | 1.69 |
| २.५ | **संस्थागत विकास, सेवा प्रवाह र शुशासन** | 30.00 | 33.00 | 37.95 | 43.64 | 52.37 | 196.96 | 2.41 |
| २.६ | **अन्तरसम्बन्धित अन्य** | 59.92 | 65.91 | 75.80 | 87.16 | 104.60 | 393.38 | 4.81 |

तालिका ४.४: खर्च र लगानीका स्रोतहरुको प्रक्षेपण (रकम रु. लाखमा)

| क्र.सं. | शिर्षक | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ | कूल आय तथा लगानी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १. | **कूल आय तथा लगानी** | 2577.77 | 2935.54 | 3395.87 | 3905.25 | 4686.30 | 17500.74 | 100.00 |
| १.१ | **राजश्व र नगद मौज्दात** | 633.19 | 696.51 | 800.99 | 921.14 | 1105.37 | 4157.20 | 23.75 |
| १.१.१ | **आन्तरिक राजश्व** | 497.89 | 547.68 | 629.83 | 724.31 | 869.17 | 3268.89 | 18.68 |
| | घरधुरी कर | 2.20 | 2.42 | 2.78 | 3.20 | 3.84 | 14.44 | 0.08 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सवारी साधन कर | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | विज्ञाकन कर | 0.11 | 0.12 | 0.14 | 0.16 | 0.19 | 0.72 | 0.00 |
| | व्यवसाय कर | 1.10 | 1.21 | 1.39 | 1.60 | 1.92 | 7.22 | 0.04 |
| | भूमि कर | 8.80 | 9.68 | 11.13 | 12.80 | 15.36 | 57.78 | 0.33 |
| | निकासी कर | 11.00 | 12.10 | 13.92 | 16.00 | 19.20 | 72.22 | 0.41 |
| | सेवा शुल्क दस्तुर | 7.70 | 8.47 | 9.74 | 11.20 | 13.44 | 50.55 | 0.29 |
| | विविध | 1.10 | 1.21 | 1.39 | 1.60 | 1.92 | 7.22 | 0.04 |
| | पसल तथा उद्योग दर्ता | 1.10 | 1.21 | 1.39 | 1.60 | 1.92 | 7.22 | 0.04 |
| | प्रवेश शुल्क | 0.33 | 0.36 | 0.42 | 0.48 | 0.58 | 2.17 | 0.01 |
| | राजश्व बांडफांडबाट प्राप्त रकम | 464.45 | 510.90 | 587.53 | 675.66 | 810.80 | 3049.34 | 17.42 |
| | अन्य आय | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| १.१.२ | **गत वर्षको नगद मौज्दात** | 135.30 | 148.83 | 171.15 | 196.83 | 236.19 | 888.31 | 5.08 |
| १.२ | **अर्न्तसरकारी बित्तिय हस्तान्तरण** | 1774.57 | 1952.03 | 2244.83 | 2581.56 | 3097.87 | 11650.86 | 66.57 |
| | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | 660.00 | 726.00 | 834.90 | 960.14 | 1152.16 | 4333.20 | 24.76 |
| | नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान | 911.90 | 1003.09 | 1153.55 | 1326.59 | 1591.90 | 5987.03 | 34.21 |
| | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान | 50.00 | 55.00 | 63.25 | 72.74 | 87.29 | 328.27 | 1.88 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान | 25.00 | 27.50 | 31.63 | 36.37 | 43.64 | 164.14 | 0.94 |
| | गण्डकी प्रदेस सरकारबाट प्राप्त अनुदान | 122.67 | 134.94 | 155.18 | 178.46 | 214.15 | 805.40 | 4.60 |
| | अन्तर स्थानीय तहबाट प्राप्त | 5.00 | 5.50 | 6.33 | 7.27 | 8.73 | 32.83 | 0.19 |
| १.३ | **जनसहभागिता** | 30.00 | 33.00 | 37.95 | 43.64 | 52.37 | 196.96 | 1.13 |
| | नगद सहभागिता | 10.00 | 11.00 | 12.65 | 14.55 | 17.46 | 65.65 | 0.38 |
| | श्रम तथा बस्तुगत सहभागिता | 20.00 | 22.00 | 25.30 | 29.10 | 34.91 | 131.31 | 0.75 |
| १.४ | **बैदेशिक सहायता (अनुदान)** | 20.00 | 22.00 | 25.30 | 29.10 | 34.91 | 131.31 | 0.75 |
| १.५ | **गैरसरकारी संस्थाको सहयोग परिचालन** | 20.00 | 22.00 | 25.30 | 29.10 | 34.91 | 131.31 | 0.75 |
| १.६ | **सार्वजनिक ऋण** | 0.00 | 100.00 | 135.00 | 155.25 | 186.30 | 576.55 | 3.29 |
| | आन्तरिक ऋण | 0.00 | 100.00 | 115.00 | 132.25 | 158.70 | 505.95 | 2.89 |
| | बैदेशिक ऋण | 0.00 | 0.00 | 20.00 | 23.00 | 27.60 | 70.60 | 0.40 |
| १.७ | **निजी क्षेत्रको लगानी** | 100.00 | 110.00 | 126.50 | 145.48 | 174.57 | 656.55 | 3.75 |

तालिका ४.४ मा उल्लेख भएअनुसार योजना अबधिमा हुने कूल खर्च र लगानीमा अन्तरसरकारी वित्तीय हस्तान्तरणको मूख्य भूमिका रहने प्रक्षेपण गरिएको छ । योजना अबधिको लागि आवश्यक पर्ने कूल लगानीमध्ये संघ, प्रदेश र अन्तरस्थानीय तहबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरुबाट खर्चहुने कार्यक्रमहरुमा कूल १ अर्ब १६ करोड ५० लाख ८६ हजार ६६.५७%) व्यवस्थापन हुने देखिन्छ । खर्च र लगानिका स्रोतहरुमध्ये आन्तरिक श्रोत र राजश्व बाँडफाँड बाट ३२७८.८९ लाख (१८.८६ %) प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी योजना अबधिमा जनसहभागिता तर्फ १९६.९६ (१.१३ %), बैदेशिक सहायता (अनुदान) परिचालनबाट १३१.३१ (०.७५ % ), गैरसरकारी संस्थाहरुको सहयोग परिचालनबाट १३१.३१ (०.७५ % ) र सार्वजनिक ऋण (आन्तरिक र बाह्य)बाट ५७६.५५ (३.२९%) रकम परिचालन हुने प्रक्षेपण गरिएको छ । त्यसैगरी योजना अबधिमा निजी क्षेत्रले विभिन्न व्यवसायहरुमा गर्ने लगानी ६ करोड ५६ लाख ५५ हजार (३.७५%) हुने अनुमान गरिएको छ ।

# परिच्छेद- ५

## वंगलाचुली गाउपालिकाको आर्थिक क्षेत्रॅ

## (Economic Sector of Tarakhoal Rural Municipality)

**५.१.कृषि तथा पशुपालन** वंगलाचुली गाँउपालिकाको बस्तुगत विवरण २०७४ अनुसार यस गाँउपालिकामा परिवारको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालनमा संलग्न परिवार ७९.०२ प्रतिशत छन । यस गाउँपालिकाको कृषिमा साना र मझौला किसानहरुको बाहुल्यता रहेको छ । समग्रमा कृषि र पशुपंक्षीपालन निर्वाहमुखि रहनु र यसमा सम्लग्न कृषकहरुको उत्पादकत्व न्यून रहनु यस क्षेत्रका मुलभूत समस्याहरु हुन । यसबाट बैकल्पिक अवसरहरुको अभावमा युव जनशक्ति पलायन हुने र कूल उत्पादन घट्ने प्रबृत्ति बढदै गैरहेको छ । यस सन्दर्भमा प्रस्तुत आबधिक योजनाले कृषि र पशुपालन क्षेत्रको व्यवसायिकरण गरी यसमा आश्रित जनसंख्याको आयआर्जन बृद्धि गर्ने रणनीति अबलम्बन गर्नु आवश्यक हुन्छ । ताराखोलाको कृषि र पशुपंक्षी विकास दीगो विकासका लक्ष्य, संघ र प्रदेश सरकारको कृषि विकासको नीति र रणनीतिअनुसार आबद्ध गरी अघि बढाउनु पर्ने आवश्यकता छ । यहाँको कृषि र पशुपालन मूलतः प्राकृतिक श्रोत (मौसम, सतह सिंचाई, वनपैदावार) मा आधारित रहेकोले यिनीहरुको दीगो उपयोग मार्फत कृषिमा व्यवसायिकरण र आधुनिकीकरण गर्नु आवश्यक छ । गाउँपालिकामा खाद्यान्नको अपर्याप्तता र कुपोषणको समस्यालाई निराकरण गर्नु आवश्यक छ । यसको साथै विभिन्न कृषि बालिहरुको उत्पादन बृद्धि गर्नको लागि सिंचाइको सुविधा उपलब्ध गराउन आवश्यक छ ।

### ५.१.१ प्रमुख समस्याहरु

१. जग्गाको खण्डिकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानुको साथै उत्पादनमा ह्रास हुदै गएको ।

२. कृषि पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन भएको ।

३. हावापानीको विविधता तथा भौगोलिक जटिलताका कारण सोही अनुसार कृषि ज्ञान, कृषिमा ठुला तथा नीजि क्षेत्रको लगानी कम हुनु ।

३. कृषि उत्पादनको मूल्यमा विचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु ।

४. प्रविधि विकास तथा यान्त्रिकरण र व्यवसायिकरण हुन नसकेको ।

५. जलवायु परिवर्तनको असरका कारण वालीहरुमा नयाँ रोग तथा किराहरु देखा पर्दै गएको, ६. मल, गुणस्तरीय विउ, सिंचाई, कृषि सामग्री आदीको मागअनुसार सही समय, मुल्य र स्थानमा सहज तरीकाले उपलब्ध हुन नसकेको ।

७. आवश्यक शीत र अन्न भण्डारको व्यवस्था हुन नसक्नु ।

८. कृषि प्रसार सेवा, कृषि सुचना, कृषि विमा, कृषिऋण जस्ता कार्यक्रमहरु ग्रामिण कृषकहरूको पहुँचमा पुग्न नसकेको ।

९. कृषि उत्पादनलाई मुल्य श्रृङ्खलासंग तथा कृषि उधोगसंग जोड् न नसक्दा वजारीकरणमा समस्या देखिएको छ ।

### ५.१.२ चुनौती र अवसर

### चुनौती

१. वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा रहेको श्रम अभावलाई सम्बोधन गर्नु ।
२. जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउनु ।
३. कृषि विमा व्यवस्थालाई प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी बृद्धि गर्नु र कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु ।
४. निरन्तर सिंचाई, प्रविधि विकास तथा यान्त्रिकरण मार्फत कृषिको व्यवसायीकरण गर्नु ।
५. कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि गर्नु ।
६. गुणस्तरीय बीउ, मलखाद, कीटनाशक तथा कृषि सामाग्रीको समयानुकूल आपूर्ति बढाउनु ।
७. गुणस्तरीय उत्पादन सामाग्री, दाना, घाँस, औषधि लगायतका सामग्रीको समयानुकूल आपूर्ति बढाउनु ।
८. बर्डफ्लू, स्वाईन फ्लू जस्ता रोगहरुको प्रकोप बढ्दै जानु ।
९. कृषि पेशालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्नु ।
१०. कृषि विकासको लागि संघ, प्रदेश र स्थानीय सरकार बीच समन्वय र सहकार्य गर्नु ।

### अवसर

१. वंगलाचुलीको भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु ।
२. कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति-२०७२ कार्यान्वयन हुनु ।
३. स्वदेशी लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात भई सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्रको पहिचान हुनु ।
४. दुग्ध व्यवसाय, आलु, भाँगो जस्ता कृषिलाई प्राथमिकता दिई कार्यान्वयान गर्ने नीति लिनु ।
५. विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु ।
६. माछा, मासु तथा दुग्धजन्य वस्तुहरुको उपभोग बृद्धि हुँदै जानु ।
७. यातायातका सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोगले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदै जानु ।
८. प्रांगारिक कृषि प्रति बढ्दो चासो साथै विकास हुँदै गरेको पर्यटन, पर्यापर्यटन तथा कृषि पर्यटनले पनि कृषि क्षेत्रमा अवसरहरुको श्रृजना गर्न ।

### ५.१.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोचः आत्मनिर्भर कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमार्फत गाउँपालिकामा रोजगारी सिर्जना गर्दै आर्थिक बृद्धि मार्फत सम्बृद्ध गाउँपालिकाको निर्माण गर्ने ।

लक्ष्यः कृषिको व्यावसायिकरण र गुणस्तरीय खाद्यान्न र पशुर्पक्षिजन्य उत्पादन बृद्धिका माध्यमबाट यस गाउँपालिकाका जनताको खाद्य सुरक्षा सुनिश्चित गरी आत्मनिर्भर र निर्यात उन्मुख बनाउने ।

उद्देश्यः

१. कृषि उत्पादन, पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्नु ।

२. कृषि प्रणालीलाई सिंचाइ तथा अन्य सुबिधाहरुलाई उपलब्ध गराई नाफामूलक, गुणस्तरिय, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गरी खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

३. कृषि उत्पादन र पशुपन्छीजन्य तथा मत्स्यजन्य व्यवसायलाइ वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउनु ।

### **५.१.४ रणनीति र कार्यनीति**

| उद्देश्य १ः कृषि उत्पादन, पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्नु | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ कृषक वर्गीकरण सहितको सेवाद्वारा उत्पादनशिलतामा बृद्धि गरी विशिष्टीकृत उत्पादनको प्रबर्दधन गर्ने । | १.१.१ कृषक पहिचान तथा वर्गकीकरण कार्यविधि ् तयार गरी कृषक वर्गीकरणको आधारमा अनुदान तथा अन्य सेवालाई विशिष्टीकृत तथा लक्षित गरिने ।<br>१.१.२ कृषि भूमिको उर्वराशक्ति, बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा विशिष्टिकृत कृषि उत्पादन क्षेत्र (पकेट क्षेत्र) र नमूना फर्म ९ःयमभ ँबच्क० विकास गरी कृषि ज्ञान केन्द्रमार्फत विशिष्टिकृत सेवा पुर्याइने ।<br>१.१.३ दिगो विकासका लागि पशुपन्छी तथा मत्स्यपालनसम्बन्धी गाउँपालिकाका नीति ऐन र नियमहरू तर्जुमा गरिने ।<br>१.१.४ एक वडा एक घाँसेवाली स्रोत केन्द्र स्थापना गरिने ।<br>१.१.५ पशुपन्छीको नश्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एकीकृत रूपमा ज्ञान केन्द्र मार्फत प्रदान गरिने । |

| | |
|---|---|
| २.१ प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य, पशुपन्छीजन्य तथा मत्स्यजन्य बस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने । | २.१.१ कृषकमैत्री नीति ऐन र नियमहरू तर्जुमा गरिने छ ।<br>२.१.२ लगानी सुनिश्चित गराउन वातावरणीय, प्राविधिक, बजार एवम जंगली जनावरबाट हुने जोखिम न्यूनीकरणका लागि प्राथमिकता दिइनेछ<br>२.१.३ उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>२.१.४ गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषि यन्त्रहरु, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गरिनेछ । साथै प्रयोगशाला सेवा र विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।<br>२.१.५ एक वडा एक नमूना कृषि कार्यक्रम नीति अबलम्बन गरिने ।<br>२.१.६ सम्भावित कृषि बस्तु, पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्दधन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिने । |

| | |
|---|---|
| ३.१. कृषि क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी अभिबृद्धि गरी निर्यात प्रबर्द्धन गर्ने । | ३.१.१ बैंक तथा सहकारी संस्थाहरुले निश्चित प्रतिशत रकम कृषि उत्पादनमा लगानि गर्नुपर्ने र कृषि उद्यम एवं व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याजदरको ऋण उपलब्ध गराउने नीतिगत व्यबस्था गरिने छ ।<br>३.१.२ नीजि क्षेत्रले कृषिमा तथा पशुपालन फर्म सञ्चालन गर्न चाहेमा पूर्वाधारमा सहयोग गरिने र नीतिगत तथा व्यवासाय करमा सहुलियत उपलब्ध गराउने ।<br>३.१.३ नीजि क्षेत्रका कृषि उपजहरुको ब्राण्डिङ गर्ने कानुन निर्माण गर्ने र प्याटेण्ट दर्ता गर्ने व्यवस्था गर्ने |

| उद्देश्य २: कृषि प्रणालीलाई सिंचाइ तथा अन्य सुबिधाहरुलाई उपलब्ध गराई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गरी खाद्य सुरक्षा सुनिश्चित गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |

| | |
|---|---|
| २.१ तुलनात्मक लागत लाभ हुनसक्ने बाली, पशुपंक्षिजन्य बस्तुहरुको व्यवसायिकरण सहित खाद्य सुरक्षाको सुनिश्चित गर्ने | २.१.१ तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा बस्तुको सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२.१.२ उत्पादन वा आम्दानीको आधारमा अनुदान ९इगतउगत यच ष्लअयफभ दबकभम कगदकष्मथ० उपलब्ध गराउने व्यवस्था मिलाउने ।<br>२.१.३ नीजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी खेतीलाई प्राथमिकता दिई खाद्य सुरक्षाको सुनिश्चित गर्ने ।<br>२.१.४ कृषि पेशामा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्न तथा सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ<br>२.१.५ कृषि उपजको बजारीकरण तथा व्यवसायीकरण र यान्त्रिकीकरणमा सहयोग उपलब्ध गराईने छ । |

| उद्देश्य ३: कृषि उत्पादन र पशुपन्छीजन्य तथा मत्स्यजन्य व्यवसायलाइ वातावरण मैत्री, प्रविधियुक्त, परिणाममुखी र प्रतिस्पर्धी बनाउनु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| ३.१ वातावरण मैत्री प्रविधि, वित्तिय सहयोग, बजारीकरण, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास गरी कृषि, पशुपंक्षी एवं मत्स्य उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु । | ३.१.१ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादनमा वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्दधन् गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिने ।<br>३.१.२ कृषिजन्य जैविक विविधताको संरक्षण, संवर्दधन तथा सदुपयोग गर्दै माटो सुहाउँदो एवम् जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको अबलम्बन गरिने ।<br>३.१.३ पशुपन्छी विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु |
| | स्वास्थ्य, सुलभ ऋृण, बिमासहितको प्राविधिक सेवा प्रदान गरिने ।<br>३.१.४ पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विभिन्न निकायको सहयोग र सहकार्यमा उन्नत प्रविधिको प्रयोग तथा प्रसार गरिने । |

**५.१.५ प्रमुख कार्यक्रमहरु**

१. जग्गासुधार गरी व्यवसायिक खेती गर्ने कृषकलाई लक्षित गरी अनुदानका तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्ने ।

२. खेतियोग्य जग्गा बांझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने ।

३. कृषि तथ्यांक अध्यावधिक गर्ने, कृषक पहिचान तथा वर्गीकरण गर्ने एवं कृषक परिचयपत्र वितरण कार्यक्रम र बर्गीकरणको आधारमा कृषकलाई सेवा तथा सुविधाको स्तर एकिन गर्ने स्पष्ट निर्देशिका निर्माण गरी खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

४. कृषि उत्पादन पकेट क्षेत्र र नमूना फार्म विकाससम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने

५. पशुपंक्षीपालक तथा मत्स्यपालक कृषकमैत्री नीति, ऐन र नियम, निर्देशिका, कार्यविधि तयार गर्ने ।

६. गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बीउ वृद्धि, नश्ल सुधार, दाना, औषधीमा गाउँपालिकाले सहयोग गर्ने ।

७. प्रत्येक वडामा एकजना पशुसेवा प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिने ।

८. कृषि उपज बजारीकरणलाई सहजीकरण र नियमन गर्ने, गाउँपालिकामा एक शीत गृहको निर्माण गर्ने ।

९. कृषि बिमालाई प्रभावकारी बनाउनको लागि बिमा कम्पनीहरु र कृषकसंग समन्वयात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

१०. गुणस्तरीय उत्पादन सामग्रीहरू बीउ, मल, र कृषि सामाग्रीको सुलभ उपलब्धता बढाईने कार्यक्रमहरु सञ्चालन गर्ने ।

११. मुख्य मुख्य बालीको उत्पादनको न्युनतम विक्रिमूल्य निर्धारण गरी प्रकाशन गर्ने ।

१२. पशुपन्छी जन्य उत्पादनको ब्रान्डीङ्ग तथा बजारीकरणमा सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

१३. नीजि क्षेत्रले वनजन्य उपजहरु र जडिबुटि खेती गर्न चाहेमा आवश्यक सहुलियत र सेवाहरु उपलब्ध गराउने ।

१४. तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा बस्तुको पहिचान गरी सघन व्यवसायिक उत्पादन केन्द्रहरुको विकास गर्ने ।

१५. सार्वजनिक नीजी साझेदारीमा 'एक वडा एक व्यवसायिक उत्पादन' कार्यक्रम सञ्चालन गर्ने । १६. उत्कृष्ठ कृषकहरुलाई प्रोत्साहित गर्न विशेष पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने ।

१७. कृषि उपजको बजारीकरण तथा व्यवसायिकरणमा सहयोग पुर्‍याउन कृषि उपज संकलन केन्द्र, विक्री केन्द्र, हाट बजार, चिस्यान केन्द्र स्थापनामा सहयोग उपलब्ध गराउने ।

१८. गाउँपालिकाको कृषियोग्य जमिनको माटो परिक्षण गरी उपयुक्त बालीको सिफारिस गर्ने व्यवस्था मिलाउने ।

१९. प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान गर्ने ।

२०.पशुपन्छी विशेष उत्पादन क्षेत्र तोकिनेछ । स्थानीय रैथाने पशुपन्छी संरक्षणका कार्यक्रमहरू संचालन गर्ने ।

२१. जलवायु अनुकूलन तथा वातावरणमैत्री प्रविधि अबलम्बन गर्न सम्बन्धित निकायहरुसँग सहकार्य गर्ने ।

२२. प्राकृतिक प्रकोप, रोगव्याधी, महामारीको कारणबाट कृषकहरूको पशुधन र सो सम्वद्ध भौतिक संरचना क्षति भएको अवस्थामा जिल्ला दैवीप्रकोप उद्धार समन्वय समितिको सिफारिशमा राहत प्रदान गर्ने ।

२३. स्वच्छ मासु ,दुग्ध पदार्थ, औषधि तथा जैविक पदार्थ, दाना ,चल्ला, माछा, अण्डा आदि उत्पादकदेखि वितरक सम्म दर्ता, नियमन र गुणस्तर व्यवस्थापन गरी पोषणको सुनिश्चिता गर्ने ।

२४. विभिन्न पशुपन्छीहरूको प्रदर्शन स्रोत केन्द्रहरूको विकास गर्दै ब्नचय तयगचष्क लाई प्रवर्धन गर्ने ।

२५. प्राविधिक कर्मचारी तथा  कृषकको क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण तथा तालिममा सहभागी गराइ गुणस्तरीय जनशक्तिको संजाल विस्तार र विकास गरिने ।

### ५.१.६ अपेक्षित उपलब्धी

१. कृषि तथा पशुपंक्षिसम्बन्धि तथ्यांक अध्यावधिक भएका हुनेछन् ।

२. कृषक पहिचान तथा वर्गिकरण गरी परिचय पत्र वितरण गरिएको हुनेछ ।

३. कृषि, पशुपंक्षि तथा मत्स्यपालक कृषकमैत्री नीति, नियम, निर्देशिका र कार्यविधि तयार भएको हुनेछ ।

४. गाउँपालिकामा एक शीत गृह निर्माण भएको हुनेछ ।

५. हरेक वडामा कृषि उत्पादन पकेट क्षेत्र र नमुना कृषि फार्म स्थापना भएको हुनेछ ।

६. मुख्य मुख्य कृषि बालिको बिक्री मूल्य निर्धारण गरी प्रकाशन भएको हुनेछ ।

७. कृषि तथा पशुपंक्षिजन्य उत्पादनको ब्राण्डिङ्ग गरी बजारीकरणको व्यवस्था भएको हुनेछ ।

८. बैंक तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरी व्यवसायिक कृषकहरुलाई सुलभ कर्जाको व्यवस्था भएको हुनेछ ।

९. प्रत्येक वडामा एकजना कृषि एवं पशुसेवा प्राविधिकको व्यवस्था भएको हुनेछ ।

१०. गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन चरण विकास, डालेघाँस र भुईघाँस उत्पादन, नश्लसुधार, दाना र औषधीको व्यवस्था भएको हुनेछ ।

## ५.२ प्रकृतिक श्रोत व्यवस्थापन

### ५.२.१ पृष्टभूमि

प्राकृतिक स्रोतसाधनहरुको उचित व्यवस्था नै आर्थिक विकासको मूल आधार हो । प्राकृतिक स्रोतसाधनहरु उपलब्ध भएर मात्र आर्थिक विकास हुँदैन । ती स्रोतसाधनहरुको सदुपयोग हुनु आवश्यक छ । ताराखोला गाउँपालिकामा प्राकृतिक स्रोत साधनहरु प्रचुर मात्रामा रहेका छन् । जल, जमिन, जंगल र खनिज यहाँका प्रमुख प्राकृतिक सम्पदा हुन । यी साधनहरुको उचित ढंगले सदुपयोग गर्नका लागि गाउँपालिकाले उपयुक्त नीति, नियम र योजना निर्माण गरी कार्यान्वयन गर्न सकेको खण्डमा गाउँपालिकाको आर्थिक विकास सम्भव हुनेछ ।

### ५.२.२ **प्रमुख समस्याहरु**

१. भू-उपयोग योजना संवन्धी स्पष्ट नीतिको अभाव ।
२. भूमिको खण्डीकरण र उत्पादनमा ह्रास हुनु ।
३. भू-उपयोगसंवन्धी बास्तविक तथ्याङ्क उपलब्ध नहुनु ।
४. जलश्रोतलाई सिचाई र जलविद्युत उत्पालनमा प्राविधिक ज्ञान, प्राविधिक परामर्श र पयाप्त लगानीको अभावमा सदुपयोग हुन नसक्नु ।
५. जडिवुटीको संरक्षण उत्पादन र प्रशोधन हुन नसक्नु ।
६. खनिजसंवन्धी सर्वेक्षण, उत्खनन र उपयोग हुन नसक्नु ।

### ५.२.३ **चुनौती र अवसर**

चुनौती

१. भूमिसंवन्धी नीति निर्माण गरी कार्यन्वयन गर्न ।
२. भूमिको चक्लाबन्दी नीति निर्माण गर्न, कार्यन्वयन गर्न र उत्पादन वृद्धि गर्न ।
३. जलस्रोतको बहुआयमिक उपयोग गरी सिचाँई, जलविद्युत उत्पादन र मस्यपालन व्यवसाय संचालन गर्न ।
४. वन जंगलको संरक्षण गरी काष्ठ र गैह्रकाष्ठसंवन्धी व्यवसायको प्रवर्धन गर्न ।
५. खनिज साधनको संरक्षण, उत्खनन र उपयोगसंवन्धी नीति निर्माण गरी कार्यन्वयन गर्न ।

अवसर

१. भूमिको वहुआयमिक प्रयोग मार्फत प्रविधिमा आधारित कृषि, पशुपालन, मत्स्यपालन लगायतका व्यवसायहरु संचालन गरी उत्पादनमा बृद्धि गर्न ।
२. जलस्रोतको बहु प्रयोग गरी सिचाँइ जल विद्युत मत्स्यपालन र पौडी पोखरी निर्माण गरी सदुपयोग गर्न ।

### ५.२.४ **दीर्घकालिन सोच, लक्ष र उदेश्य**

सोचः प्राकृतिक श्रोतको व्यवस्थापन गरी आर्थिक समृध्दी कायम गर्न । लक्षः प्राकृति श्रोतको प्रयोग मार्फत जनताको जीवनस्तर माथि उठाउने ।

उद्देश्य
१ प्राकृतिक श्रोतको उपयोगसंवन्धी नीति निर्माण गर्ने ।
२. प्राकृतिक श्रोतको संरक्षण र उपयोगमा जोड दिने ।

### ५.२.५ रणनीति र कार्यनिति

| उद्देश्य १: प्राकृतिक श्रोतको उपयोग संवन्धी नीीत निर्माण गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ प्राकृतिक संम्पदा उपयोगसंवन्धी नीति निर्माण | १.१.१ संघ र प्रदेश सरकारको समन्वयनमा भूमि, जलश्रोत, वन पैदावर र खनिज सम्पदासंवन्धी नीति तयार गर्ने । |
| गर्ने । | १.१.२ भूमिको चकलाबन्दीको सभाव्यता अध्ययन गर्ने र नीति निर्माण गरी कार्यन्वयन गर्ने । |
| उद्देश्य २: प्राकृतिक श्रोतको संरक्षण र उपयोगमा जोड दिने । | |
| रणनीति | कार्यनीति |
| १.१ प्राकृतिक संम्पदाको संरक्षण र प्रवर्धन गरी रोजगारी सिर्जना गर्ने । | १.१.१ भूमिको बहुप्रयोग मार्फत उत्पादनमा वृद्धि गरी आय आर्जन गर्ने ।<br>१.१.२ जलश्रोतको बहुप्रयोग गरी बहुउद्देश्यीय आयोजना संचालन गर्ने । १.१.३ जल श्रोतको प्रयोग गरी बहुउद्देश्यीय आयोजना संचालन गर्ने ।<br>१.१.४ काष्ठ र गैह्र काष्ठ वन पैदावरहरुको संरक्षण र उत्पादन गरी निर्माण र प्रशोधन केन्द्रहरु स्थापनामा जोड दिने ।<br>१.१.५ तामाखानीको संभाव्य अध्ययन गरी संरक्षण र उपयोग गर्ने ।<br>१.१.६ प्राकृतिक संम्पदाको संरक्षणमार्फत पर्यटन व्यवसाय प्रवर्धन गर्ने ।<br>१.१.७ सूचना तथा प्रविधि मार्फत प्राकृतिक संपदाको प्रचार प्रसार गर्ने । |

### ५.२.६ प्रमुख कार्यक्रमहरु

१. भूमि, जलश्रोत, वन तथा खनिज संपदासंवन्धी नीति निर्माण गर्ने ।
२. भूमिको चक्लावन्दीसंवन्धी संभाव्यता अध्ययन गरी नीति निर्माण गर्ने ।
३. प्राकृतिक पैदावार उपयोग र निर्यातसंवन्धी नीति निर्माण गर्ने ।
४. भूमिको प्रमुख प्रयोगद्धारा उत्पादनमा वृद्धि गरी आय आर्जन गर्ने ।
५. कृषी, पशुपंक्षी, मस्यपालन, वन पैदावर र खनिज पैदावार संकलन र प्रशोधन केन्द्रको स्थापना गर्ने ।
६. वातावरण र प्राकृतिक सौन्दयताको प्रचार प्रसार गरी पर्यटन व्यवसायको प्रवर्धन गर्ने ।
७. जन सहभागिता मार्फत प्राकृतिक श्रोतको संरक्षण गरी श्रोतमाथि जनताको पहुँच अभिवृध्दी गर्ने ।

### ५.२.७ अर्पेक्षित उपलब्धी

१. भूमि, जलश्रोत वन तथा खनिज संपदा उपयोग संवन्धी नीति निर्माण भएको हुनेछ ।
२. भूमिको चक्लाबन्दीसंवन्धी संम्भाव्यता अध्ययन भएको हुनेछ ।
३. प्रकृतिक पैदावार निर्यात नीति निर्माण भएको हुनेछ ।
४. प्राकृतिक पैदावार संकलन केन्द्र (प्रत्येक वडामा १।१ वटा ) को स्थापना भएको हुनेछ ।
५. भूमिको बहुआर्यामिक र वैज्ञानिक प्रयोगद्धारा उत्पादनमा वृध्दि र आय आर्जनका अवसरहरुमा वृद्धि भएका हुनेछन् ।
६. प्राकृतिक संम्पदाको सरक्षण र प्रचार प्रसारद्धारा पर्यटन व्यवसायको प्रवर्धन भएको हुनेछ ।
७. संम्पदाको सरक्षणमा जनसहभागिता परिचालन भएको हुनेछ ।
८. प्राकृतिक स्रोत साधनको उपयोगमा सम्पूण जनताको पहुँच अभिवृद्धि भएको हुनेछ ।

## ५.३ सहकारी, पर्यटन उद्योग, वाणिज्य र आपूर्ती

### ५.३.१ पृष्टभूमि

सहकारी, पर्यटन व्यवसाय एवं अन्य उद्योगहरु संचालन गरेर आर्थिक गतिविधि मार्फत ताराखोलाको समृध्दि हासिल गर्न सकिन्छ । यहाँ संचालित विभिन्न सहकारी संस्था मार्फत पूँजी संकलन गरी जनताको दैनिक खाचो टार्नको साथै साना तथा घरेलु उद्योग संचालन गरी आय आर्जन गर्न सकिन्छ । नेपाली कागज, स्टेल, टायल, राइस मिल घट्ट, ढाका तान अल्ललो धागो, भाङ, सिस्नु पाउडर, जडिवुटी आदिको उत्पादन गरी उद्योग प्रवर्धन गर्नुआवश्यक छ । झरना गुफा, ताल, पोखरी र कुण्ड, मठ मन्दिर आदिको संरक्षण र प्रवर्धन गरी पर्यटन व्यसायको विकास गर्ने संभावना बढी छ । गाँउमा नै विभिन्न बस्तुको उत्पादन गरी आयात प्रस्थिापन मार्फत गाँउलाई आत्म निर्भर बनाई उत्पादित बस्तुको निर्यात गरेर ताराखोलाको आर्थिक समृध्दी हासिल गर्न सकिन्छ ।

### ५.३.२ प्रमुख समस्याहरु

१. सहकारी संस्थाहरु व्यवस्थित नहुनु ।
२. पर्यटन व्यवसायको यथेष्ट संभावना हुदाँ हुदै पनि पर्यटन पूर्वाधारको विकास नहुनु ।
३. कृषी, वन तथा खनिज बस्तुमा आधारित साना तथा घरेलु उद्योगहरु प्रवर्धन नहुनु ।
४. गाँउमा उत्पादित वस्तुहरुको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन हुन नसक्नु ।
५. ताराखोलामा आवश्यक पर्ने विभिन्न पैदावार र सामाग्रीको बाहिरवाट आयत गरी आयात प्रतिस्थापन हुन नसक्नु ।

### ५.३.३ चुनौती र अवसर

चुनौती
१. सहकारी संस्थालाई सहकारी नीति अनुरुप संचालन गरी व्यवस्थित गर्न ।
२. पर्यटन पूर्वाधारको विकास गरी पर्यटन व्यसाय संचालन गर्न ।

३.  गाँउमा उत्पादित कृषि, वन र खनिज पैदावारको प्रशोधन गरी विभिन्न उद्योगहरु संचालन र प्रवर्धन गर्न ।

४. गाउँलाई आत्मनिर्भर बनाउन विभिन्न वस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न ।

अबसर

१. सहकारी संस्थाहरु संचालन हुनु ।

२. पर्यटकीय क्षेत्रहरुः ऐतिहाँसिक, धार्मिक तथा प्राकृतिक मनोरमका क्षेत्रहरु प्रशस्त हुनु ।

३. उत्पादित कृषि तथा पशुजन्य पैदावर प्रशस्त हुनु, वन र खनिज पैदावार यथेष्ठ भएको हुन ।

४. विभिन्न वस्तुको उत्पादनमा वृद्धि गर्न प्रसस्त सम्भावना हुनु ।

### ५.३.४ दीर्घकालीन सोच, दक्ष र उद्देश्य

सोच : सहकारी, पर्यटन उद्योग र व्यापारको प्रवर्धन गरी ताराखोलाको आर्थिक समृध्दी हासिल गर्ने ।

लक्ष्यः सहकारी, पर्यटन उद्योग र व्यापारको पूर्वाधार गरी ताराखोलालाई आत्म निर्भर बनाउने ।

उद्देश्य

१ सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर गराउने ।

२ पर्यटन पूर्वाधारको विकास गर्ने ।

३. कृषि, वन र खनिज पैदावरमा आधारित उद्योगहरुको प्रवधन गर्न ।

४. आयात प्रतिस्थापन मार्फत ताराखोलालाई आत्म निर्भर गराउने ।

### ५.३.५ रणनीति र कार्यनिति

| उद्देश्य १ः सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर गराउन । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ सहकारी संस्थालाई उत्पादनमुखी बनाउने । | १.१.१ एक सहकारी एक सदस्य नीति लागु गर्ने ।<br>१.१.२ एक सहकारी एक उत्पादन नीति अवलम्वन गर्ने ।<br>१.१.३ उत्पादनमा संग्लन सहकारी संस्थालाई गाँउपालिका ले अनुदानको समेत ब्यवस्था गर्ने ।<br>१.१.४ सहकारी संस्थाद्धारा उत्पादित वस्तुको बजारीकरणमा गाँउपालिकाले समन्वय गर्ने । |
| | |

| उद्देश्य २: पर्यटन पूर्वाधारको विकास गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| २.१ पर्यटन पूर्वाधारको निमार्ण र संरक्षण गर्ने । | १.१.१ गाईघाट झरनाको प्रर्वधन गर्ने ।<br>१.१.२ गुफा, ताल पोखरी र कुण्डको संरक्षण गर्ने ।<br>१.१.३ मठ मन्दिर लगायत धार्मिक तथा सांस्कृतिक संम्पदाको संरक्षण गर्ने ।<br>१.१.४ डुडेलेक, घुन्टेलेक कालीलेक, मालिङगलेक लगायतका स्थानमा पार्क निर्माण गरी पर्यटकलाई आकर्षित गराउने ।<br>१.१.५ डुडेलेकमा आइस स्कटिङको व्यवस्था मिलाउने ।<br>१.१.६ पहाडी धुरीमा पदमार्गको व्यवस्था गर्ने ।<br>१.१.७ पर्यटन पैदावारको प्रचार प्रसार गर्ने ।<br>१.१.८ होटल र होमस्टे संचालन गर्ने । |
| उद्देश्य ३: कृषि, वन र खनिज पैदावरमा आधारित उद्योगहरुको प्रवर्धन गर्ने । | |
| रणनीति | कार्यनीति |
| १.१ साना तथा घरेलु उद्योगहरु संचालन र प्रवर्धन गर्ने । | १.१.१ अल्लो प्रशोधन केन्द्रको स्थापना गरी धागो उत्पादन गर्ने ।<br>१.१.२ कागज उद्योगलाई व्यवस्थित गर्ने ।<br>१.१.३ जडिवुटि संकलन केन्द्र स्थापना गरी प्रशोधनको व्यवस्था मिलाउने ।<br>१.१.४ फर्निचर उद्योगको व्यवस्थापन गरी निगालोबाट उत्पादित वस्तुको बजारीकरणको व्यवस्था गर्ने ।<br>१.१.५ साना तथा घरेलु उद्योग संचालनको लागि प्राविधक परामर्श तालिम र अनुदानको व्यवस्था गरी वजारीकरणमा समन्वय गर्ने ।<br>१.१.६ साना तथा घरेलु उद्योग सचालनको लागि आवश्यक मेसिन र औजारमा कर छुटको व्यस्था मिलाउने । |
| उद्देश्य ४: आयात प्रतिस्थापन मार्फत ताराखोलालाई आत्म निर्भर गराउने । | |
| रणनीति | कार्यनीति |
| १.१ आयात प्रतिस्थापनमा जोड दिने । | १.१.१ गाउँपालिका बाहिरवाट आयातित वस्तुहरुलाई निरुत्साहित गर्ने ।<br>१.१.२ निमार्ण सामाग्री, खाद्य वस्तु, दुध माछा, मासु अण्डा लगायतका स्थानिय वस्तुहरुलाई महत्वका साथ प्राथमिकता दिने ।<br>१.१.३ उत्पादितवस्तुको लागि अनुदानको व्यवस्था मिलाउने । |

### ५.३.६ प्रमुख कार्यक्रमहरु

१. एक सहकारी एक उत्पादन कार्यक्रम लागु गर्ने ।
२. उत्पादनमा संलग्न सहकारी संस्थालाई अनुदान प्रदान गर्ने ।
३. झरना गुफा, ताल पोखरी र कुण्डको संरक्षण गर्ने ।
४. मठ, मन्दिर, गुम्वा लगायत धार्मिक एवं सास्कृतिक संपदाको संरक्षण र प्रवर्धन गर्ने ।
५. अल्लो, कागज र जडिवुटि संकलन केन्द्रको व्यवस्थापन गरी प्रशोधन गर्ने ।
६. स्थानीय उत्पादनको लागि पूजी, प्राविधिक परामर्श र अन्य सुविधा उपलव्ध गराउने ।
७. होटल र होमस्टे संचालन गराउने ।
८. बाहिरबाट आयातित बस्तुलाई निरुत्साहित गर्ने ।

### ५.३.७ अपेक्षित उपलब्धीहरु

१. एक सहकारी एक उत्पादन कार्यक्रम लागु भएको हुनेछ ।
२. उत्पादनमा संलग्न सहकारीले मापदण्ड अनुसार अनुदान प्राप्त गरेका हुनेछन् ।
३. झरना, गुफा ताल पोखरी र कुण्डको संरक्षण भएको हुनेछ ।
४. मठ मन्दिर, गुम्वा लगायत धार्मिक तथा सांस्कृतिक संम्पदाको संरक्षण भएको हुनेछ ।
५. महत्वपूर्ण लेक र पहाडी धुरीमा पदमार्गको व्यवस्थापन भई पर्यटन व्यवसाय प्रवर्धन भएको हुनेछ ।
स्थानिय उत्पादनको लागि पूजीँ, प्राविधिक परामर्श र अन्य सुविधा उपलब्ध भएको हुनेछ ।
६. बाहिरबाट आयातित बस्तुलाई निरुत्साहित गराई आयात प्रतिस्थापन भएको हुनेछ ।
७. स्थानिय उत्पादनमा वृद्धि भई ताराखोला आत्मनिर्भर भएको हुनेछ ।
८. सुविधा सम्पन्न होटल र होमस्टे संचालन भएका हुनेछन् ।

## परिच्छेद – ६
## सामाजिक क्षेत्र

### ६.१ जनसंख्या व्यवस्थापन

#### ६.१.१ पृष्ठभूमि

जनसंख्या वृद्धि, आकार, वितरण, घनत्व, बसाईँसराई आदिले कुनै पनि स्थानको जनसंख्या व्यवस्थापनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । स्थानीय जनतालाई शिक्षा, स्वास्थ्य, रोजगार लगायत विभिन्न सुविधाहरु उपलब्ध गराएर उनीहरुको जीवनस्तर माथि उठाउन सकिन्छ । ............................ .....................................

#### ६.१.२ प्रमुख समस्याहरु

१. गाँउबाट मानिस अन्यत्र बसाईसराई गर्नु ।

२. उत्पादनशील दक्ष जनशक्ति विदेशिने कम बढ्नु ।

३. गरीबि, अशिक्षा र वेरोजगार हुनु ।

४. जेष्ठ नागरिकको जनसंख्या बढदो कममा हुनु ।

५. जनसंख्या व्यवस्थापनसम्वन्धी नीति निमार्ण र कार्यन्वयनमा कमी हुनु ।

६. अव्यवस्थित बसोवास र सामाजिक कुरीति व्याप्त हुनु । ७. जनसंख्या र विकास वीच असन्तुलन हुनु ।

#### ६.१.३ चुनौती र अवसर

**चुनौती**

१. गाउँबाट हुने बसाई सराई र विदेशिने युवालाइ रोजगारका अवसरहरु सिर्जना गरी गाँउमान नै बस्ने वातावरण कार्यम गर्न ।

२. विदेशमा आर्जन गरेको सीपलाई उपयोग गरी गाँउको विकासको व्यवस्थापन गर्न ।

३. शिक्षा, स्वास्थ्य, रोजगार लगायतका सुविधा उपलब्ध गराई ताराखोलावासीलाई गाँउमानै बस्ने वाातावरण सिर्जना गर्न ।

४. जनसंख्या र विकास वीच तादाम्यता कायम गर्न र ताराखोलाको दिगो र सन्तुलित विकासको लागि सम्पूर्ण जनतालाई विकास निर्माणको प्रकृयामा सहभागि गराउन ।

५. ताराखोलाको दिगो र सन्तुलित विकासका लागि सम्पूर्ण जनतालाई विकास निर्माणको प्रकृयामा सहभागि गराउन ।

६. जनसंख्यासम्वन्धी तथ्याङ्क अद्यावधिक गराई तदानुरुप सामाजिक विकासको प्रकृयालाई अगाडि बढाउन ।

**अवसर**

१. ताराखोला गाउँपालिका भूगोलको हिसावले सानो, जनसंखया कम र श्रोत साधनले सम्पन्न भएकाले यसको आर्थिक एवं सामाजिक विकासमा सहज भएको ।

२. गाउमानै स्थानीय सरकार क्रियाशील भएकाले जनसंख्या व्यवस्थापनमा सहज भएको ।

३. शिक्षा, स्वास्थ्य रोजगार र अन्य सुविधाहरु क्रमिक ढंगले उपलब्ध हुदै गएकाले बढदो बसाईसराई कम हुदै जाने ।

४. संघ, प्रदेश र स्थानीय तहले जनसंख्या व्यवस्थापनसंम्वन्धी नीति तर्जुमा हुनु र कार्यन्वयन हुदै जानु ।

५. आदिवासी जनसमुदायको बाहुल्यता भएको यस गाँउपालिकामा तीनै तहका सरकारको चाँसो रहनु ।

६. गाँउपालिकाको सरकार क्रियाशील, सक्षम र नेतृत्वदायी भूमिका खेल्न सक्ने भएकाले जनसंख्या व्यवस्थापनसंवन्धी प्रभावकारी कार्यक्रम संचालन हुने ।

### ६.१.४ दीर्घकालीन , सोच, लक्ष्य र उद्देश्य

सोचः असल नागरिक तयार गर्ने लक्ष :
जनसंख्याको प्रभावकारी व्यवस्थापन गर्ने
उद्देश्यः बसाईसराईलाई निरुत्साहित गरी जनताको जीवन स्तर वृद्धि गर्नु

### ६.१.५ रणनीति र कार्यनीति

| उदेश्य १ः बसाईसराईलाई निरुत्साहित गरी जनताको जीवन स्तर वृद्धि गर्नु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ जनसंख्यासम्वन्धी तथ्याङकलाई अद्यावधिक गरी बसाइ्राईलाई व्यवस्थित गर्ने । | १.१.१ जन्म, मृत्यु बसाईसराई, विवाह लगायत अन्य जनसांख्यिक तथ्याङकलाई डिजिटल प्रविधिद्धारा अध्यावधिक गर्ने ।<br>१.१.२ वेरोजगारहरुको तथ्याङक संकलन गरी रोजग्ार अभिवृद्धि गर्ने ।<br>१.१.३ लक्षित समुहको तथ्याङक संकलन गरी तिनीहरुको हित र उत्थानमा विशेष कार्यक्रम संचालन गर्ने ।<br>१.१.४ शिक्षा, स्वास्थ्य, रोजगार लगायत अन्य मानवीय सेवा सुविधा उपलब्ध गराउने ।<br>१.१.५ विदेशबाट फर्केका युवा र गाँउमा बसोवास .गरेका युवालाई तालिम र अनुदान प्रदान गरी उद्यमशीलताको अभिवृद्धि गर्ने ।<br>१.१.६ स्वरोजगारसम्बन्धी तालिम प्रदान गरी रोजगारका अवसरहरु वृद्धि गर्ने । |

### ६.१.६ प्रमुख कार्यक्रमहरु

१. संघ र प्रदेशको समन्वयमा जनसंख्यासंवन्धी नीति निर्माण गरी कार्यन्वयन गर्ने ।

२. जनसंख्यासंवन्धी सम्पूर्ण तथ्याङ्कहरुलाई संकलन गरी अद्यावधिक गर्ने ।

३. गाँउबाट अन्यन्त्र हुने वसाईसराईलाई निरुत्साहित गर्न शिक्षा स्वास्थ्य, रोजगार लगायत अन्य मानवीय सेवा र सुविधा उपलब्ध गराउने ।

४. युवालाई रोजगार र उद्यमशीलतासंम्वन्धी तालिम प्रदान गरी स्वरोजगार र उद्यमी बनाई आय आर्जन तर्फ उन्मुख गराउने ।

५. लक्षित समुहको हितमा विशेष कार्यक्रम संचालन गर्ने ।

६. गैर सरकारी र नीजि क्षेत्रको सहलगानीमा जनसंख्या व्यवस्थापनसंवन्धी ठोस कार्यक्रमहरु संचालन गर्ने ।

### ६.१.७ अपेक्षित उपलब्धी

१. जनसंख्यासंवम्न्धी सम्पूर्ण तथ्ययाङक अद्यावधिक भएको हुनेछन ।

२. जनसंख्या संम्वन्धी सम्पूर्ण नीतिहरु निर्माण भएको हुनेछन ।

३. युवाहरु स्वरोजगार र उद्यमशीलतामा संग्लन भएको हुनेछन् ।

४. मानवीय सेवा सुविधाहरु उपलब्ध भएको हुनेछन् ।

५. गाउँबाट वाह्रय बसाईसराई नियन्त्रण भएको हुनेछ ।

६. गाउवासीको जीवनस्तर माथि उठेको हुनेछ ।

## ६.२ शिक्षा

### ६.२.१ पष्ठभूमि

शिक्षा मानिसको लागि आवश्यक पर्ने आधारभूत आवश्यकता हो । शिक्षाको माध्यमबाट मानिसमा ज्ञान, वुध्दि, विवेक र अन्तरनिहित प्रतिभाको प्रष्फुटन हुन्छ । शिक्षित व्यक्तिमा मानवीय गुणको विकास भएको हुन्छ । शिक्षा व्यावसायिक व्यवहारिक, प्राविधिक र जीवनोपयोगी हुन पर्दछ । ................................................................................

### ६.२.२ प्रमुख समस्याहरु

१. शिक्षक दरवन्दी अपुग र विषय शिक्षकको अभाव ।

२. इन्टरनेट सुविधाको पहँच नहुन । ३. खेल मैदानको व्यवस्था नहुनु ।

४. प्रविधिमैत्री पुस्तकालयको अभाव ।

५. वसाईसराईको कारणले विद्यालयमा विद्यार्थीहरुको कमी ।

६. विद्यालयमा अपाङ्गमैत्री पूर्वाधारको अभाव ।
७. विद्यालयको कमजोर व्यवस्थापन ।
८. विद्यालय भवन, फर्निचर, पाठयपुस्तक आदि भौतिक सुविधा प्रयाप्त व्यवस्थापन नहुनु ।
९. आवसीय विद्यालयको व्यवस्थापन  नहुनु ।
१०. कमजोर अनुगमन पध्दती ।
११. गुणस्तरीय शिक्षाको कमी ।
१२. दिवा खाजा प्रभावकारी ढंगले संचालन नहुनु ।

### ६.२.३ **चुनौती र अवसरहरु**

**चुनौती**

१. अपुग शिक्षक दरवन्दी र विषय शिक्षकको व्यवस्थापन गर्न ।
२. प्राविधिक शिक्षालयको स्थापना र दीगो रुपमा सचालन गर्न ।
३. विद्यालय भवन, फर्निचर, खेलकुद मैदान लगायत अन्य भौतिक सुविधा उपलब्ध गराउन ।
४. अपाङ्ग मैत्री पूर्वाधारको निर्माण गर्न ।
५. दिवा खाजालाई व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्न ।
६. विद्यालयहरु संमायोजन गरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी ढंगले संचालान गर्न ।
७. आवसीय विद्यालयहरु व्यवस्थित ढङले संचालन गर्न ।
८. वसाईसराईको कारणले गाउँ छोडी अन्यत्र जाने विद्यार्थीहरुलाई आकर्षित गराउने ।
९. अनुगमन पद्धतीलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउन ।

**अवसर**

गाउँपालिकाको शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय सरकारलाई भएकाले प्रदेश र संघीय सरकारसँग समन्वय गरी शिक्षक दरवन्दी, पाठयपुस्तक, शैक्षिक सामाग्री, पाठयक्रम,  पठनपाठन, भौतिक सुविधा, ्खेलकुद, पुस्तकालय, विद्यालय व्यवस्थापन, अनुगमन र निरीक्षणलाई प्रभावकारी ढंगले संचालन गर्ने ।

### ६.२.४ **दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य**

सोचः शिक्षालाई जीवन उपयोगी बनाई गुणस्तरीय बनाउने ।

लक्ष्यः व्यवसायिक व्यवहारीक र प्राविधिक शिक्षाको माध्यम द्वारा प्राविधिक जनशक्ति उत्पादन गर्ने ।

उद्देश्य

१. विद्यालयमा भौतिक सुविधा उपलब्ध गराउने ।
२. आधुनिक प्रविधिको प्रयोग गरी पठनपाठनलाई प्रभावकारी बनाउने ।
३. विद्यालय व्यवस्थापनलाई प्रभावकारी गराउन नियमित अनुगमन र निरीक्षण  परिपाटी  संचालन गर्ने ।

### ६.२.५ रणनिति र कार्यनिति

| उद्देश्य १: विद्यालयमा भौतिक सुविधा उपलब्ध गराउने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ भुकम्प प्रतिरोधी, अपाङ्ग ‸ मैत्री र दिगो पूर्वाधारको निर्माण गरी भौतिक सुविधा उपलब्ध गराउने । | १.१.१ भूकम्प प्रतिरोधी, अपाङ्ग मैत्री विद्यालय भवनको निर्माण गरिने । १.१.२ विद्यालयमा खानेपानीको आपूर्ती गराउने ।<br>१.१.३ विद्यालयमा स्तरीय खेल मैदान निर्माण गरिने ।<br>१.१.४ विद्यालयमा फर्निचर र अन्य भौतिक सुविधाको व्यवस्था गरिने । |

उद्देश्य २: आधुनिक प्राविधिको प्रयोग गरी पठन पाठनलाई प्रभावकारी बनाउने

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ पठनपाठनलाई प्रभावकारी गराउने । | १.१.१ विद्यालयमा इन्टरनेटको व्यवस्था गराउने ।<br>१.१.२ पाठयपुस्तक र पाठ् यसामग्री समयमा उवलब्ध गराउने । १.१.३ पुस्तकालयमा इन्टरनेटको व्यवस्था गराउने ।<br>१.१.४ विषय शिक्षकको व्यवस्था गरिने ।<br>१.१.५ अतिरिक्त कृयाकलाप सञ्चालन गरी विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास गराउने । |

| उद्देश्य ३: विद्यालय व्यवस्थापन प्रभावकारी गराउन नियमित अनुगमन र निरीक्षणको परिपाटी संचालन गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विद्यालयको व्यवस्थापन प्रभावकारी बनाउन अनुगमनलाई नियमित गराउने । | १.१.१ योग्यता, कार्य दक्षता र कार्य कुशलताको आधारमा प्रधानध्यापकको नियुक्ति गराउने ।<br>१.१.२ कार्य दक्षताको आधारलाई ध्यानमा राखी पुरस्कारको व्यवस्था गराउने ।<br>१.१.३ विद्यालय व्यवस्थापन समिति, निवार्चित जनप्रतिनिधि, शिक्षा समन्वय र सरोकारवालालाई विद्यालयमा नियमित निरीक्षण गराउने । |

### ६.२.६ प्रमुख कार्यक्रमहरु

१. आभारभूत तहको तल्लो कक्षावाटनै अंग्रेजी माध्यमबाट पठनपाठन संचालन गर्ने ।

२. अभिभावक शिक्षाको माध्यमबाट समाजमा शैक्षिक चेतनाको अभिवृद्धी गर्ने ।

३. प्रत्येक  वडामा १/१ वटा नमुना विद्यालय संचालन गर्ने ।

४. प्रजातन्त्र मा.वि. र हरि मा.वि. (उ.मा.वि) मा ४ कोठे पक्की भवन निर्माण गर्ने ।

५. गाँउपालिका  भित्र एक सामुदायिक सिकाई केन्द्रको स्थापना गर्ने ।

६. वडा नं ४ ताराको नेपाल माध्यमिक विद्यालयमा गण्डकी प्रदेशको लगानीमा  प्राविधिक शिक्षालयको संचालन गर्ने ।

७. शिक्षकहरुलाई समयानुकुल विषयगत पुनर्ताजकी तालिम र विपद् व्यवस्थापन संवन्धी तालिम प्रदान गर्ने ।

८. उच्च तहमा प्राविधिक विषय अध्ययन गर्न चाहने जेहन्दार विद्यार्थीलाई गाउँपालिकाले निश्चित आधार बनाई छात्रवृत्रि प्रदान गर्न पहल गर्ने ।

९. शिक्षण सिकाई कियाकलापलाइ प्रभावकारी ढंगले संचालन गर्न भौतिक वातावरण अनुकुल हुने गरी व्यवस्थापन गर्ने ।

१०. विद्यालयमा इन्टरनेटको व्यवस्थापन गर्ने ।

११. वडा स्तरयि शैक्षिक अन्तरक्रिया संचालन गरी सरोकारवालाको सक्रियता अभिवृद्धी गर्ने ।

१२. विद्यालयमा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने ।

### ६.२.७ अपेक्षित उपलब्धी

१. सम्पूर्ण विद्यालयमा  शिक्षक दरवन्दीको व्यवस्था भई भौतिक सुबिधाहरु उपलब्ध हुनेछन् ।

२. नेपाल माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा संचालन हुनेछ ।

३. संम्पूर्ण विद्यालय र पुस्तकालयमा इन्टरनेट सुविधा उपलब्ध हुनेछ ।

४. प्रत्येक वडामा १/१ वटा नमुना विद्यालय संचालन भै आवासिय सुविधा उपलब्ध हुनेछ ।

५. प्रजातन्त्र मा.वि. र हरि मा.वि. (उ.मा.वि) मा ४ कोठे पक्की भवन निर्माण हुनेछ ।

६. सम्पूर्ण बिद्यालयमा अपाङ्गमैत्री पूर्वाधारको निर्माण हुनेछ ।

७. विद्यालयमा दिवा खाजालाई व्यवस्थित गरिने छ ।

८. विद्यालयको कमजोर व्यवस्थापन पक्ष चुस्त, दुरुस्त, पारदर्शी र प्रभावकारी हुनेछ ।

९. विद्यालयको अनुगमन र निरीक्षण नियमित हुनेछ ।

## ६.३ स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई

### ६.३.१ पृष्भूमि

वंगलाचुली गाँउपालिकाका .... वटा  स्वास्थ्य चौकीमा ... कर्मचारी कार्यरत छन् भने निजी क्षेत्रमा ... वटा स्वास्थ्य सेवा केन्द्रमा .... जना स्वास्थ्य कर्मीहरु रहेका छन् । यी स्वास्थ्य चौकी र सेवा केन्द्रबाट प्रयाप्त मात्रामा औषधी र स्वास्थ्य सेवा उपलब्ध हुन सकेको छैन । बालवालिकालाई खोप,

पोलियो थोपा र गर्भवती महिलालाई आइरन चक्की र प्रसुती सेवा उपलब्ध भएको छ । यस गाँउपालिकामा विभिन्न खानेपानी आयोजनाहरु निर्माणधीन अवस्थामा छन् । यी आयोजना सम्पन्न पश्चात यहँका जनतालाई खानेपानी सुविधा आपूर्ती हुनेछ । अधिकांश घरधुरीमा पाइपद्धारा पानी आपूर्ती भएको छ भने केही परिवारहरु सार्वजनिक धाराको समेत प्रयोग गर्दछन् । शौचालयको स्थितीलाई हेर्दा करीव ६० प्रतिशत घरमा पक्की शौचालय र ४० प्रतिशत घरमा सामान्य चर्पी रहेका छन् । सरसफाईको हिसावले यस गाँउपालिकामा ठोस कार्यक्रम संचालन भएको पाईदैन । ठोस फोहोर पदार्थको विर्सजन र नालीको राम्रो व्यवस्थापन भएको छैन । तसर्थ स्वास्थ्य पोषण, खानेपानी र सरसफाईमा स्तर उन्नती गरी यहाँका वासिन्दाहरुको स्वास्थ्यमा ध्यान दिनु आवश्यक छ ।

### ६.३.२ **प्रमुख समस्याहरु**

१. अस्पतालको अभाव र स्वास्थ्य चौकीको सेवा अप्रयाप्तता ।

२. निशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला,चिकित्सक सेवा र स्वास्थ्य औजारको अभाव ।

३. पोषणयुक्त खानाको कमी ।

४. सवै वडामा स्वास्थ्य संवन्धी पहुँच नपुग्नु ।

५. सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानीको आपूर्ती हुन नसकेको ।

६. सम्पूर्ण घरमा सुविधा सम्पन्न पक्की शौचालयको व्यवस्था हुन नसकेको ।

७. फोहोर मैलाको उचित ढंगले व्यवस्थापन नभएको ।

८. सडक र मार्गमा नालीको व्यवस्था नभएको ।

९. सरसफाई संवन्धी सचेतनाको कमी भएको ।

### ६.३.३ **चुनौती र अवसर चुनौती**

१. गााउपालिकामा प्रयोगशाला सहितको सुपिधा सम्पन्न अस्पताल संचालन गर्न ।

२. भइरहेका स्वास्थ्य चौकिमा प्रयोगशाला, निशुल्क औषधि र चिकित्सक सेवा उपलब्ध गराई स्तरोन्नती गर्न ।

३. स्वास्थ्य चौकीको सेवा नपुगेका स्थानमा स्वास्थ्य चौकी स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउन ।

४. गाँउवासलिाई पोषणयुक्त खानाको व्यवस्था गर्न ।

५.२ वर्ष भित्र १ घर १ धारा नीतिलाई कार्यान्वयन गरी शुद्ध खानेपानीको आपूर्ती गराउने

६. प्रत्येक घरमा सुविधा सम्पन्न शौचालय निर्माण गर्न ।

७. फोहोरमैलाको उचित व्यवस्थापन गरी नाला ढलको निर्माण गर्न ।

८. प्रत्येक नागरिकलाई व्यक्तिगत सरसफालाई संवन्धी सचेतना अभिवृद्धि गर्न । **अवसर**

१. गण्डकी प्रदेशको नीति तथा कार्यक्रमामा प्रत्येक गाँउपालिकामा २५ शैयाको सुविधा सम्पन्न अस्पतालको स्थापना गर्ने ।

२. हाल संचालनमा रहेका स्वास्थ्य चौकीमा निशुल्क औषधि, स्वास्थ्य सामाग्री र अन्य स्वास्थ्य सेवा उपलब्ध गराई स्तरोन्नती गर्ने ।

३. गाँउपालिकाले पोषणयुक्त खानेकुराको बारेमा चेतना अभिवृद्धि गरी पोषण कार्यक्रम संचालन गर्ने ।

४. स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धी गर्ने
५. स्थानीय क्षेत्रमा उपलब्ध जडीबुटीहरुको व्यवस्थापन गरी आर्युवेद चिकित्सा प्रणालीलाई विकसित गर्ने ।
६. खानेपानी मुहान संरक्षण गरी प्रत्येक घरमा शुद्ध खानेपानी उपलब्ध गराउन गा. पा. समपुरक कोष मार्फत नीति लिएको ।
७. पूर्ण सरसफाईयुक्त गाँउपालीका घोषणा गर्ने नीति ।
८. प्रत्येक वडामा १/१ वटा फोहोर संकलन केन्द्र स्थापना गर्ने गा.पा. को नीति हुनु ।
९. असाध्य ८ ओटा रोगहरुको (मुटु रोग, क्यान्सर, हेड इन्जुरी, मृगौला रोग, पार्कीन्सन्स, अल्जाइमर, सिकलसेल एनिमिया) निशुल्क उपचारको व्यवस्था हुनु ।

### ६.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोचः प्रतिरोधात्मक एंव उपचारात्मक विधि मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई गाँउपालिका वासिलाई स्वस्थ्य र निरोगी गराउने । लक्ष्यः गुणस्तरिय स्वास्थ्य सेवा, पोष्णयूक्त खाना, शुद्ध खानेपानी सुविधा र सरसफाई सुविधा उपलब्ध गराई गाँउवासीको स्वास्थ्यमा सुधार ल्याउने ।

उद्देश्य

१. गुणस्तरीय स्वास्थ्य सेवा र पोषणयुक्त खानाको व्यवस्था गर्ने।
२. शुध्द खानेपानी उपलब्ध गराई सरसफाईसंवन्धी सचेतना अभिवृद्धि गराउने ।

## ६.३.५ रणनीति र कार्यनिति

| उद्देश्य १: गुणस्तरीय स्वास्थ्य सेवा र पोषणयुक्त खानाको व्यवस्था गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्यमा सुधार ल्याउने र पोषणयुक्त खानाको व्यवस्था गर्ने । | १.१.१ आधुनिक सुविधा सम्पन्न २५ शैयाको अस्पताल अर्गलमा स्थापना गर्ने ।<br>१.१.२ स्वास्थ्य संस्थामा औषधी, ल्याव र उपकरणको वयवस्था गरी स्तरोन्नति गर्ने ।<br>१.१.३ स्वास्थ्य संस्थामा द्यच्चतजष्लन अभलतभच स्थापना गरी घरमा सुत्केरी हुने दरलाई शुन्यमा झार्ने ।<br>१.१.४ बालवालिकालाई आवश्यक खोप र अन्य स्वास्थ्य सेवा उपलब्ध गराउने र प्रसुती सेवालाई प्रभावकारी ढंगले संचालन गर्ने ।<br>१.१.५ असाध्य ८ वटा रोगहरुको उपचारमा समन्वयन गराउने ।<br>१.१.६ सरकारी, गैह्र सरकारी र नीजी क्षेत्रको समन्वयमा स्वास्थ्य संवन्धी परामर्श लिई लगानीको वातावरण सिर्जना गर्ने ।<br>१.१.७ बालवालिका, गर्भवती महिला र जेष्ठ नागरिकलाई स्वास्थ्य सेवामा पँहुच अभिवृद्धि गर्ने ।<br>१.१.८ पोषण संवन्धी जनचेतना अभिवृद्धि गर्दै पोषणयुक्त खानाको प्रवन्ध गराउने । |
| उद्देश्यः २ शुद्ध खानेपानी उपलब्ध गराई सरसफाई संवन्धी सचेतना अभिवृद्धि गराउने । | |
| रणनीति | कार्यनीति |
| १.१ शुद्ध खानेपानी उपलब्ध गराई सरसफाईसम्वन्धी सचेतना अभिवृद्धि गराउने । | १.१.१ एक घर एक धाराको नीति कार्यन्यन गर्ने ।<br>१.१.२ खानेपानीका मुहानहरु संरक्षण गर्ने ।<br>१.१.३ निर्माणाधीन खानेपानी आयोजनाहरु समयमा नै सम्पन्न गरी चालु आयोजनाको मर्मत र स्तरोन्नती गर्ने ।<br>१.१.४ प्रत्येक वडाको १, १ ठाउँमा फोहोर संकलन केन्द्र स्थापना गरी फोहोर मैलाको उचित व्यवस्थापन गर्ने ।<br>१.१.५ गाँउपालिकाका सम्पूर्ण घरमा पक्की शौचालय निर्माण गर्ने ।<br>१.१.६ वजार केन्द्रहरुमा सार्वजनिक शौचालय निर्माणमा गर्ने ।<br>१.१.७ प्रत्येक वडाका वस्तीमा स्वास्थ्य संस्थाको संयोजनमा सरसफाई संवन्धी चेतनामुलक कार्यक्रमहरु नियमित रुपमा संचालन गराउने । |

### ६.३.६ प्रमुख कार्यक्रम

१. पाँच वर्ष भित्रमा अर्गलमा २५ शैयाको औषधी, उपकरण, ल्याव र चिकित्सिक सेवा सहितको अस्पताल स्थापना र संचलालन गर्ने ।

२. हिल स्वास्थ्य चौकिमा १ वर्ष भित्रमा ल्यावको संचालन गरी औषधी भण्डारणको व्यवस्था गर्ने ।

३. वडामा नं ४ मा १ वर्ष भित्रमा सामुदायिक स्वास्थ्य एकाईको भवन निर्माण गरी स्वास्थ्य सेवा उपलब्ध गराउने ।

४. भुस्कातमा सामुदायिक स्वास्थ्य इकाईको भवन व्यवस्थापन गर्ने ।

५. सम्पूर्ण सामुदायिक स्वास्थ्य संस्थामा फर्निचर, औजार र उपकरणको व्यवस्था गर्ने ।

६. बच्चा र आमाको लागि सुनौलो १००० दिनको पोषण कार्यक्रम संचालन गर्ने ।

७. सम्पूर्ण स्वास्थ्य सस्थामा आफ्नै औषधालय (उजबच्कबअथ संचालन गर्ने।

८. सम्पुर्ण स्वास्थ्य संस्थामा इन्टरनेट सेवा जडान गर्ने ।

९. स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारि ढङ्गले संचालन गर्ने ।

१०. गाँउपालिमामा एउटा एम्वुलेन्सको व्यवस्था गर्ने ।

११. प्रत्येक स्वास्थ्य संस्थामा Birthing center सुविधा उपलब्ध गराउने ।

१२ प्रत्येक गर्भवती महिलाई नियमित स्वास्थ्य परिक्षण गराई Birthing centerमा बच्चा जन्माउन आर्कर्षित गराउने ।

१३ एक घर एक धाराको कार्यक्रम कार्यान्वयन गर्ने १४.
गाँउवासीलाई शुद्ध खानेपानी आपूर्ती गराउने १६.
खानेपानीका मुहानहरु संरक्षण गर्ने ।

१७. निर्माणाधीन खानेपानी आयोजनालाई समयमा सम्पन्न गराई चालु आयोजनाको मर्मत र स्तरोन्नती गर्ने ।

१८. प्रत्येक घरमा पक्की शौचालयको व्यवस्था गर्ने

१९. प्रत्येक वडामा ठोस फोहोर मैलाको संकलन केन्द्र स्थापना गरी फोहोर मैलाको उचित व्यवस्थापन गर्ने ।

२०. स्वास्थ्य र सरसफाईसंवन्धी सचेतना कार्यक्रम नियमित रुपमा संचालन गर्ने ।

### ६.३.७ अपेक्षित उपलब्धी

१. गाँउपालिका केन्द्र अर्गलमा ५ वर्ष भित्रमा औषधि, औजार/उपकरण प्रयोगशाला र चिकित्सक सेवा सहितको अस्पताल संचालन भएको हुनेछ ।

२. सम्पूर्ण वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था संचालन भई ती संस्थाहरुमा औषधि, औजार उपकरण Birthing Centerर इन्टरनेट सुविधा उपलब्ध भएको हुनेछ ।

३. सम्पूर्ण स्वास्थ्य संस्थामा आफनै औषधालय संचालन हुनेछ र आमा र बच्चाको लागि सुनौलो १००० दिनको पोषण कार्यक्रम संचालन भएको हुनेछ ।

४. गाँउपालिकामा एक एम्वुलेन्स संचालन भएको हुनेछ ।

५. प्रत्येक घरमा शुद्ध खानेपानी धारा जडान भएको हुनेछ ।

६. खानेपानीका मुहानहरुको संरक्षण भएको हुनेछ ।
७. निर्माणाधिन खानेपानी आयोजना समयमा नै सम्पन्न भएका हुनेछन् ।
८. खानेपानी आयोजनाको मर्मत र संभार भएको हुनेछ ।
९. प्रत्येक घरमा पक्की शौचालय निर्माण भएको हुनेछ
१०. प्रत्येक वडामा फोहोर संकलन केन्द्र स्थापना भई फोहोर मैलाको उचित ढंगले व्यवस्थापन भएको हुनेछ ।
११. स्वास्थ्य र सरसफाई संवन्धी सचेतनामूलक कार्यक्रम नियमित संचालन भई नागरिकहरु सचेत भएका हुनेछन् ।

## ६.४ लक्षित समुह विकास र संरक्षण

### ६.४.१ पृष्ठभूमि

वालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पिडित वर्ग, समुदायहरुलाई राज्यको तर्फवाट  सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ । उनीहरुलाई अन्य नागरकि सरह समाजमा स्थापित गर्न र उनहिरुको शारिरीक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम  मार्फत सम्वोधन गर्नु पर्दछ । उनीहरु सामाजिक रुपले कुनै न कुनै प्रकारको उत्पीडनमा परेका हुन्छन् । समाजमा रहेका यी उत्पीडीत वर्ग र समुदायको हितको निम्ति सुरक्षा र संरक्षण प्रदान नगर्ने हो भने स्वच्छ, सुन्दर र शान्तिपूर्ण समाजको स्थापना गर्ने परिकल्पना साकार हुन सक्दैन । तसर्थ उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको ग्यारेण्टी गर्नु पर्दछ ।

### ६.४.२ प्रमुख समस्याहरु

१. युवा, युवतीलाई सिर्जनशिल कार्यमा संग्लग्न गराउन नसकनु ।
२. सामाजिक गतिविधिमा युवाहरुको संलग्नता नहुनु ।
३. युवायुवतीको शारीरीक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु ।
४. गाँउपालिकामा संचालन हुने विभिन्न कार्यक्रममा युवायुवतीहरुलाई संलग्न नगराउनु ।
५. समाजमा  महिला हिंसा कायम रहनु ।
६. पैतृक सम्पत्ति माथि महिलाको हक सुनिश्चित नहुनु ।
७. आर्थिक, समाजिक,सांस्कृतिक र राजनैतिक क्षेत्रमा महिलाको सहभागिता न्युन हुनु ।
८. महिला सशक्तिकरणका कायर्क्रम नियमित रुपमा संचालन नहुनु र गरीव र उत्पीडित वर्ग र समुदायका महिलाहरुलाई संवोधन  गर्ने प्रभावकारी कार्यक्रम संचालन नहुनु ।
९. बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा, मनोरञ्जन लगायतका सुविधा पर्याप्त मात्रमा उपलब्ध नहुनु ।
१०. किशोर किशोरीहरुको मनोभाव बुझेर व्यवहार नगर्नु र उनिहरुलाई समाजमा घुलमिल हुने वातावरण सृजना नहुनु ।
११. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाजले ग्रहण गर्न नसक्नु ।

१२. जेष्ठ नागरिकको स्वास्थ्य, खानपिन र स्याहारमा उचित ध्यान नदिनु र उनीहरुको लागि दिवा मनोरञ्जन र आश्रय स्थलको निमार्ण नहुनु ।

१३. अपाङ्गगता भएका व्यक्तिलाई समाजले हेयको दृष्टिकोणले व्यवहार गर्नु र उनीहरुलाई आवश्यक पर्ने ज्ञान र सीपमूलक तालिमको व्यवस्था नहुनु ।

१४. अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना  नहुनु ।

१५. द्वन्द्व पीडित व्यक्तिहरुलाई समाजमा सहज ढङगले पुर्नस्थापित गराउन प्रभावकारी कार्यक्रम संचालन नहुनु ।

१६. उत्पीडित तथा पिछडीएको वर्गको हितमा अपेक्षित  कार्यक्रम संचालन नहुनु

### ६.४.३ **चुनौती र अवसर**

**चुनौती**

१. वालबालीका, किशोर किशोरी र युवाहरुलाई शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन, खेलकुद लगायत विभिन्न सुविधा उपलब्ध गराएर उनीहरुको शारिरिक, मानसिक एवं संवेगात्मक भावनाको विकास गराउन ।

२. समाजमा व्याप्त महिला हिंसा अत्य गर्न सामजिक विभेद र असमानता हटाई महिला सशक्तिकरण गराउन ।

३. जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन  र आश्रय स्थलको निर्माण गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण  प्रदान गर्न ।

४. अपाङगताको पहिचान गर्न, तालिम र प्रशिक्षण प्रदान गर्न र सपाङगता सरह समाजमा जीउनको लागि रोजगारी र व्यवसाय संचालन गर्ने वातावरण  तयार गर्न ।

५. द्वन्द्व कालनमा अंगभंग, घाईते र पीडितहरुलाई स्वास्थोपचार, रोजगार र व्यवसयमा संग्लग्न गराई समाजमा पुनर्स्थापित गराउन ।

६. उत्पीडित तथा पिछडिएको वर्गको हितमा प्रभावकारी कार्यक्रम संचालन गराउन ।

**अवसर**

१. वेरोजगार युवाहरुलाई सीप, प्रविधि र पुँजी उपलब्ध गराई स्वरोजगार र उद्यमशिलतामा सम्लग्न गराउन ।

२. सचेतनामूलक र सशक्तिकरणसम्बन्धि कार्यक्रम सञ्चालन गरी सामाजिक विभेद न्यूनिकरण गराई सभ्य समाजको निर्माण गर्न ।

३. राज्यको तर्फबाट जेष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्न ।

### ६.४.४ **दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य**

सोचः समाजमा हिंसा असमानत, विभेद र उत्पीडिनको अत्य गरी सभ्य समाजको निर्माण गर्ने ।

लक्ष्यः लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन, तालिम, रोजगार आदि सुविधाहरु

उपलब्ध गराएर उनीहरुलाई समाजमा स्थापित गराउने ।

उद्देश्य १ः लक्षित समुहलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने ।

### ६.४.५ रणनीति र कार्यनीति

| उदेश्य १ः लक्षित समुहलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ लक्षित समुहलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउने । | १.१.१ लक्षितस मुहलाई शिक्षा, स्वास्थ्य, पोषण , खेलकुद, मनोरञ्जन लगायत सुविधाको ग्यारेन्टी गराउने<br>१.१.२ गाँउपालिकाका सवै वडामा खेलकुद मैदानको व्यवस्था गर्ने ।<br>१.१.३ महिला सशक्तिकरणलाई प्रभावकारी ढङगले संचालन गर्ने ।<br>१.१.४ जेष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था गर्ने |
| | १.१.५ आर्थिक सामाजिक-सास्कृति एवं राजनैतिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्ने ।<br>१.१.६ विपन्न, उत्पीडित द्वन्द्वपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम संचालन गर्न गापाले अनुदान र बजेटको संयोजन गर्ने ।<br>१.१.७ सामाजिक असमनता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला संचालनमा गापाले संयोजन गर्ने । |

### ६.४.६ प्रमुख कार्यकमहरु

१. लक्षित समुहलाई ध्यानमा राखी शसक्तिकरणका कार्यकम संचालन गर्ने ।

२. प्रत्येक वडामा खेलकुद मैदान निर्माण गर्ने ।

३. प्रत्येक वडामा जेष्ठ नागरिक आश्रयस्थलको निर्माण गर्ने ।

४. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्ने ।

५. अपाङ्गता भएका व्यक्तिको पहिचान गरी परिचय पत्र वितरण र सुविधा उपलब्ध गराउने ।

६. द्वन्द्ध पीडित व्यक्तिहरुको उचित व्यवस्थापन गर्ने ।

७. समाजमा विद्यमान असमानता, विभेद र हिसांको न्यूनीकरण गर्ने ।

### ६.४.७ अपेक्षित उपलब्धी

१. लक्षित समुहलाई ध्यानमा राखी शसक्तिकरणका कार्यक्रम संचालन भएका हुनेछन् ।
२. प्रत्येक वडामा खेलकुद मैदान र जेष्ठ नागरिक आश्रयस्थलको निर्माण भएको हुनेछ ।
३. अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र वितरण गरी वर्गीकरण अनुसार सुविधा उपलब्ध भएको हुनेछ ।
४. द्वन्द्व पीडित व्यक्तिहरुलाई समाजमा पूर्नस्थापना गरिएको हुनेछ ।
५. लक्षित समुहको शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन लगायतका सुविधाहरु उपलब्ध भएको हुनेछ ।
६. समाजमा असमानता विभेद र उत्पीडन न्यूनीकरण भएको हुनेछ ।

## परिच्छेद – ७
## भौतिक पूर्वधार क्षेत्र

### ७.१ उर्जा
### ७.१.१ पृष्ठभूमी

नवीकरणीय उर्जाको विकास नभएको यस गाँउपालिकामा जलविद्युत शक्ति नै उर्जाको महत्वपूर्ण श्रोत हो । यस पालिकाका अधिकांश घरपरिवारले वत्तिको रुपमा विद्युत प्रयोग गरेका छन । वत्ति प्रयोग गर्ने घर परिवारको संख्या करीव १० प्रतिशत छ भने बाँकि घर परिवारले वतिको रुपमा अन्य श्रोतको प्रयोग गरेका छन । यहाँका करिव ६० प्रतिशत घर परिवारमा सुधारिएको चुलो प्रयोगमा आएको

छ । खनिज एव वायु उर्जाको विकास भएको छैन भने ज्यादै कम घर परिवारले वायोगयास प्रयोग गरेका छन् । माथि उल्लेखित सबै प्रकारका उर्जाको उत्पादन मार्फत रोजगारी सिर्जना गरी आगामि ५ वर्ष भित्र ताराखोला गाँउपालिकालाई उज्यालो गाँउपालिकाको रुपमा घोषणा गरी आर्थिक रुपमा सम्पन्न र समृध्द गाँउपालिकाको रुपमा विकसित गर्न पर्दछ ।

### ७.१.२ प्रमुख समस्याहरु
१. भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु ।
२. विद्युत उत्पादन संवन्धी सम्झौतामा गाँउपालिकाको भूमिका नहुनु ।
३. विद्युत सवस्टेसनको निर्माण नहुनु ।
४. विद्युत पोलहरु भरपर्दो र टिकाउ नहुनु ।
५. नवीकरणीय उर्जाको उत्पादन नहुनु ।
६. उर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव ।

### ७.१.३ चुनौती र अवसर चुनौती

१. भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलव्ध गराउन ।
२. विद्युत संम्वन्धी नीति, नियम र सम्झौता संघीय सरकारबाट हुनाले आयोजना समयमा नै सम्पन्न गराउन कठिन ।
३. प्राविधिक र वित्तीय अभावले गर्दा फलाम र स्टिलका पोलहरु व्यवस्थापन गर्न ।
४. नवीकरणीय उर्जा उत्पादन संवन्धी नीति निमार्ण गरी कार्यन्वयन गर्न ।
५. जलविद्युतमा स्थानीय जनताको सेयर सुनिश्चित गराउन ।

**अवसर**
१. ताराखोला गाँउपालिकामा धेरै खोलाहरु भएकोले जलविद्युत उत्पादन भई उज्यालो गाँउपालिका कार्यक्रम कार्यन्वयन गर्न ।
२. जलविद्युत आयोजना जनताको लगानी (सेयर) सुनिश्चित गरी लाभांश प्राप्त गर्न ।

३. गाँउपालिका साझेदारीमा घर घरमा  सौर्य बत्ती उपलब्ध गराई उज्यालो गाँउपालिका कार्यक्रममा सहयोग पुर्‍यायन ।

४. पाविधिक र वित्तीय साझेदारीमा वायु शक्तिद्धारा उर्जा उत्पादन गर्न ।

**७.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरु**

सोचः जलविद्युत र नवीकरणीय उर्जा उत्पादन मार्फत दीगो आर्थिक विकास गर्न ।

लक्ष्यः जलविद्युत र नवीकरणीय उर्जा उत्पादन प्रयोग क्षमता र दक्षता अभिवृध्दि गरी आर्थिक विकासमा टेवा पुर्‍याउन ।

उद्देश्यहरु

१. विद्युत सेवालाई दीगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु ।

२. नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण र घरेलु उद्योग संचालन  गरी रोजगार सिर्जना गर्नु ।

**७.१.५ रणनीति र कार्यनीति**

| उदेश्य १: विद्युत सेवालाई दीगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विद्युत सेवालाइ व्यवस्थापन गर्ने । | १.१.१ संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण गर्नु ।<br>१.१.२ लघु विद्युत आयोजनाको संभाव्यता अध्ययन गर्ने ।<br>१.१.३ विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा जडान गर्ने ।<br>१.१.४ विद्युत आयोजना स्थानीय जनताको लगानी सुनिश्चत गर्ने । |

| उद्देश्य २: नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण र घरेलु उद्योग सचालन गरी रोजगार सिर्जना ं गर्नु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ नवीकरणीय उर्जालाई विद्युतीकरण र उद्योगको प्रयोगमा गरी रोजगार सिर्जना गर्ने | १.१.१ विद्युत सेवा नपुगेका स्थानमा सौर्य बत्ती जडान गर्ने ।<br>१.१.२ गाँउपालिका केन्द्र र यसका शाखाहरु, वडा केन्द, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्र (Markett center) मा सौर्य वत्ती जडान गर्ने ।<br>१.१.३ वायु उर्जाको संभाव्यता अध्ययन गर्ने ।<br>१.१.४ नवीकरणीय उर्जाको प्रयोग मार्फत रोजगारी सिर्जना गर्ने । |

**७.१.६ प्रमुख कार्यक्रमहरु**

१. विद्युत सेवा नपुगेका स्थानमा विद्युत सेवा उपलब्ध गराउने ।

२. काठका विद्युत पोलहरुलाई विस्तापित गरी सिमेन्ट तथा स्टीलका पोलहरु प्रतिस्थापन गर्ने ।

३. आवश्यक स्थापना विद्युत सव स्टेसन निर्माण गर्ने ।

४. लघु जलविद्युत उत्पादनको संभाव्यता अध्ययन गर्ने ।

५. विद्युत सेवा नपुगेका घरमा सौर्य वत्ती जडान गर्ने ।

६. गाँउपालिका र यसका शाखा, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र महत्वपूर्ण वस्तीहरुका सडकमा सौर्य वत्ती जडान गर्ने ।

७. गाँउपालिका भित्र संचालित साना तथा घरेलु उद्योगको लागि विद्युत सेवा आपूर्ती गराउने ।

८. वायु उर्जाको संभाव्यता अध्ययन गर्ने ।

### ७.१.७ अपेक्षित उपलब्धी

१. आगामि १ वर्ष भित्र गाँउपालिकाका सम्पूर्ण घरमा विद्युत सेवा जडान भएको हुनेछ ।

२. आगामि २ वर्ष भित्र भरपर्दो विद्युत पोल जडान र आवश्यक स्थानमा विद्युत सव स्टेसन निर्माण भएको हुनेछ ।

३. विद्युत आयोजनामा स्थानीय जनताको लगानी सुनिश्चित भएको हुनेछ ।

४. आगामी २ वर्ष भित्र गाँउपालीका केन्द्र र यसका शाखाहरु, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र सडकका मुख्य स्थानहरुमा सौर्य वत्ती जडान भएको हुनेछ ।

५. आगामी २ वर्षभित्र लघु जलविद्युत आयोजना र सौर्य उर्जा उत्पादनसंवन्धी नीति, नियम र कार्यविधि निर्माण गरी उत्पादनको संभाव्यता अध्ययन भएको हुनेछ ।

६. गाँउपालिका भित्र संचालित साना तथा घरेलु उद्योग र सामाजिक संघ संस्थामा विद्युत तथा नवीकरण उर्जा जडान भएको हुनेछ ।

७. आगामि ३ वर्षमा उज्यालो ताराखोला गाँउपालिका भएको हुनेछ ।

## ७.२ यातायात पूर्वाधार

**७.२.१ पृष्टभूमि** गाँउपालिकाको आर्थिक एवं सामाजिक विकासको लागि यातायात पूर्वधार निर्माण महत्वपूर्ण हुन्छ । सडक, पुल, केवलकार, रन्जुमार्ग लगायतका यातायातका साधनहरुको व्यवस्थापनले गाँउपालिकाको विकासमा टेवा पुर्‍याँउछ । ताराखोला गाँउपालिकामा भौगोलिक विकटता भएको हुनाले तदानुरुप यातायातका साधनहरुको विकास र विस्तार गर्नु पर्दछ । यहाँ हालसम्म कुनै सडकहरु पनि कालो पत्रे भएका छैनन भने करिब ५०.१२ किलोमिटर कच्ची सडकहरु प्रयोगमा आएका छन् । यी कच्ची सडकहरुको स्तर उन्नती गरी कालो पत्रे गर्ने र कतिपय स्थानमा नयाँ ट्र्याक खोली पक्की पुल र कल्भर्ट निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ । यसको साथै पर्यटकीय पदमार्गको संचालन गरी पर्यटन व्यवसायको संभाव्यता अध्ययन गरी पर्यटन व्यसाय मार्फत गाँउपालिकामा रोजगार सिर्जना गरी आर्थिक गतिविधि बढाउनु पनि उत्तिकै जरुरी छ ।

### ७.२.२ प्रमुख समस्याहरु

१. सम्पूर्ण सडकहरु कच्ची र साँगुरा हुनु ।

२. सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु ।

३. वडा केन्द्रबाट  गाँउपालिका केन्द्रसम्म सडक विस्तार नहुनु ।
४. विना योजना र प्राविधिक सहयोग विना सडक विस्तार गर्नु ।
५. विभिन्न सडकलाई जोड्ने पक्की पुल, पुलेसा, नाली र कर्ल्भटको निर्माण नहुनु ।
६. वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु ।
७. पर्यटकीय पदमार्गको विस्तार नहुनु ।
८. सडक यातायात बाहेक अन्य यातायातका साधनहरुको अभाव हुनु ।
९. वैज्ञानिक भाडादर कायम नहुनु ।
१०. सडक निर्माणमा बजेट विनियोजन र संचालनमा कुशलताको अभाव र ठेक्कापट्टा व्यवस्थापनमा कमजोरी रहनु ।
११. रिङरोडको अभाव ।
१२. पुराना सवारी साधन र चालकलाई प्रशिक्षणको अभाव ।
१३. पक्की पुल, पुलेसा, नाली र कर्ल्भटको निर्माण गरी सडक यातायातलाई व्यवस्थित गर्न ।

### ७.२.३ **चुनौती र अवसर**

**चुनौती**

१. गाँउपालिकाका महत्वपूर्ण सडकहरुको स्तर उन्नती गरी कालो पत्रे गर्न प्राविधिक र वित्तीय व्यवस्थापन गर्न ।
२. वडा केन्द्रदेखि गाँउपालिका केन्द्रसम्म जोड्ने सडकको विस्तार र कालो पत्रे गर्न ।
३. वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र स्तर उन्नती गर्न ।
४. सडक यातायात बाहेक यातायातका अन्य साधनहरु जस्तै रञ्जु मार्ग र केवकारको संचालन गर्न ।
५. गाँउपालिकाका विभिन्न पहाडी धुरीलाई जोडेर रिङरोड निर्माण गर्न ।
६. यातायातका साधनलाई व्यवस्थित र भरपर्दो बनाउन उपयुक्त भाडादर कायम गर्न, यात्रु विमा, चालक प्रशिक्षण तालिम र पुराना सवारी साधनहरु हटाउन ।

**अवसरहरु**

१. गाउँपालीका  केन्द्रदेखि वडा केन्द्र सम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु
२. गाँउपालिकाका महत्वपूर्ण सडकहरु स्तर उन्नती र कालो पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु ।
३. महत्पूर्ण सडकहरु जोड्ने पक्कीपुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वयन हुनु ।
४. नीजि क्षेत्रको लगानीमा केवलकार निर्माण गर्न ।

### ७.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोचः सडक पूर्वाधारको विकास, विस्तार र पक्की, पुल पुलेसा र कल्भेटको व्यवस्थापन मार्फत गाँउपालिकाको दिगो विकास तथा समध्दी हासिल गर्ने

लक्ष्यः गुणस्तरीय सडक संजालको विस्तार गरी आर्थिक तथा सामाजिक अवसरहरुमा गाँउवासीको पहुचँ वृद्धि गर्ने

उद्देश्य १ः दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री यातायात संजालको विस्तार गर्ने

### ७.२.५ रणनीति तथा कार्यनीति

| उद्देश्य १ः दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री यातायात संजालको विस्तार गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ यातायात संजाल विस्तार गर्ने । | १.१.१ गाँउपालिकाका महत्वपूर्ण सडकहरु कालो पत्रे गर्ने र पक्की पुल निर्माण गर्ने ।<br>१.१.२ वडा केन्द्रदेखि गाँउपालिका केन्द्रसम्म जोडने सडकको स्तर वृद्धि गर्ने ।<br>१.१.३ पर्यटक पदमार्ग संचालन, केवलकार र रिङरोडको संभाव्यता अधययन गर्ने ।<br>.४ पुराना सवारी साधन विस्थापन गरी नयाँ सवारी साधन संचालन गर्ने ।<br>१.१.५ आवश्यक स्थानमा बसपार्कको व्यवस्थापन गर्ने ।<br>१.१.६ वैज्ञानिक भाडादर, बस काउन्ट र चालक प्रशिक्षणको व्यवस्था गर्ने । |

### ७.२.६ प्रमुख कार्यक्रम

१. शहीद मार्ग (रिजालचोक, अमरभूमि, अर्गल, तारा, सिप, म्यागदी) र जनमार्ग (रिजालचोक, माझखर्क, हरिचौर हुँदै भैंसे) लाई कालोपत्रे गर्ने ।

२. गाइघाट, घुस्मेली, तारा जोड्ने सडकस्तर उन्नती गर्ने ।

३. घुस्मेलीघाट, दलामचौर घाट, बगरघाट, भिरखेल, दोगाडीघाट, पुवाधुने खोला, मर्स्याङ्गीघाट, खरिखोलाघाट, दविघाट मोटरेवल पुल निर्माण गर्ने ।

४. हरिचौर, घुस्मेली, दोगाडि, नागवेली खोला सडक स्तर उन्नती गर्ने ।

५. मन्योल, रामपत्री, देउराली, नेटा घुम्टे पर्यटन सडक संचालन गर्ने ।

६. पुराना सवारी साधन विस्तापित गरी नयाँ साधन संचालन गर्ने ७. गाउँपालिकाको पहाडी धुरी हुदै रिङ रोडको संभाव्यता अध्ययन गर्ने

८. सवारी साधनको वैज्ञानिक ढंगले भाडादर कायम गर्ने ।

९. सवारी चालक र सहयोगीलाई तालिम व्यवस्थापन गर्ने ।

### ७.२.७ अपेक्षित उपलब्धी

१. गाँउपालिकाका .......... सडकहरु ५ वर्ष भित्र आवश्यक ठाउँमा पक्की पुल सहित  कालो पत्रे भएका हुनेछन् ।
२. गाँउपालिका र वडा केन्द्र जोडने सडकहरु स्तर उन्नती भई वर्षभरी सहज ढंगले यायातात संचालन भएको हुनेछ ।
३. पर्यटकीय स्थानहरुमा पदमार्ग संचालन, पहाडी घुरी हुदै रिङरोड र केवलकार संचालनको  संभाव्यता अभ्ययन  भएको हुनेछ
४. वैज्ञानिक भाडादर कायम, चालक र सहयोगीलाई तालिम र नयाँ सवारी साधन संचालन भई यातायात व्यस्थापन भरपर्दो, गुणस्तरीय र वातावरणमैत्री भएको हुनेछ  ।

## ७.३ सुचना तथा संचार प्रविधि पूर्वाधार

### ७.३.१  पृष्टभूमि

सुचना तथा संचार प्रविधिले तथ्य तथ्याङकलाई अध्यावधिक गर्न, गाँपालिका र यसका शाखाहरु, वडा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था लगायत अन्य सरकारी र गैह्रसरकारी क्षेत्रको कामलाई छीटो, छरितो र चुस्त दुरुस्त गराउन मद्दत गर्दछ । आजको वैज्ञानिक युगमा संचार प्रविधिको विकास गरी ताराखोलावासीलाई सुचनाको संवैधानिक मौलिक हकको प्रत्याभूति गराउनु गाउँपालिकाको जिम्मेवारी हो । पुस्तकालय, वचननलय, टेलीभिजन , मोवाईल र इन्टरनेट सुविधाको पहुँच पुरयाउनु आवश्यक छ । ताराखोला गा. पा. मा सुचना  तथा संचार प्रविधि पूर्वाधारको विकास नभएको अवस्थामा  यसलाई प्राथमिकताका साथ पूर्वाधार निर्माण गर्नु आवश्यक छ ।

### ७.३.२ प्रमुख समस्याहरु

१. प्रविधिमैत्री पुस्तकालय र वाचनालयको अभाव ।
२. दैनिक,  पाक्षिक, मासिक, त्रैमासिक,  अर्थवार्षिक  र वार्षिक पत्र -पत्रिका  प्रकाशनको अभाव ।
३. गाँउपालिका, वडा, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघ संस्थामा इन्टरनेट पूर्वाधारको कमीले छीटो छरितो ढंगले काम नहुनु ।
५. आवश्यक मात्रामा टेलीफोन टावर स्थापना नहुनु ।

### ७.३.३ चुनौती र अवसर

**चुनौती**

१. गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराई प्रविधिमैत्री शिक्षण सिकाई कियाकपाल संचालन  गर्न र प्रविधिमैत्री स्वास्थोपचार सुविधा उपलब्ध गराउन ।
२. प्रत्येक विद्यालयमा प्रविधिमैत्री पुस्तकालय संचालन गर्न र प्रत्येक वडामा १।१ वटा वाचनालय संचालन गर्न ।
३. गाउँपालिका एवं यसका शाखाहरु र वडा कार्यालयका कामलाई डिजिटल रुपमा संचालन गर्न ।

४. गाउपालिकामा  नियमितरुपमा राष्ट्रिय पत्र पत्रिकाउपलब्ध गराई जनतालाई सुसुचित गराउन ।
५. गाँउपालिका भित्र संचालित कार्यक्रमहरुलाई रेडियो, एफ .एम लगायत अन्य संचार माध्यमद्वारा प्रचार प्रसार गराउन ।

**अवसर**

१. सूचना तथा संचारसंवन्धी नीति  नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु ।
२. संचार क्षेत्रको विकासका लागि प्रदेश सरकारसँग समन्वयन हुनु ।
३. गाँउपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित  हुदै जानु ।
४. इन्टरनेट सेवा प्रदायक संस्थाहरुको संख्या वृद्धि हुदै जादाँ गुणस्तरमा समेत प्रतिस्पर्धात्मक स्थितिको सिर्जर्ना हुनु ।
५. जनतामा डिजिटल साक्षरता क्रमशः बढदै जानु ।

**७.३.४ दीघकालीन सोच, लक्ष्य र उद्देश्य**

सोचः  सूचना तथा संचार प्रविधिको विकास ताराखोला  गाउँपालिकाको समृध्लिको आधार लक्षः सुचना तथा संचार प्रविधिलाई ताराखोलावासीको पहुँचमा पुयाई जनजीवन  सहज बनाउने उद्देश्य १ः सूचना तथा संचार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण  क्षेत्रको रुपमा विकास गर्नु

**७.३.५ रणनीति र कार्यनीति**

| उद्देश्य १ः सूचना तथा संचार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण  क्षेत्रको रुपमा विकास गर्नु | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ सूचना तथा संचार प्रविधिलाई गाउँवासीको पहुँचमा पुरयाउन े। | १.१.१ गाँउपालिकाका विद्यालयमा इन्टरनेट सेवा जडान गर्ने<br>१.१.२ गाँउपालिकाका  र वडा केन्द्रका  सम्पूर्ण कार्यलयहरुम इन्टरनेट सुविधा उपलब्ध गराउने<br>१.१.३ प्रदेश सरकारको समन्वयनमा युवा स्वरोजगार लक्षित सुचना प्रविधि तालिम र दक्षता अभिवृद्धि गर्ने<br>१.१.४नेपाल दुरसंचार कम्पनीको  सहकार्यमा टेलीफोन टावर स्थापना गर्ने ।<br>१.१.५ नीजि क्षेत्रको समन्वयनमा  संचार क्षेत्रको विकासमा जोड दिने । |

**७.३.६  प्रमुख कार्यक्रमहरु**

१. गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराउने ।
२. गाउँपालिका एवं यसका शाखा र वडा कार्यालयका काम डिजिटल रुपमा उपलब्ध गराउने ।
३. नेपाल दुरसंचार कम्पनीको समन्वयमा टेलीफोन टावर स्थापना गरी संचार सुविधालाई गुणस्तरीय र प्रभावकारी बनाउने ।

४. विभिन्न संचार माध्यम मार्फत गाउँपालिकाका गतिविधिहरुलाई जनतासगँ पुर्‍याउने ।

५. विभिन्न समयमा संचारसंवन्धी तालिमको व्यवस्था गरी डिजिटल साक्षरता र दक्षता अभिवृद्धि गराउने ।

**७.३.७ अपेक्षित उपलब्धी**

१. संचार सुविधालाई प्रभावकारी बनाउन गाँउपालिकाको आवश्यक स्थानमा संचार टावरको निर्माण भएको हुनेछ ।

२. गाँउपालिका र यसका शाखा कार्यालय, वडा कार्यालय, विद्यालय, पुस्तकालय, वाचनालय र अन्य कार्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध भएको हुनेछ ।

३. प्रदेश सरकारको समन्वयमा सुचना प्रविधिसम्वन्धी तालिम गराई इच्छुक युवाहरु स्वरोजगारमा संलग्न भएको हुनेछन् ।

४. गाँउपालिकाका गतिविधिहरु संचार माध्यमद्धारा प्रसारित भई जनता सुसूचित भएको हुनेछन् ।

**७.४ भवन निर्माण, आवास तथा बस्ती विकास**

**७.४.१ पृष्ठभूमि**

सरकारी र सामुदायिक भवन जनताका आवास र वस्ती सुरक्षित स्वस्थ्यकर, वातावरणमैत्री, भुकम्प प्रतिरोधी र किफायती हुनु पर्दछ । गाँउपालिकाले राष्ट्रिय भवन निर्मार्ण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि निमार्ण गरी कार्यन्वयन गर्नु पर्दछ । घरवार विहिन जनता र भुकम्प पीडितहरुलाई आवास कार्यक्रम अन्तरगत समावेश गर्नु जरुरी छ । छरिएर रहेका घर वस्ती, बाढी पहिरो र भु-क्षयको जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माण गर्न गाँउपालिकाले जोड दिनु पर्दछ ।

**७.४.२ प्रमुख समस्याहरु**

१. राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन नहुनु ।

२. भवन निर्माण मापदण्ड निर्माण नहुनु ।

३. भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु ।

४. गुणस्तरीय निर्माणको सामाग्री अभाव ।

५. भवन निर्माण किफायती नभई महँगो हुन जानु ।

६. भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी ।

७. सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु ।

८. सामुदायिक आवास निर्माणमा जनचासो कम हुनु ।

९. जोखिमयुक्त वस्तीहरु स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको अवधारणासंवन्धी कम ज्ञान हुनु ।

**७.४.३ चुनौती र अवसर**

**चुनौती**

१. राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुरुप भवन निर्माण मापदण्ड तयार गरी कार्यन्वयन गर्न ।

२. सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त, कम खचिलो, भु-कम्प प्रतिरोधी, वातावरण मैत्री भवन निर्माण गर्न ।

३. दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न ।

४. जोखिमयुक्त र छरिएका बस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्न ।

**अवसर**

१. सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन हुनु ।

२. राष्ट्रिय भवन निर्माण आचारसंहित अनुरुप भवन मापदण्ड निर्माण गरी कार्यन्वयन गर्न ।

३. स्थानीय क्षेत्रमा उपलब्ध सामाग्री, गाउँपालिकामा कार्यरत प्राविधिक र स्थानीय कामदारद्धारा कम खर्चमा भवन तथा आवास निर्माण गर्न ।

४. भवन तथा आवास निर्माणसंवन्धी ज्ञानको क्रमशः अभिवृद्धि हुदै जानु ।

५. जोखिमयुक्त वस्तीको विषयमा जनतामा जानकारी प्राप्त हुनु ।

**७.४.४ दीघकालीन सोच, लक्ष्य र उद्देश्य**

सोचः दिगो समाजिक एवं आर्थिक विकासको लागि भवन, आवास तथा एकीकृत वस्तीको विकास गर्ने ।

लक्षः सुरक्षित, सुविधायुक्त, कम, खर्चिलो, वातावरण मैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भवन आवास तथा वस्तीको निर्माण गर्ने ।

**ऊद्देश्य**

१. स्थानीय निर्माण सामाग्रीको आधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्ने ।

२. जेखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको योजना तयार गर्ने ।

**७.४.५ रणनीति र कार्यनिती**

| उद्देश्य १ः स्थानीय निर्माण सामाग्रीको आधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्नु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ भवन मापदण्ड तयार गरी सुरक्षित र वाातावरण मैत्री भवन निर्माणमा जोड दिने | १११ स्थानीय निर्माण सामाग्रीको प्रयोग गरी भवन तथा आवास निर्माण गर्ने ।<br>११२ स्थानीय प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा भवनहरु निर्माण गर्ने ११३ भवन निर्माण मापदण्ड निर्माण गरी कार्यन्वयन गर्ने ।<br>११४ स्थानिय कामदारको दक्षतामा अभिवृद्धि गर्ने ।<br>११५ स्थानीय कामदारको दक्षतामा अभिवृद्धि गर्ने ।<br>११६ स्थानीय भू-उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु निर्माण गर्ने । |

| उदेश्य २: जेखिमयुक्त र छरिएका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको योजना तयार गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ एकीकृत वस्तीको संभाव्यता अध्ययन गरी योजना तयार गर्ने । | १.१.१ जोखिमयुक्त र छरिएर रहेका घर वस्तीहरुको पहिचान गरी तथ्याङ तयार गर्ने<br>१.१.२ एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको खोजी गर्ने<br>१.१.३ एकीकृत वस्ती संवन्धी जनचृतना अभिवृद्धि गरी जनमत तयार गर्ने<br>१.१.४ एकीकृत वस्तीको संभाव्यता अध्ययन गर्ने |

### ७.४.६ प्रमुख कार्यक्रमहरु

१. गाँउपालिका भवन, वडा कार्यालय, स्वास्थ्यचौकी, विद्यालय, सामुदायिक भवन लगायत अन्य नीजि भवन निर्माणको लागि मापदण्ड निर्माण गरी कार्यन्वयन गर्न प्रदेश सरकारसँग समन्वय गर्ने ।

२. भवन तथा आवास निर्माण गर्दा स्थानीय निर्माण सामाग्रीलाई प्राथमिकता दिने ।

३. भवन निर्माणमा सकभर स्थानिय कामदारलाई संलग्न गराई उनीहरुको दक्षता र क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्थापन गर्ने ।

४. गाँउपालिकामा कार्यरत प्राविधिकद्धारा भवन डिजनईनमा प्राथमिकता दिई भवन निर्माणमा एक रुपता कायम गरी प्राविधिक रेखदेखलाई नियमित गर्ने ।

५. सम्पूर्ण भवनहरु सुरक्षित, सुविधायुक्त, वातावरणमैत्री, किफायती र भूकम्प प्रतिरोधी ढंगले निर्माण गर्ने ।

६. जेखिमयुक्त र छरिएर रहेका वस्तीहरुको पहिचान गरी तथ्याङक संकलन गर्ने र ती वस्तीहरुलाई उपयुक्त स्थानमा स्थानन्तरण गर्न एकीकृत बस्ती निर्माणको संभाव्यता अध्ययन गर्ने ।

### ७.४.७ अपेक्षित उपलब्धीहरु

१. गाँउपालिकका भवन, वडा कार्यालय र सामुदायिक भवन मापदण्ड अनुसार आगामी २ वर्ष भित्र निर्माण भएको हुनेछन् । यसको लागि प्रदेश सरकारसँग समन्वयन भएको हुनेछ ।

२. भवन निर्माणमा स्थानीय सामाग्रीको आभिकतम प्रयोग भएको हुनेछ ।

३. भवन निर्माणमा संलग्न कामदारको दक्षता अभिवृद्धि भएको हुनेछ । यसको लागि यनीहरुको तालिमको व्यवस्था भएको हुनेछ ।

४. सकभर स्थानिय प्राविधिकद्धारा भवन निर्माणको डिजाईन गराई भवन निर्माणमा एकरुपता कायम गरी प्राविधिक रेखदेख भएको हुनेछ ।

५. सम्पूर्ण भवनहरु भूकम्प प्रतिरोधी, सुरक्षित, सुविधायुक्त, विफायती र वातावरणमैत्री भएको हुने छन् ।

६. जेखिमयुक्त र छरिएका वस्तीहरुको पहिचान गरी तथ्याङक संकलन भएको हुनेछ ।

७. एकीकृत वस्तीको संभाव्यता अध्ययन गरी जोखिमयुक्त र छरिएर रहेका वस्तीहरु स्थानान्तरण गर्ने योजना निर्माण भएको हुनेछ ।

## अध्याय – ८

## संस्थागत विकास र शुसासन

### ८.१ शान्ति सुरक्षा

#### ८.१.१ पृष्ठभूमि

वंगलाचुली गाउँपालिकामा शान्तिसुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गराउन, पूर्वाधार निर्माण गर्न, सामाजिक र आर्थिक विकासको लागि प्रभावकारी शान्तिसुरक्षा हुनु आवश्यक छ ।

#### ८.१.२ प्रमुख समस्याहरु

१.वंगलाचुली गाउँपालिकाको आवश्यक ठाउँमा प्रहरी चौकी सञ्चालन नहुनु ।

२. शान्तिसुरक्षा कायम गर्न स्रोतसाधन र प्रविधिको कम हुनु ।

#### ८.१.३ चुनौती र अवसर

चुनौति

१. वंगलाचुलीगाउँपालिकाका सम्पूर्ण जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिस्चित गर्न ।

अवसर

१. आवश्यक ठाउँमा स्रोतसाधन र प्रविधिसहितको प्रहरी चौकी सञ्चालन गरी शान्तिसुरक्षा कायम गर्न ।

#### ८.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यं

सोँचः वंगलाचुलीगाँउपालिकालाई शान्त र सुरक्षित गाँउपालिका बनाउने ।

लक्ष्यः वंगलाचुलीगाँउपालिकामा सम्पूर्ण जनतालाई आभास हुने किसिमले शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्ने ।

उद्देश्यः

१. वंगलाचुलीगाँउपालिकामा शान्ति सुरक्षा र सुव्यवस्था कायम हुने गरी गाँउपालिकाबासिको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने ।

## ८.१.५ रणनीति र कार्यनीति

| उद्देश्य १: वंगलाचुलीगाँउपालिकामा शान्ति सुरक्षा र सुव्यवस्था कायम हुने गरी गाँउपालिकाबासिको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ गाँउपालिकामा शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न बिधिको शासन स्थापना गर्ने । | १.१.१ वंगलाचुली गाँउपालिकामा कम्तिमा दुई ठाउँमा स्रोत साधन सहित प्रविधियूक्त र जनमुखी प्रहरी प्रशासन व्यवस्था गर्ने ।<br>१.१.२ सामुदायिक प्रहरी प्रशासन गठन गरी विभिन्न निकायसँग समन्वय गरी परिचालन गरिने ।<br>१.१.३ गाँउपालिकामा रहेका विभिन्न भौतिक, सास्कृतिक, पुरातात्विक वस्तु, भवन, पूर्वाधारको सुरक्षा गरिने । |

## ८.१.६ प्रमुख कार्यक्रमहरु

१. उपयुक्त स्थानमा प्रहरी चौकी विस्तार गर्ने

२. प्रहरी तथा सुरक्षा प्रशासनलाई तालिम तथा प्रविधियूक्त बनाई पूर्नसंरचना गर्ने ।

३. आन्तरिक सुरक्षा नीति तथा संगठनलाई सुदृढीकरण गर्ने ।

४. आन्तरिक शान्ति सुरक्षाका लागि विभिन्न निकायहरुमा समन्वय गर्ने ।

५. उपयूक्त दण्ड सजायको व्यवस्था गर्ने ।

## ८.१.७ अपेक्षित उपलब्धी

१. पाँचवर्ष भित्रमा कम्तिमा दुई स्थानमा प्रहरी चौकी सञ्चालन भएको हुनेछ ।

२. गाउँपालिकामा शान्तिसुरक्षा कायम भएको हुनेछ ।

३. प्रहरी प्रशासन स्रोतसाधन र आधुनिक प्रविधियुक्त भएको हुनेछ ।

## ८.२ सन्तुलित बिकास

### ८.२.१ पृष्ठभूमि

यस गाउँपालिकाभित्र बसोबास गर्ने बिभिन्न वर्ग र समुदायलाई बिकासको मुलधारमा ल्याई उनीहरुलाई सामाजिक एवं आर्थिक रुपले सक्षम बनाउनु पर्दछ । गापाका प्रत्येक वस्तीहरुमा बिकासका पूवाधारहरु निर्माण गरी सन्तुलित र दीगो विकास गर्नु आवश्यक छ । यहाँ उपलब्ध स्रोत साधन एवं सेवा सुविधामा सम्पूर्ण जनताको पहूँच अभिबृद्धि गर्नु पर्दछ । कुनैपनि जात, जाति, धर्म, वर्ग, लिङ्ग र भूगोलको आधारमा बिना भेदभाव सन्तुलित, दीगो र समन्यायिक विकास वंगलाचुली गाउँपालिकाको समृद्धिको आधार हो ।

### ८.२.२ **प्रमुख समस्याहरु**

१. बिभिन्न स्रोत साधन एवं सेवा सुविधामा सम्पूर्ण जनताको पहुँच पुग्न नसक्नु ।

२. प्रत्येक वस्ती र वडाहरुमा विकासका पूर्वाधारको निर्माण हुन नसक्नु ।

३. बिभिन्न जातजाति, धर्म, लिंग र भूगोलको विविधताले गर्दा सन्तुलित र दीगो विकास हुन नसक्नु ।

४. सन्तुलित विकासका लागि आवश्यक पर्ने जनशक्ति, पूजी र प्रविधिको कमी ।

५. गापामा उपलब्ध प्राकृतिक श्रोत साधनको पहिचान, संरक्षण र सदुपयोग हुन नसक्नु ।

६. सन्तुलित विकासको योजना निर्माण नहुनु ।

### ८.२.३ **चुनौती र अवसरहरु**

चुनौती

१. विभिन्न स्रोत साधन एवं सुविधामा सम्पूर्ण जनताको पहुँच अभिबृद्धि गर्न ।

२. प्रत्येक वस्तिमा विकासका पूर्वाधारहरु निर्माण गर्न ।

३. सन्तुलित र दीगो विकासका लागि जनशक्ति, पुँजी र प्रविधिको व्यवस्था गर्न ।

४. गापामा उपलब्ध प्राकृतिक श्रोत साधनको संरक्षण र उपयोग गर्न ।

५. विभिन्न जातजाति, धर्म, लिङ्ग, वर्ग र समुदायका मानिसहरुलाई एकताबद्ध गराई विकास निर्माणका कार्यहरुमा सक्रियतापूर्वक सहभागी गराउन ।

अवसर

१. गाउँ सरकारले पछाडि परेका विभिन्न वर्ग र समुदायका मानिसहरुलाई सेवा सुविधा र स्रोत साधनको पहुँचमा पुर्‍याउन ।

२. सन्तुलित र दीगो विकासका लागि सरकारी, गैरसरकारी र अन्य संघ संस्थाहरुसँग समन्वय गरी विकास निर्माणका कार्यहरु संचालन गर्न ।

३. गापाको समग्र विकासका लागि जनशक्ति, पूँजी र प्रविधिको व्यवस्था गर्न ।

४. पर्याप्त मात्रामा उपलब्ध प्राकृतिका स्रोतसाधनहरुको परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न ।

५. एउटै जलाधार क्षेत्रभित्र अवस्थित सानो भूगोल भएकाले विकास निर्माण कार्य अगाडी बढाउन अनुकूल हुनु ।

६. गापाको नेतृत्व विकास निर्माणमा सवल र सक्षम हुनु ।

### ८.२.४ **दीघकालीन  सोच, लक्ष्य र उद्देश्य**

सोचः वंगलाचुलीगापाको सन्तुलित र समन्यायिक विकास मार्फत आर्थिक समृद्धि हासिल गर्ने ।

लक्ष्यः गापाको भौतिक विकासमा भेकिय सन्तुलन कायम गरि पछि परेका वर्ग र समुदायको जिवनस्तर बृद्धि गर्ने ।

उद्देश्य

१. गापाको सम्पूर्ण क्षेत्रको सन्तुलित विकास गर्ने ।

२. पछिपरेका वर्ग र समुदायलाई विकासको प्रवाहमा समाहित गर्ने ।

### ८.२.५ रणनीति र कार्यनीति

| उद्देश्य १: गापाको सम्पूर्ण क्षेत्रको सन्तुलित विकास गर्ने । | |
|---|---|
| रणनीती | कार्यनीति |
| १.१ जनशक्ति, प्रविधि र पूँजि उपलब्ध गराई सम्पूर्ण क्षेत्रमा पूर्वाधार निर्माण गर्ने । | १.१.१ गापाका कृषि, वन, जल र पर्यटनलाई प्राथमितामा राखी पूर्वाधारको निर्माण गर्ने ।<br>१.१.२ पहाडी धुरी र लेकमा पदमार्ग लगायत पर्यटनका अन्य पूर्वाधाराको निर्माण गरी पर्यटन व्यवसायको प्रर्बद्धन गर्ने ।<br>१.१.३ कृषि, वन र खनिजमा आधारित घरेलु तथा साना उद्योग संचालनका लागि पूर्वाधारको निर्माण गर्ने । |

| उद्देश्य २: पछिपरेका वर्ग र समुदायलाई विकासको प्रवाहमा समाहित गर्ने । | |
|---|---|
| रणनीती | कार्यनीति |
| १.१ विकासका प्रवाहमा पछि परेका वर्ग र समुदायको सशक्तिकरणमा जोड दिने । | १.१.१ विकासको प्रवाहमा पछिपरेका वर्ग र समुदायको तथ्यांक संकलन गरी पहिचान गर्ने ।<br>१.१.२ विपन्न वर्गलाई विकास निर्माणको प्रकृयामा सहभागी गराउने ।<br>१.१.३ तालिम, सीप र पूँजी उपलब्ध गराई विपन्नमा परेका वर्ग र समुदायलाई सशक्तिकरण मार्फत उद्यमशील कार्यमा संलग्न गराउने ।<br>१.१.४ स्रोत, साधान र सेवा सुविधामा विपन्न वर्गको पहुँच बढाउने । |

### ८.२.६ प्रमुख कार्यक्रमहरु

१. पहाडी धुरी र लेकमा पदमार्ग विस्तार गर्ने ।

२. पर्यटन पूर्वाधारको विकास गर्ने ।

३. साना तथा घरेलु उद्योग सचालनमा पूर्वाधारको निर्माण गर्ने ४. विपन्न परिवारको सेवा सुविधामा पहुँच अभिबृद्धि गर्ने ।

५. विकास निर्माणका कार्यमा शसक्तिकरण मार्फत विपन्न वर्गको सहभागिता अभिबृद्धि गर्ने ।

६. प्राविधिक ज्ञान, पूँजी र प्रविधि मार्फत विपन्न वर्गलाई उद्यमशील कार्यमा संलग्न गराउने ।

### ८.२.७ अपेक्षित उपलब्धी

१. पहाडी धुरी र लेकमा पदमार्ग विस्तार भई पर्यटन पूर्वाधारको निर्माण भएको हुनेछ ।

२. कफी, अल्लो, निगालो, जडीवुटी र अन्य कृषि एवं गैर कृषिमा आधारित उद्योगहरु संचालनको लागि पूर्वाधारको विकास भएको हुनेछ ।

३. गापाका विकट वस्तीहरुमा विकासका पूर्वाधारहरु निर्माण भएका हुनेछन् ।
४. विपन्न परिवारको पहिचान भएको हुनेछ ।
५. विपन्न परिवारलाई विकास निर्माणका कार्यमा सहभागी गराई पहुँच अभिबृद्धि भएको हुनेछ ।
६. विपन्न परिवारलाई उद्यमशील कार्यमा संलग्न गराइएको हुनेछ ।

### ८.३ मानव अधिकार र सामाजिक न्याय

**८.३.१ पृष्ठभूमि** नेपालको संविधानले मानव अधिकार र सामाजिक न्यायाको संरक्षण, प्रर्वद्धन र परिपालनको व्यवस्था गरेको छ । गापामा सामाजिक, शैक्षिक र आर्थिक दृष्टिले पछाडि परेका वर्ग र समुदायको मानव अधिकार र सामाजिक न्याय स्थापित गरी समतामूलक समाजको निर्माण गर्नु आजको आवस्यकता हो ।

#### ८.३.२ प्रमुख समस्या

१. समाजमा शोषण, उत्पीडन, विभेद, लैङ्गिक हिंसा, रुढीवादी चिन्तन र आर्थिक पछौटेपन कायम रहनु ।
२. उपलब्ध स्रोत साधन र सुविधामा विपन्न वर्गको पहुँच नपुग्नु ।
३. मानव अधिकारसम्वन्धी मूल्यमान्यता र विश्वास स्थापित नहुनु ।
४. मानव अधिकार र सामाजिक न्यायसन्वन्धी ज्ञानको कमी हुनु ।
५. मानव अधिकार र सामाजिक न्याय स्थापनाको लागि संस्थागत समन्वयको अभाव ।
६. न्याय सम्पादन कार्य छिटो, छरितो र पारदर्शि हुन नसक्नु ।

#### ८.३.३ चुनौती र अवसरहरु

चुनौती

१. मानव अधिकारसम्वन्धी मूल्य, मान्यता र विश्वासको अभिबृद्धि गर्न ।
२. मानव अधिकारको सम्मान, संरक्षण र प्रबर्द्धन गर्न ।
३. सामाजिक विभेद एवं आर्थिक असमानताको अन्त्य गरी सामाजिक न्याय स्थापित गराउन ।
४. मानव अधिकार र सामाजिक न्याय स्थापनाको लागि संस्थागत समन्वय गर्न ।
५. न्याय सम्पादन कार्यलाई छिटो, छरितो र पारदर्शि बनाउन ।

अवसर

१. मानव अधिकार सामाजिक न्यायसम्वन्धी संबैधानिक प्रावधानको परिपालन गराउन ।
२. सामाजिक विभेद र आर्थिक असमानता अन्त्य गरी सामाजिक न्याय स्थापित गर्न ।
३. न्यायिक समिति मार्फत न्याय सम्पादन कार्यलाई छिटो, छरितो, निष्पक्ष र पारदर्शि बनाउन ।
४. मानव अधिकार र सामाजिक न्याय स्थापित गर्न संस्थागत समन्वय गर्न ।

### ८.३.४ दीर्घकालिन सोाच, लक्ष्य र उद्देश्य

सोँचः वंगलाचुलीगाँउपालिकालाई अनुसाशित र न्यायिक समतामूलक समाज बनाउने ।

लक्ष्यः न्यायिक सेवामार्फत संविधान प्रदत्त अधिकारहरुको निर्वाध उपयोग गर्न पाउने अवस्था बनाउने ।

उद्देश्य

१ वंगलाचुलीगाँउपालिकामा सामजिक न्याय कायम हुने गरी मानव अधिकारको उपयोग, सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने ।

२. विभिन्न किसिमका जोखिममा रहेका, बिपन्न, महिला, दलित, अपाङ्गता भएका तथा द्धन्द पीडित समुदायको अधिकार प्रतिस्थापित गर्ने ।

३. वंगलाचुलीगाँउपालिकामा सामजिक न्याय कायम हुने गरी मानव अधिकारमैत्री शासन प्रणाली लागु गर्ने ।

### ८.३.५ रणनीति र कार्यनीति

| उद्देश्य १: वंगलाचुलीगाँउपालिकामा सामजिक न्याय कायम हुने गरी मानव अधिकारको उपयोग, सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ संविधान प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने । | १.१.१ गाँउपालिकावाट मानव अधिकारको कायान्वयनका लागि स्रोत तथा साधनको परिचालन गरिनेछ ।<br>१.१.२ सवै वर्ग, लिङ्ग र समुदायका लागि न्यायमा पहुँच स्थापना गरिनेछ । |

| उद्देश्य २: विभिन्न किसिमका जोखिममा रहेका,.बिपन्न, महिला, दलित, अपाङ्गता भएका तथाद्धन्द पीडित समुदायको अधिकार प्रतिस्थापित गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| २.१ समाजमा विद्यमान विभिन्नप्रकारका सामाजिक भेदभाव,छुवाछुत, हिंसा तथा कुसंस्कारको | २.१.१ बिपन्न, महिला, दलित, अपाङ्गता भएका, द्धन्दपीडित तथा जोखिममा रहेका मानिसहरुको मानवअधिकारको संरक्षण गरिने । अन्य गर्न पहल गर्ने । |
| | २.१.२ समाजमा विद्यमान विभिन्न प्रकारकाभेदभाव,छुवाछुत, हिंसा विरुद्ध जनचेतनामूलक कार्यक्रमहरुसंचालन गरिने । |

| उद्देश्य ३: वंगलाचुलीगाँउपालिकामा सामजिक न्याय कायम हुने गरी मानव अधिकारमैत्री शासन प्रणाली लागु गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| ३.१ वंगलाचुलीगाँउपालिकावाट संचालन गरिने विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा जनअधिकारमुखी पद्धती कायम गर्ने । | ३.१.१ वंगलाचुलीगाँउपालिकाबाट तयार हुने नीति तथा कार्यक्रम, कार्ययोजना र विकास क्रियाकलापमा मानव अधिकारको संरक्षणलाई ध्यान दिई सञ्चालन गरिनेछ ।<br>३.१.२ वंगलाचुलीगाँउपालिकाले मानव अधिकारसम्बन्धी नीति, योजना तथा कार्यक्रम जनतालाई प्रत्याभूत हुने गरी कार्यान्वयनको खाका तयार गरिनेछ । |

### ८.३.६ कार्यक्रमहरु

१. वंगलाचुलीगाँउपालिका स्तरमा सचेतनामूलक अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
२. मानव अधिकारसम्बन्धी निःशुल्क कानूनी सहायता कक्ष स्थापना गर्ने ।
३. वंगलाचुलीगाँउपालिकाको उपाध्यक्षको नेतृत्वमा न्याय सेवालाई प्रभावकारी बनाउने ।
४. असहाय वर्ग र क्षेत्रका जनतालाई न्यायसेवा प्रवाहमा विशेष व्यवस्था गर्ने ।
५. वंगलाचुलीगाउँपालिकालाई मानवअधिकारमैत्री गाँउपालिका बनाउने ।

### ८.३.७ अपेक्षित उपलब्धी

१. मानव अधिकारको संरक्षण र कार्यान्वयनका लागि गापामा उपलब्ध जनशक्ति र स्रोत साधनको परिचालन भएको हुनेछ ।
२. विपन्न, महिला, उत्पीडित, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिको मावन अधिकारको संरक्षण भएको हुनेछ ।
३. गापामा निर्माण हुने नीति, योजना र विकास निर्माणका कार्यक्रममा मानव अधिकारको संरक्षणलाई ध्यान दिई संचालन भएको हुनेछ ।
४. वंगलाचुलीगापामा निर्माण हुने नीति योजना र कार्यक्रमहरु मावन अधिकारमैत्री भएका हुनेछन् ।
५. न्याय सम्पादन कार्य छिटो, छरितो, निष्पक्ष र पारदर्शि भएका हुनेछन् ।
६. मानव अधिकार संरक्षण र सामाजिक न्याय सम्पादनमा मानव अधिकारसम्वन्धी संघ संस्था, न्यायिक संघ संस्था, सुरक्षा निकाय लगायत अन्य संघ संस्थासँग समन्वय भएको हुनेछ ।

## ८.४ प्रशासनिक सुशासन र सेवा प्रवाह

### ८.४.१ पृष्ठभूमि

वंगलाचुलीगापामा सुशासन कायम गरी सेवा प्रवाहमा सरलता र सहजता ल्याउन आवश्यक छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनमुखी र सहभागितामूलक बनाउदै गापावाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन जरुरी छ । गापाका कर्मचारीहरुलाई गण्डकी प्रदेशको समन्वय र अन्य सम्वन्धित कार्यालयको

संयोजनमा तालिम र प्रविधियूक्त बनाई उनहिरुको कार्यदक्षता अभिवृद्धि गरी सेवा प्रवाहलाई छिटो, छरितो, निष्पक्ष, पारदर्शि र प्रभावकारी बनाउदै गापामा सुशासन कायम गर्न सकिन्छ ।

### ८.४.२ **प्रमुख समस्याहरु**

१. स्थानीय सरकार संचालनमा अनुभवको कमी हुनु ।

२. वंगलाचुलीगापामा कार्यरत कर्मचारीहरुमा सुशासन कायम गर्ने ज्ञान, सीप र दक्षताको कमी हुनु ।

३. कर्मचारीहरुमा सुशासनसम्वन्धी प्रर्याप्त तालिम र प्रशिक्षणको अवसर प्राप्त नहुनु ।

४. सेवा प्रवाहमा प्रविधि प्रयोगको कमी हुनु ।

५. सेवा प्रवाह सरल, सहज, निष्पक्ष, पारदर्शि र जनमुखी हुन नसक्नु ।

६. समयोजन प्रकृयाले कर्मचारी स्थायित्व कायम हुन नसक्नु ।

### ८.४.३ **चुनौति र अवसर**

चुनौति

१. सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनमुखी र सहभागितामूलक बनाई सुशासन कायम गर्न ।

२. कर्मचारिहरुलाई सुशासनसम्वन्धी तालिम र प्रशिषण प्रदान गरी उनीहरुको दक्षता अभिबृद्धि गर्न ।

३. गापावाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी ढंगले संचालन गर्न ।

४.गापाकाका वडा कार्यालय र सम्वन्धित शाखाहरुको भौतिक पूर्वाधार निर्माण गर्न, सुचना तथा आधुनिक प्रविधिको व्यवस्था गर्न र योग्य, दक्ष र प्राविधिक कर्मचारिको व्यवस्थ गर्न ।

५. निर्वाचित जनप्रतिनिधिहरुलाइ जनउत्तरदायी, जिम्मेवार र जवाफदेही बनाई सुशासन कायम गर्न ।

अवसर

६. सुशासनसम्वर्न्धा नीति, नियम र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न ।

७. कर्मचारिहरुलाई सुशासनसम्वर्न्धा तालिम प्रदान गरी उनीहरुको कार्यदक्षता अभिवृद्धि गर्न ।

८. सेवा प्रवाहकार्य प्रविधियूक्त, छिटो, छरितो र पारदर्शि बनाई जनउत्तरदायि ताराखोलाको सरकारको प्रत्याभूति दिन ।

९. स्वच्छ, निष्पक्ष, जनमुखी र भ्रष्टाचारमूक्त ताराखोला सरकार संचालन गर्न ।

### ८.४.४ **दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य**

सोँचः जनमुखी, निष्पक्ष, छिटोछरितो र पारदर्शी सेवा प्रवाह गरी सुशासन कायम गर्ने ।

लक्ष्यः वंगलाचुलीगाँउपालिकामा पहुँचयोग्य, सबल र सुलभ सेवा प्रणालीको व्यवस्था गर्ने ।

उद्देश्य

१. प्रशासनिक सेवालाई सरल, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउने ।

२. गाँउपालिकाका हरेक वडावाट प्रवाह गर्ने सेवा सरोकारवालाहरुलाई अपनत्व हुने गरी सरल र गुणस्तरीय रुपमा प्रदान गर्ने ।

### ८.४.५ रणनीति र कार्यनीति

| उद्देश्य १: प्रशासनिक सेवालाई सरल, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ वंगलाचुलीगाँउपालिकाको संस्थागत सेवा प्रवाह प्रणालीको विकास र सुदृढिकरण गर्ने । | १.१.१ गाँउपालिकाको संस्थागत सुदृढीकरण गरीं सेवा प्रवाह प्रक्रियालाई छिटोछरितो र प्रभावकारी गरिनेछ ।<br>१.१.२ जनस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहको प्रभावकारीतामा अभिबृद्धि गरिने छ ।<br>१.१.३ सेवा प्रवाह प्रणालीलाई जनसेवामुखी र प्रबिधिमैत्री बनाइनेछ । |
| उद्देश्य २: गाँउपालिकाले हरेक वडा तथा गापावाट प्रवाह गर्ने सेवा सरोकारवालाहरुलाई अपनत्व हुने गरी सरल र गुणस्तरीय रुपमा प्रदान गर्ने । | |
| २.१ गाँउपालिकाले जनताको पक्षमा वैज्ञानिक र वस्तुपरक आधारमा सरल तथा गुणस्तरिय सेवा प्रदान गर्ने । | २.१.१ गाँउपालिका र वडास्तरका कर्मचारीमा जनमुखी सेवा प्रवाह गर्ने सीप र क्षमताको बिकास गरिने छ ।<br>२.१.२ गाँउपालिका तथा सवै वडाका सेवा प्रवाहका लागि आबश्यक पूर्बाधारको बिकास गरिनेछ । |

### ८.४.६ प्रमुख कार्यक्रमहरु

१. गाँउपालिका तथा वडा कार्यालयहरुलाई स्रोतसाधन सम्पन्न र प्रविधियुक्त जनशक्तिको क्षमता विकास गर्ने ।

२. गाँउपालिका तथा वडातहका विभिन्न कर्मचारी तथा समितिको क्षमता अभिबृद्धि गर्ने ।

३. गाँउपालिकाले प्रदेश सरकारसँग विभिन्न कार्यकमहरु सञ्चालनमा समन्वय गर्ने ।

### ८.४.७ अपेक्षित उपलब्धी

१. गापाको प्रशासन स्वच्छ, निष्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त र जनमुखी भई सुशासन कायम भएको हुनेछ ।

२. गापामा कार्यरत कर्मचारिहरुलाई सुशासनसम्वन्धी तालिम प्रदान गरी उनीहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।

३. गापावाट प्रदान गरिने सेवा सुविधालाई छिटो छरितो, प्रविधिमैत्री, निष्पक्ष र प्रभावकारी ढंगले संचालन भएको हुनेछ ।

४. ताराखोला गापा सरकार जनउत्तरदायि भई सुशासन कायम गर्न सक्षम भएको हुनेछ ।

## ८.५ वित्तीय सुशासन

### ८.५.१ पृष्ठभूमि

प्रशासनिक सुशासन सगसगै वित्तीय सुशासन कायम गर्न सकेमा गापाको आर्थिक समृद्धि सम्भव हुन्छ । छनौट भएका आयोजनाहरुमा खर्चको व्यवस्थापन, आयोजनाको ठेक्कापट्टा पारदर्शि र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्ने, खरिद् प्रकृयालाई नियम संगत ढंगले पारदर्शि बनाउने र वित्तयि प्रणालीलाई सुदृढिकरण गरी वित्तीय सुशासन कायम गर्न सकिन्छ । यसको साथै राजश्व र व्ययको अनुमान, लेखापरिक्षण प्रणाली र वित्तीय प्रणालीलाई नियमित र प्रभावकारी वनाउन  पर्दछ । गापाका सम्पूर्ण वित्तीय कारोवारलाई वैकिङ  प्रणाली मार्फत संचालन गर्न आधुनिक प्रविधियूक्त ईन्टरनेटको व्यवस्था समेत गर्नु पर्दछ ।

### ८.५.२ प्रमुख समस्याहरु

१. गापाको वित्तीय व्यवस्थापनसम्वन्धी निकायको सुदृढिकरण नहुनु ।

२. राजस्व संकलन र परिचालन क्षमतामा बृद्धि नहुनु ।

३. गापाको विकास आयोजनाहरुको ठेक्का पट्टा निर्धारित समयमा नहुनु  र विद्युतीय वोलपत्रको व्यवस्था नहुनु ।

४. खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शि हुन नसक्नु ।

५. विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु ।

६. विकास खर्च कम हुनु र आ.व.को अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु ।

### ८.५.३ चुनौति र अवसर

चुनौति

१. संघ र प्रदेशवाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न ।

२. वार्षिक राजस्व र व्ययको अनुमान यर्थाथपरक बनाई कार्यान्वयन गर्न ।

३. राजस्व संकलन र परिचालनलाई पारदर्शि र प्रभावकारि बनाउन ।

४. खरिद प्रकृया नियमसंगत, व्यवस्थित र पारदशि, नियमित र व्यवस्थित गर्न ।

५. सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा संचालन गर्न ।

६. विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम संचालन गर्न ।

अवसर

१. वार्षिक रुपमा गापा परिषद्बाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा वजेट विनियोजित गर्नु ।

२. संघ र प्रदेश सरकारवाट प्राप्त अनुदानवाट विभिन्न विकास आयोजना संचालन गर्नु ।

३. गापाले विभिन्न कर संकलन गरी राजश्व बृद्धि गर्नु ।

४. ठेक्का पट्टा र खरिद् प्रकृया नियमसंगत र पारदर्शि बनाई समयमा नै कार्य सम्पादन गर्न ।

५. सम्पूर्ण आर्थिक कारोवारलाई बिद्युतयि माध्यमबाट संचालन गरि बिद्यसतिय सुशासन कायम गर्न ।

६. जनप्रतिनिधि र कर्मचारीलाई बित्तयि सुशासनसम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा बृद्धि गर्न ।

७. गापाका सम्पूर्ण बित्तीय कारोवारहरुरमा सुशासन कायम गरी नमुना गापा निर्माण गर्ने ।

### ८.५.४ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य

सोचः बिकास आयोजनाको लागि खर्च व्यवस्थापन गरी ताराखोला गाँउपालिकामा वित्तीय सुशासन कायम गर्ने ।

लक्ष्यः वंगलाचुलीगाँउपालिकाको सार्वजनिक आय र ब्ययलाई व्यवस्थित र पारदर्शी बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

उद्देश्य १ः गाँउपालिकाको आय व्यय लाई चुस्त, दुरुस्त र पारदर्शी वनाई र त्यसको प्रभावकारितामा वृद्धि गर्ने ।

### ८.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः वंगलाचुलीगाँउपालिकाको आय र व्ययलाई चुस्त, दुरुस्त र पारदर्शी वनाइ त्यसको प्रभावकारिता वृद्धि गर्ने । | |
| १.१गापाको वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । | १.१.१ गापाको वित्तयि व्यवस्थापनसम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता बृद्धि गरिनेछ ।<br>१.१.२ गापाको वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । |
| १.२ गापाको सार्वजनिक आय, व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १.२.१ गापाको विकास आयोजनाहरुको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युत्तीय बोलपत्रको दायरालाई विस्तार गरी पारदर्शी बनाउने ।<br>१.२.२ निर्धारित समय अगाबै काम सम्पन्न गर्ने निकायलाई प्रोत्साहन गर्ने ब्यबस्था गरिनेछ । |

### ८.५.६ प्रमुख कार्यक्रमहरु

१. गाँउपालिकाले लाभ र लागतको विश्लेषणसहित योजना तथा कार्यक्रम अवधि एकिन गरी वार्षिक बजेट विनियोजन गर्ने ।

२. गापामा बजेट सूचना व्यवस्थापन प्रणाली विकास गरी बजेट निर्माण प्रक्रियालाई क्रमशः कागजविहिन बनाउने कार्यक्रम संचालन गर्ने ।

३. राजस्व संकलन तथा परिचालनमा क्षमता बृद्धि तालिम उपलब्ध गराउने ।

४. लेखा प्रणाली सुदृढिकरण तालिम सञ्चालन गर्ने ।

५. बिद्युतीय आर्थिक कारोबार प्रणालीको सुदृढिकरण गर्ने ।

**८.५.७ अपेक्षित उपलब्धी**

१. गापाको सार्वजनिक आय र व्ययलाई व्यवस्थित र पारदर्शि हुनेछ ।

२. प्राथमिकताको आधारमा बिकास आयोजनाहरमा बजेट बिनियोजत भएको हुनेछ ।

३. गापाका सम्पूर्ण वित्तीय कारोवारहरु बिद्युतीय माध्यमद्धारा संचालन भएका हुनेछन् ।

४. राजस्व संकलन र परिचालन क्षमतामा बृद्धि भएको हुनेछ ।

५. कर्मचारीहरुलाई वित्तीय सुशासनसम्बन्धी तालिमको ब्यवस्था गरी क्षमता अभिबृद्धि भएको हुनेछ ।

६. विकास आयोजनाहरुमा खर्च हुने बजेट निर्धारित समयमा निकासा गरी समयमा नै काम सम्पन्न गर्ने परिपाटिको विकास भएको हुनेछ ।

## ८.६ भ्रष्टाचार निवारण

### ८.६.१ पृष्ठभूमि

वंगलाचुलीगापाका सम्पूर्ण क्रियाकलापहरुमा अनियमितता, ढिलासुस्ति, बिकृति र बिसंगतिको अन्त्य गरी भ्रष्टाचारमुक्त गापा निर्माण गर्नु पर्दछ । गापामा भ्रष्टाचारको क्षेत्रमा शुन्य सहनशिलताको नीति अवलम्बन गरी सुशासन कायम गर्नु आवश्यक छ । जनतामा प्रवाह हुने सेवा सुबिधालाई कानून सम्मत ढंगले सरल, सहज र पारदर्शि बनाउनुपर्छ । जनप्रतिनिधि र कर्मचारीहरुलाई जनमुखी, उत्तरदायी र जिम्मेवार बनाई सुशासन कायम गर्नु आवश्यक छ ।

### ८.६.२ प्रमुख समस्याहरु

१. भ्रष्टाचार निवारणसम्वन्धी प्रर्याप्त नीति नियम र कानूनको अभाव हुनु र कार्यान्वयन पक्ष फितलो हुनु ।

२. भ्रष्टाचार विरुद्ध नागरिक सचेतना कार्यक्रम संचालन नहुनु ।

३. भ्रष्टाचार निवारणसम्वन्धी अध्ययन र अनुसन्धान नहुनु ।

४. भ्रष्टाचार निवारणको लागि आधुनिक सुचना र प्रविधिको प्रयोग नहुनु ।

५. भ्रष्टाचार निवारणसम्वन्धी निकायको कार्य दक्षता प्रभावकारी नहुनु ।

### ८.६.३ चुनौति र अवसर

चुनौति

१. सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य अनियमितता, ढिला सुस्ती र विकृति नियन्त्रण गरी गापामा सुशासन कायम गर्न ।

२. भ्रष्टाचारजन्य स्रोतको पहिचान गरी नियन्त्रण गर्न ।

३. भ्रष्टाचार निवारणको क्षेत्रमा शुन्य सहनशिलताको नीति कार्यान्वयन गरी सुशासन कायम गर्न ।

४. भ्रष्टाचार निवारणको लागि आधुनिक प्रविधिको प्रयोग गर्न ।

५. भ्रष्टाचार निवारणसम्वन्धी निकायसँग सहकार्य र समन्वय गरी भ्रष्टाचार निवारण गर्न ।

अवसर

१. भ्रष्टाचार निवारणसम्वन्धी नीति नियम र कानून निर्माण गरी कार्यान्वियन गर्न ।

२. भ्रष्टाचार निवारणको क्षेत्रमा शुन्य सहनशिलता नीति निर्माण गरी कार्यान्वियन गर्न ।

३. भ्रष्टाचार निवारणसम्वन्धी संघ संस्थासग समन्वय गरी भ्रष्टाचार निवारण गर्न ।

४. भ्रष्टाचार निवारणको लागि आधुनिक प्रविधिको प्रयोग र कार्यान्वियन गर्न ।

**८.६.४ दीर्घकालिन सोच,लक्ष्य,उद्देश्य**

सोचः वंगलाचुलीगाँउपालिकालाई भ्रष्टाचारमुक्त र स्वच्छ गापा निर्माण गरी सुशासन कायम गर्ने । लक्ष्यः गापामा भष्ट्राचारको क्षेत्रमा शुन्य सहनशिलताको नीति कार्यान्वयन गरी सुशासन प्रवर्द्धन गर्ने ।

उद्देश्य १: वंगलाचुलीगाँउपालिकामा भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासन कायम गर्ने ।

**८.६.५ रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: वंगलाचुलीगाँउपालिकामा भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासन कायम गर्ने । | |
| १.१ गाँउपालिकामा भ्रष्टाचारको क्षेत्रमा शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने । | १.१.१ विद्यमान कानुन र कार्यविधिहरुका आधारमा गापामा भ्रष्टाचारलाई शुन्य तहमा झार्ने प्रयत्न गरिनेछ ।<br>१.१.२ स्थानिय कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>१.२.३ कर्मचारीहरुलाई आफनो कार्यस्थलमा निष्ठा सहित सादा जीवन र सहयोगी व्यवहार मार्फत सेवा प्रवाह गर्न प्रेरित गरिनेछ । |

**८.६.६ मुख्य कार्यक्रमहरु**

१. गाँउपालिकाले भ्रष्टाचार बिरुद्ध नागरिक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

२. भ्रष्टाचारसम्बन्धी अध्ययन अनुसन्धान गरी भ्रष्टाचार निवारण गर्ने ।

३. स्थानीय संस्थागत क्षमता विकासका लागि आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने ।

४. वडा तथा गाउँपालिकाले प्रत्येक वर्ष सामाजिक लेखा परिक्षण गर्ने ।

### ८.६.७ अपेक्षित उपलब्धी

१. भ्रष्टाचार निवारणसम्वन्धी नीति निर्माण गरी कार्यान्वयन भएको हुनेछ।

२. संघ र प्रदेशको समन्वयमा भ्रष्टाचार निवारणसम्वन्धं कानूनको परिपालन भएको हुनेछ।

३. भ्रष्टाचार निवारणसम्वन्धी संघ संस्था र निकायसँगको सयोजन भएको हुनेछ।

४. भ्रष्टाचार निवारणको क्षेत्रमा शुन्यसहनशिलताको नीति अवलम्वन भएको हुनेछ।

५. भ्रष्टाचार निवारणको लागि गापाका सम्पूर्ण वित्तीय कारोवारहरु विद्युतीय माध्यमद्धारा संचालन भएका हुनेछन्।

६. भ्रष्टाचार गतिविधिलाई नियन्त्रण गरी गापामा सुशासन कायम भएको हुनेछ।

## अध्याय – ९ अन्तर सम्वन्धित विषय

### ९.१ तथ्यांक प्रणाली, अनुसन्धान तथा विकास

### ९.१.१ पृष्ठभूमि

कुनै पनि आयोजना संचालन गर्नको लागि भरपर्दो तथ्यांकको आवश्यकता पर्दछ । वंगलाचुलीगाउँपालिकामा यस प्रकारका तथ्यांकहरुको अभाव रहेको छ । तसर्थ यस गापाको सामाजिक, आर्थिक, शैक्षिक एवं अन्य पक्षहरुको प्राथमिक तथ्यांकहरु संकलन गरी अद्यावधिक गर्नु आवश्यक छ । यसका लागि गापाले सम्वन्धित शाखाहरुको संयोजनमा तथ्यांक संकलन गरी अनुसन्धान मार्फत गापाको वास्तविक स्थिति उजागर गर्नु पर्दछ ।

### ९.१.२ प्रमुख समस्याहरु

१. गापामा तथ्यांक संकलन र अद्यावधिक गर्ने जनशक्ति पुँजी र प्रविधिको प्रयोग नहुनु ।

२. उपलब्ध तथ्यांकलाई अध्ययन अनुसन्धान गरी गापाको स्थिति बोध नहुनु ।

३. भरपर्दो र वास्तविक तथ्यांक विना विकास आयोजनाहरु संचालन हुनु ।

४. तथ्यांक संकलनको लागि संम्वन्धित निकाय र तथ्यांक विभागसँग समन्वय नहुनु ।

### ९.१.३ चुनौति र अवसर

चुनौति

१. जनशक्ति पुजी र आधुनिक प्रविधिको प्रयोग गरी गापाले वास्तविक र भरपर्दो तथ्यांक संकलन गरी अद्यावधिक गर्न ।

२. अद्यावधिक तथ्यांकको विश्लेषण गरी गापाको वास्तविक स्थिति उजागर गर्न ।

३. वास्तविक तथ्यांकहरुको आधारमा विकास आयोजनाहरु संचालन गरी सम्पन्न गर्न ।

४. सम्वन्धित निकायसँगको समन्वयमा तथ्यांक अद्यावधिक गरी विकास निर्माण कार्य संचालन गर्न ।

अवसर

१. गापाका विभिन्न शाखा र वडा कार्यालयहरुमा आवश्यक पर्ने तथ्यांक संकलन गरी अद्यावधिक गर्न ।

२. उपलब्ध जनशक्ति र प्रविधिको प्रयोगद्धरा तथ्यांक संकलन र विश्लेषण गरी गापाको स्थिति उजागर गर्न ।

३. सम्वन्धित निकायको संयोजनमा तथ्यांक अद्यावधिक गर्न ।

### ९.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोंचः वंगलाचुली गाँउपालिकामा भरपर्दो तथ्यांक प्रणालीको माध्यमद्धारा विकास निर्माण कार्य सञ्चालन गर्ने ।

लक्ष्यः यस गाँउपालिकाले विश्वसनीय तथ्यांक तथा सूचनाहरु अध्याबधिक सहित सहजरुपमा उपलब्ध गराउने ।

उद्देश्य :

१. गापा तथा वडाहरुको तथ्याङ्क प्रणालीको विकास गर्नु ।

२. विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।

### ९.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: गापा तथा वडाहरुको तथ्याङ्क प्रणालीको विकास गर्नु । | |
| १.१. दिगो विकासको लागि प्रविधिमैत्री तथ्यांक प्रणालीको विकास गर्ने । | १.१.१ भौगोलिक सूचना प्रणाली (GIS)का क्षेत्रगत तथ्यांकहरु (Spatial Data)को निर्माण गरी व्यवस्थापन गरिने छ ।<br>१.१.२. गाँउपालिका कार्यालयले वडा तथा गापामा प्रदेश सरकारको फर्मेट अनुरुप तथ्याङ्क संकलन गरी कार्यान्वयन गरिने छ । |
| १.२. तथ्याङ्कको संकलनलाई व्यवस्थित गरी परिणाममुखी बनाउने । | १.२.१ गाँउपालिका कार्यालय, वडाहरु, विभिन्न संघसस्था र नीजि क्षेत्रसँग समन्वयगरी तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशन गरिने छ ।<br>१.२.२ आयोजना सञ्चालन अबधि, मध्यमकालीन अबधि, र अन्तिम अबस्थाका तथ्याङ्क संकलन गरी तथ्यांकलाई परिणाममुखीबनाइने छ ।<br>१.२.३ गापामा अनुसन्धानमा आधारित तथ्याङ्क संकलन प्रणालीको विकास गरिने छ ।<br>१.२.४ तथ्याङ्क संकलन र प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग गरिने छ । |
| उद्देश्य २: विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउनु । | |
| २.१ गाँउपालिका कार्यालयले प्रशोधन गरेका सूचना भरपर्दा माध्यम मार्फत सार्बजनिक गर्ने व्यवस्था गर्ने । | २.१.१ गापा कार्यालयमा आवश्यक कर्मचारीहरुको व्यवस्था एवं तिनीहरुको क्षमता विकास गरी तथ्यांकको प्रयाप्त विश्लेषण गरी यथार्थपरक बनाइने छ र तोकिएको समयमा प्रकाशन गरिने छ ।<br>२.१.२ संकलन गरेका तथ्यांकहरुलाई विद्युतीय प्रविधि र अन्य प्रकाशन द्वारा सार्वजनिक गरी प्रयोगकर्ताको आवश्यकता पूर्ति गरिनेछ । |

### ९.१.६ प्रमुख कार्यक्रमहरु

१. गाँउपालिका र वडा स्तरमा क्षेत्रतग, आर्थिक तथा सामाजिक तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी प्रकाशन गर्ने ।

२.. गाँउपालिका कार्यालयको वेबसाइट निर्माण गरी बुलेटिन प्रकाशन र सूचनाहरु सार्वजनिकीकरण गर्ने ।

३. प्रदेश सरकारले संचालन गर्ने सर्वेक्षण, जनगणना जस्ता कार्यक्रमलाई गापास्तरमा संञ्चालन गर्न सघाउने ।

४. तथ्याङ्क क्षेत्रमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

### ९.१.७ अपेक्षित उपलब्धी

१. जनशक्ति, पूजी र आधुनिक प्रविधिको प्रयोग गरी गापा स्तरका नक्सा तथा तथ्यांकहरु अद्यावधिक भएका हुनेछन् ।

२. वास्तविक तथ्यांकको आधारमा मात्र विकास निर्माणका कार्यहरु संचालन भएका हुनेछन् ।

३. अद्यावधिक तथ्यांकहरुलाई व्याख्या विश्लेषण गर्ने परिपाटिको थालनि भएको हुनेछ ।

४. सम्वन्धित निकाय तथा परामर्शदातासँग सहकार्य र समन्वय गरी गापामा आवश्यक पर्ने तथ्यांक संकलन र विश्लेषण गरिएको हुनेछ ।

## ९.२ गरिबी निवारण

### ९.२.१ पृष्ठभूमि

दैनिक जीवनयापन गर्नका लागि आधारभूत आवश्यकताको परिपूर्ति गर्न कठिनाई हुनाले गरीबिकोअवस्था सृजना हुन्छ । वंगलाचुली गापामा गरीबिको रेखामुनी रहेको जनसंख्या ....... प्रतिशत रहेको छ । गापामा उपलब्ध स्रोतसाधन र सेवा सुविधामा गरीबिको रेखामुनि रहेको जनसंख्याको पहुँचमा पुर्याई उनीहरुलाई रोजगारका अवसरहरुमा संलग्न गराई गरीबि निवारण गर्न सकिन्छ ।

### ९.२.२ प्रमुख समस्याहरु

१. गरीविको पहिचान गरी वास्तविक स्थितिको तथ्यांक उपलब्ध नहुनु ।

२. स्रोत साधन र सेवा सुविधामा गरीबको पहुँच पुग्न नसक्नु ।

३. कृषिमा आधुनिकिकरण नहुनु ।

४. विकास निर्माण प्रकृयामा गरीवको सहभागिता नहुनु ।

५. रोजगारका अवसरहरु उपलब्ध नहुनु ।

६. गरिीबी निवारण सम्वन्धि विशेष कार्यक्रम संचालन नहुनु ।

७. गरीबिको रेखामुनि रहेको जनसंख्याको सशक्तिकरणमा ध्यान नदिनु ।

### ९.२.३ चुनौति र अवसर

चुनौति

१. गापामा गरीविको पहिचान गरी परिचयपत्र प्रदान गर्न ।

२. गरीव लक्षित बिशेष कार्यक्रम संचालन गरी गरीवि निवारण गर्न ।

३. निर्वाहमुलक कृषिलाई आधुनिक पद्धतिमा रुपान्तरण गरी उत्पादन बृद्धि गर्न ।

४. श्रोतसाधन र सेवा सुविधामा गरीवको पहुँच बृद्धि गरी आधारभूत आवश्यकता परिपूर्ति गर्न ।

५. गरिवहरुलाई बिभिन्न सीपमुलक तालिम प्रदान गरी रोजगारमा संलग्न गराउन र उद्यमशीलताको विकास गराउन ।

अवसर

१. गापाले गरीवि निवारणसम्बन्धी बिशेष कार्यक्रम संचालन गरी कार्यान्वयन गर्न ।

२. गरीवहरुलाई तालिम, सीप र प्रविधि प्रदान गरी रोजगार र उद्यमशिलतामा संलग्न गराउन, ३. गापामा उपलब्ध स्रोत साधन र सुबिधामा गरीवको पहुँच बृद्धि गरी गरीवि निवारण गर्न ।

४. गापामा गरीवि निवारणसम्बन्धी कार्यक्रमलाई एकीकृतरुपमा संचालन गर्न ।

### ९.२.४ **दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य**

सोचः वंगलाचुली  गाँउपालिकालाई एकीकृत बिकासको माध्यमद्धारा गरीबि निबारण गर्ने ।

लक्ष्यः गापा भित्र रहेका सबै प्रकारका गरीबिको अवस्थालाई न्युनिकरण गर्ने ।

उद्देश्य

१ गरीबि निवारण कार्यलाई सबै किसिमका बिकास कार्यक्रममा एकीकृत गर्ने ।

२ गापा भित्रका स्रोत साधनहरुलाई गरीब लक्षित बनाई गरीबहरुको पहुँचमा विस्तार गर्ने ।

### ९.२.५ **रणनीति र कार्यनीति**

| उद्देश्य १ः गरीबि निवारण कार्यलाई सबै किसिमका बिकास कार्यक्रममा एकीकृत गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ गरिबी निबारणलाई विकास निर्माणमा एकिकृत गर्ने । | १.१.१ गापाका सबै बिकास आयोजनाहरुमा गरीबि निबारणलाई प्राथमिकता दिई एकीकृत गरिनेछ ।<br>१.१.२ गापाले प्रदेश सरकारसँगको सहकार्य एव ंसमन्वयमा गरीबको बर्ग पहिचान गरी परिचयपत्र प्रदान गने ।<br>१.१.३ गापा भित्र गरीबहरुको विवरण अद्यावधिक गर्ने । |

| | |
|---|---|
| १.२ गापा स्तरमा उत्पादनमुलक रोजगारीका अवसरहरुको वृद्धिगर्ने । | १.२.१ गरीबि निवारणका लागि स्थानीय स्तरमा उपलव्ध रैथाने ज्ञान सीप, पेशा एवं व्यवसायको पहिचान गरिनेछ ।<br>१.२.२ पेशा व्यवसायबाट उत्पादित वस्तुहरुलाई राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था मिलाइने छ ।<br>१.२.३ गापा भित्रने विप्रेषणलाई रोजगारी सिर्जना र उत्पादनसँग जोडन जलविद्युत उत्पादन, वित्तीय क्षेत्रमा लगानी गर्ने साथै सामूहिक रुपमा लघु उद्यम संचालन गर्न प्रोत्साहन गरिने छ ।<br>१.२.४ परिचय पत्रको आधारमा उद्यमी बन्न चाहने गरीबहरुलाई सहुलियत दरमा ऋण उपलव्ध गराइनेछ ।<br>१.२.५ गापा क्षेत्रमा पर्यटन विकास एवं विस्तार गर्न घरबास कार्यक्रम संचालनका लागि गरीबि परिचय पत्रको आधारमा प्राथमिकता दिई आत्मनिर्भर बन्न सहयोग पुर्‍याइनेछ । |
| २ गापा भित्रका स्रोत साधनहरुलाई गरीब लक्षित बनाई गरीबहरुको पहुँचमा विस्तार गर्ने । | |
| २.१ गाँउपालिका स्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरिबहरुको पहुँच विस्तार गर्ने । | २.१.१ गाँउपालिका स्तरमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु तर्जुमा गर्दा गरिबी निवारणलाई उच्च प्राथमिकता प्रदान गरिने छ ।<br>२.१.२ गाँउपालिका मार्फत सञ्चालन हुने शिक्षा, स्वास्थ्य, खानेपानी, आवास, सामाजिक न्याय, सूचनाको उपलव्धता |
| | जस्ता आधारभूतसेवामा सबैको पहुँच सुनिश्चित गर्न समन्वय एवं सहकार्य गरिने छ ।<br>२.१.३ उद्यमशीलता विकास गर्नका लागि समयको माग र बजार अनुकुल हुने सीप विकास कार्यक्रम संचालन गरिन छ ।<br>२.१.४ सीपयुक्त जनशक्तिलाई गरीब परिचयपत्रकोआधारमा सहुलियत दरमा ऋण प्रदान गरिने छ ।<br>२.१.५ परिचय पत्रको आधारमा निःशुल्क स्वास्थ सेवा उपलव्ध गराइने छ ।<br>२.१.६ पोषणको अभावमा कुपोषित बालबालिकाहरुको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ । |

### ९.२.६ प्रमुख कार्यक्रमहरु

१. गाँउपालिकाले सबै वडाका गरीबहरुको तथ्याङ्क अद्यावधिक गर्ने ।

२. गापाका सबै बिकास कार्यक्रममा गरीबि निबारण कार्यक्रम एकिकृत गर्ने ।

३. गापाले गरीब परिवारले उत्पादन गरेका बस्तुहरु बिक्रि गर्न सहजिकरण गर्ने ।

४. सामूहिक रुपमा लघु उद्यम संचालन गर्न प्रोत्साहन गर्ने ।

५. घरवास कार्यक्रम संञ्चालन गर्न सहयोग गर्ने ।

६. गापामा बित्तीय संस्थाहरुको बिस्तार गरी बचत परिचालन गर्ने ।

७. सबै वडामा स्वास्थ्य र शिक्षा जस्ता आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित गर्न समन्वय एवं सहकार्य गर्ने ।

८. गरीब परिचय पत्रको आधारमा निशुल्क स्वास्थ सेवा उपलव्ध गराइनेछ ।

### ९.२.७ अपेक्षित उपलब्धी

१. वंगलाचुली गापाका गरीवहरुको पहिचान गरी परिचय पत्र बितरण भएको हुनेछ ।

२. गरीव लक्षित बिशेष कार्यक्रम संचालन भै गरीवि निवारणलाई न्यूनिकरण गरिएको हुनेछ ।

३. गापामा उपलब्ध स्रोत साधन र सेवा सुबिधामा गरीवको पहुँच बृद्धि भएको हुनेछ ।

४. तालिम, सीप र प्रबिधि प्रदान गरी सशक्तिकरण मार्फत गरीवहरुलाई रोजगार र उद्यमशीलतामा संलग्न हुने वातावरण तयार भएको हुनेछ ।

५. निर्वाहमुलक कृषिलाई मल,बीउ, औजार, प्राबिधिक र प्रबिधि मार्फत आधुनिक पद्धतिमा रुपान्तरण गरी उत्पादन बृद्धि र रोजगार सिर्जन गर्न सहकार्य र समन्वय भएको हुनेछ ।

## ९.३ जनशक्ति विकास, उद्यमशिलता र रोजगारी

### ९.३.१ पृष्ठभूमि

उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध गापा निर्माणको प्रमुख स्रोत जनशक्ति हो । शिक्षलाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई रोजगारीका अवसर र आर्थिक बिकाससँग जोड्न सक्ने जनशक्तिको आवश्यकता छ । यूवा जनशक्तिलाई प्रबिधियूक्त सीप प्रदान गरी दक्ष र प्रतिस्पर्धि बनाउन जरुरी छ । उपयुक्त वातावरण र सामुहिकताबाट उद्यमशीलताको विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास हुन्छ ।

### ९.३.२ प्रमुख समस्याहरु

१. गापामा आवश्यक पर्ने जनशक्तिको आपूर्ति हुन नसक्नु ।

२. उपलब्ध जनशक्ति दक्ष र प्रबिधिमैत्री नहुनु ।

३. उत्पादित जनशक्ति बेरोजगार हुनु ।

४. गापामा जनशक्ति ब्यवस्थापनको योजना नहुनु ।

५. शिक्षा बजारमुखी हुन नसक्नु ।

६. गापामा उद्यमशीलतासम्बन्धि कार्यक्रम संचालन नहुनु ।

### ९.३.३ **चुनौति र अवसर**

चुनौति

१. गापामा आवश्यक पर्ने जनशक्ति उपलब्ध गराई गापाको दैनिक कार्यलाई चुस्तदुरुस्त बनाउन ।

२. गापाले जनशक्ति व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्न र कर्मचारीहरुको स्थायित्व प्रदान गर्न ।

३. उपलब्ध जनशक्तिलाई तालिम, सपि र प्रविधि उपलब्ध गराई दक्षता अभिबृद्धि गर्न ।

४. सीप लाई उद्यमशीलतामा जोडी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न ।

५. नाफामूलक क्षेत्रको पहिचान, सीप, पूजी तथा प्रविधि प्रदान गरी उद्यमशीलतामा संलग्न गराउन ।

अवसर

१. गापाले जनशक्ति व्यवस्थापनसम्वन्धी योजना बनाई कार्यान्वयन गर्न ।

२. उपलब्ध जनशक्तिलाई सीपमूलक तालिम र प्रविधि उपलब्धगराई उनीहरुको दक्षता अभिबृद्धि गर्न ।

३. प्राविधिक शिक्षालयको स्थापना र संचालन गरी प्राविधिक जनशक्ति तयार गर्न ।

४. बेरोजगार यूवाहरुलाई सीपमूलक तालिम प्रविधि र पूजी उपलब्ध गराई उद्यमशील कार्यमा संलग्न गराई आत्मनिर्भर बनाउन ।

५. बैदेशिक रोजगारिबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा संलग्न गराई गाउँमा नै बस्ने बातावरण सिर्जन ागर्न ।

### ९.३.४ **दीर्घकालिन सोंच, लक्ष्य र उदेश्य**

सोचः उत्पादनशील र सीपमूलक जनशक्ति मार्फत उद्यमशीलता अभिबृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने ।

लक्ष्यः गापामा आवश्यक पर्ने जनशक्तिको विकास गरी उद्यमशीलतामा संलग्न गराउने ।

उद्देश्यः

१. गापाले जनशक्ति व्यवस्थापनसम्वन्धी योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

२, गापामा उपलब्ध जनशक्तिलाई उद्यमशीलतामा संलग्न गराई आत्म निर्भर बनाउने ।

### ९.३.५ **रणनिति र कार्यनिति**

| उद्देश्य १: गापाले जनशक्ति व्यवस्थापनसम्वन्धि योजना निर्माण गरी कार्यान्वयन गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ गापाले आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्ने । | १.१.१ गापाले आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन योजना निर्माण गर्ने ।<br>१.१.२ सीपयूक्त तालिम, पूँजी र प्रविधि उपलब्ध गराई जनशक्तिको दक्षता बृद्धि गर्ने ।<br>१.१.३ प्राविधिक जनशक्ति उत्पादनको लागि एक प्राविधिक शिक्षालयको संचालन गर्ने ।<br>१.१.४ बेरोजगार युवाहरुलाई रोजगारी उपलब्ध गराउने । |

उद्देश्य २: गापामा उपलब्ध जनशक्तिलाई उद्यमशीलतामा संलग्न गराई आत्म निर्भर बनाउने ।

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ गापामा उद्यमशीलताको विकास गरी अर्थतन्त्रलाई सुदृढ र सवल बनाउने । | १.१.१ घरेलु र साना उद्योग संचालनको लागि पूर्वाधार तयार गर्ने ।<br>१.१.२ उपलब्ध दक्षता बृद्धि गरि उदमशीलता तर्फ आकर्षित गर्ने ।<br>१.१.३ प्रदेश सरकारको समन्वयमा एक औद्योगिक ग्रामको संचालन गरी उद्यमशीलताको विकास गर्ने ।<br>१.१.४ युवाहरुलाई उद्यमशीलतामा संलग्न गराई आत्म निर्भर बनाउने<br>।<br>१.१.५ उद्यमशीलताको विकास गरी अर्थतन्त्रलाई सुदृढ गराउने । |

### ९.३.६ प्रमुख कार्यक्रम

१. गापामा आवश्यक पर्ने जनशक्तिको योजना निर्माण गर्ने ।

२. उपलब्ध जनशक्तिलाई सीपमूलक तालिम, पूँजी र प्रविधि उपलब्ध गराई दक्षता बृद्धि गर्ने ।

३. प्राविधिक शिक्षालयको स्थापना र संचालन गरी प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने ।

४. युवाहरुका लागि स्वरोजगारसम्वन्धी कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउने ।

५. कृषि, वन र खनिजमा आधारित साना तथा घरेलु उद्योग संचालन गरी उद्यमशीलताको विकास गर्ने ।

६. प्रदेश सरकारको समन्वयमा गाउँपालिकामा एक औद्योगिक ग्रामको संचालन गरी अर्थतन्त्रलाई सुदृढ गराउने ।

### ९.३.७ अपेक्षित उपलब्धी

१. गाउँपालिकामा आवश्यक पर्ने जनशक्तिकोयोजना निर्माण भएको हुनेछ ।

२. उपलब्ध जनशक्तिको क्षमता अभिबृद्धि भएको हुनेछ ।

३. ताराखोला गापामा एक प्राविधिक शिक्षालय संचालन भएको हुनेछ ।

४. युवाहरुका लागि स्वरोजगारसम्वन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

५. घरेलु र साना उद्योग संचालन भई उमशीलताको विकास भएको हुनेछ ।

६. जनशक्तिको व्यवस्थापन र उद्यमशीलताको विकासले गापाको अर्थतन्त्र सुदृढ भएको हुनेछ ।

## ९.४ सामाजिक सुधार तथा रुपान्तरण

### ९.४.१ पृष्टभूमि

वंगलाचुली गापा बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक भएको गापा हो । यस प्रकारका् बिबिधतायुक्त समाजमा आआफ्नो भेषभुषा, रहनसहन, सँस्कृति र सँस्कार रहेका हुन्छन् । तर पनि उनीहरुको बीचमा सामाजिक सद्भाव, मेलमिलाप र आपसी सहयोगको भावना रहेको हुन्छ । सामाजिक घुलमिल, अन्तरक्रिया, छलफल र बहसले परंपरागत सोंच, चिन्तन र बिचारलाई परित्याग गरी सभ्य, मर्यादित र आधुनिक समाजको रुपान्तरणमा क्रियाशील गराउँदछ ।

### ९.४.२ प्रमुख समस्याहरु

१. समाजमा परंपरागत सोंच, चिन्तन र बिचार कायम हुनु ।

२. सामाजिक सद्भाव र सहिष्णुता कायम नहुनु ।

३. सामाजिक बिकृति र बिसंगती हट्न नसक्नु ।

४. आपसी सम्मान र सरसहयोगको भावना बृद्धि नहुनु ।

### ९.४.३ चुनौती र अवसर

चुनौती

१. सदियौंदेखिको सामाजिक सद्भाव र एकतालाई कायम गरी सामाजिक रुपान्तरण गर्न ।

२. कानूनको प्रभावकारी कार्यान्वयन गरी बिधिको शासन कायम गर्न ।

३. सामाजिक बिकृति, बिसंगती र बिभेद अन्त्य गरी सभ्य समाजको निर्माण गर्न । अवसर

१. तारखोला गाउँ सरकारले सामाजिक सुधारसम्बन्धी नीति, नियम र कानून निर्माण गरी कार्यान्वयन गर्न ।

२. गापाले सामाजिक सुधारसम्बन्धी बिभिन्न कार्यक्रम संचालन गर्न ।

३. सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सामाजिक रुपान्तरण गर्न ।

४. बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरण कार्यक्रम संचालन गरी सामाजिक रुपान्तरण गर्न ।

### ९.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोचः ताराखोला गापाको सामाजिक सुधार गरी सामाजिक रुपान्तरण गर्न ।

लक्ष्यः ताराखोला गापामा सामाजिक सदभाव कायम गरी मर्यादित समाजको निर्माण गर्ने । उद्देश्य :

१. तारखोला गापामा सामाजिक सदभाव कायम गरी सामाजिक सुधार गर्ने ।

२. सामाजिक बिकृति, बिसंगति र बिभेद अन्त्य गरी सामाजिक रुपान्तरणमा जोड दिने ।

### ९.४.५ रणनीति र कार्यनिति

| उद्देश्य १ः वंगलाचुली गापामा सामाजिक सदभाव कायम गरी सामाजिक सुधार गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ मर्यादित समाज निर्माणका लागि सामाजिक सदभाव कायम गर्ने । | १.१.१ गाउँवासीको एकतामा जोड दिने ।<br>१.१.२ सचेतना कमर्यक्रम मार्फत सामाजिक सदभाव कायम गर्ने ।<br>१.१.३ सामाजिक सदभावसम्बन्धी कार्यक्रम संचालन गर्ने । |

| उद्देश्यः २ सामाजिक बिकृति, बिसंगति र बिभेद अन्त्य गरी सामाजिक रुपान्तरणमा जोड दिने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१सामाजिक रुपान्तरणमा जोड दिने । | १.१.१ सचेतना मार्फत सामाजिक विकृति, विसंगति र विभेदको न्यूनिकरण गर्ने ।<br>१.१.२ प्राविधिक शिक्षा, प्रविधि राजगारी उपलब्ध गराई नविनतम सोँचको अभिवृद्धि गर्ने ।<br>१.१.३ शान्ति सुरक्षा, कानूनको परिपालन र वित्तीय सुशासन कायम गरी सामाजिक रुपान्तरणमा जोड दिने । |

**९.४.६ प्रमुख कार्यक्रमहरु**

१. सामाजिक सचेतनासम्वन्धी कार्यक्रम संचालन गरी सामाजिक सद्भाव र एकता कायम गर्ने ।

२. सामाजिक विकृति, विसंगति र विभेदको न्यूनिकरण गर्ने ।

३. प्राविधिक शिक्षा मार्फत प्रविधिमा जोड दिने ।

४. रोजगारका अवसरहरु अभिवृद्धि गर्ने ।

५. वित्तीय सुशासन कायम गरी सामाजिक रुपान्तरणमा जोड दिने ।

**९.४.७ अपेक्षित उपलब्धी**

१. वंगलाचुली गापामा सामाजिक विकृति, विसंगति र विभेदको न्यूनिकरण भएको हुनेछ ।

२. समाजमा सामाजिक सदभाव र सहिष्णुता अभिवृद्धि भएको हुनेछ । ३. समाजमा शान्ति सुरक्षा कायम भएको हुनेछ ।

४. नयाँ प्रविधिको प्रयोग मार्फत नविनतम् सोँचको विकास भएको हुनेछ ।

५. रोजगारका अवसरहरुमा वृद्धि भएको हुनेछ ।

६. सामाजिक शसक्तिकरण कार्यक्रम मार्फत ताराखोलामा सभ्य समाजको निर्माण भएको हुनेछ ।

### ९.५ समानता र समावेशिता

### ९.५.१ पृष्ठभूमि

वंगलाचुली गापामा महिला, दलित अपाङ्गता भएका व्यक्ति र आर्थिक रुपले विपन्न भएका व्यक्तिहरु, सामाजिक, शैक्षिक, प्रशासनिक एव आर्थिक रुपले पछाडि परेकाहरुलाई समावेशी सिद्धान्तका आधारमा गापाकाका विभिन्न निकाय र क्षेत्रहरुमा सहभागी हुन पाउने संवैधानिक हकलाई सुनिश्चित गर्नु पर्दछ । तसर्थ गापाले उनीहरुको संरक्षण र सम्वर्द्धन गर्नका लागि विभिन्न कार्यक्रमहरु संचालन गरेर उनीहरुको सहभागिता अभिवृद्धि गर्नु आवश्यक छ ।

### ९.५.२ प्रमुख समस्याहरु

१. समाजमा धनी र गरीब वीच असमानता कायम रहनु ।

२. गापाकाको सबै क्षेत्रमा समावेशीताको सिद्धान्त लागू नहुनु ।

३. गापामा गरीबिको दर उच्च रहनु ।

४. विकास निर्माणका कार्यक्रमहरुमा लक्षित वर्गको सहभागिता कम हुनु ।

५. लक्षित वर्गलाई उत्थान गर्ने विशेष कार्यक्रम संचालन हुन नसक्नु ।

६. लक्षित वर्गको सशक्तिकरणमा ध्यान नपुग्नु ।

### ९.५.३ चुनौती र अवसर

चुनौती

१. धनी र गरीब वीचको असमानता अन्त्य गरी समाजमा समानता कायम गर्नु ।

२. विभिन्न वर्ग र समुदाय वीच रहेको आर्थिक, सामाजिक र शैक्षिक अन्तर कम गर्न ।

३. लक्षित वर्गलाई गापाकाको सम्पूर्ण क्षेत्रमा सहभागी गराई समावेशिताको सिद्धान्तलाई व्यवहारमा लागु गर्न ।

४. गापामा विद्यमान उच्च गरीविलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्न ।

५. साधन र स्रोत, सेवा र सुविधा लक्षित वर्गको पहँचमा पुर्याई उनीहरुको जीवनस्तर उकास्न ।

६. समाजमा व्याप्त विकृति, विसंगती र विभेदको अन्त्य गरी सामाजिक न्याय सहितको समृद्ध समाजको निर्माण गर्न ।

अवसर

१. समानता र समावेशिताको हक सुनिश्चित गर्न गापाले विभिन्न कार्यक्रमहरु संचालनमा जोड दिनु ।

२. सामाजिक मूल्य मान्यता र व्यवहारमा आएको परिवर्तनले समावेशी सिद्धान्तलाई व्यवहारमा लागु गर्न सहजता हुनु ।

३. विभिन्न सामाजिक संघ संस्थाहरु यस क्षेत्रमा क्रियाशील भएकाले उनीहरुको सहकार्यमा समावेशिताको सिद्धान्त व्यवहारमा कार्यान्वयन गर्न सहयोगी हुनु ।

४. जनतामा आएको चेतना अभिबृद्धिले समेत समावेशिताको सिद्धान्त कार्यान्वयनमा जागरण पैदा हुनु ।

**९.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य**

सोचः वंगलाचुली गापाका सम्पूर्ण जनताको समानता र समावेशिताको हक सुनिश्चित गर्ने ।

लक्ष्यः विभेदमा परेका समुदायलाई सकारात्मक विभेद गरी समावेशी विकास गर्ने ।

उद्देश्यः

१. गापामा उपलब्ध श्रोत साधन तथा सेवा सुविधामा सम्पूर्ण जनताको अर्थपूर्ण सहभागिता बढाई समावेशी विकास गर्नु ।

**९.५.५ रणनीति र कार्यनीति**

| उदेश्य १: गापामा उपलब्ध श्रोत साधन तथा सेवा सुविधामा सम्पूर्ण जनताको अर्थपूर्ण सहभागिता बढाई समावेशि विकास गर्नु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ गापामा उपलब्ध श्रोत साधनमा सम्पूर्ण जनताको पहुँच अभिबृद्धि गरी सहभागितामूलक र समावेशी विकास गर्ने | १.१.१ लक्षित वर्गको उत्थानका लागि विभिन्न कार्यक्रम संचालन गर्ने ।<br>१.१.२ विकास निर्माणमा लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने ।<br>१.१.३ श्रोत साधन तथा सेवा सुविधामा लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने ।<br>१.१.४ लक्षित वर्गलाई सकारात्मक विभेद र आरक्षणको लागि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशि विकासमा जोड दिने । |

**९.५.६ प्रमुख कार्यक्रमहरु**

१. लक्षित वर्गलाई उत्थान गर्ने विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

२. लक्षित वर्गको क्षमता अभिबृद्धि गर्ने विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

३. उपलब्ध श्रोत साधन तथा सेवा सुविधामा लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने ।

४. विकास निर्माण प्रक्रियामा सम्पूर्ण जनताको सहभागिता सुनिश्चित गर्ने ।

५. समावेशिताको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने ।

**९.५.७ अपेक्षित उपलब्धी**

१. लक्षित वर्गको सशक्तिकरण र सहभागितामूलक कार्यक्रम संचालन गर्ने ।

२. श्रोत, साधन, सेवा, सुविधा एवं विकास निर्माणका कार्यक्रमहरुमा लक्षित वर्गको सहमागिता र पहुँच अभिबृद्धि भएको हुनेछ ।

३. आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा समावेशिताको सिद्धान्त कार्यान्वयन भएको हुनेछ ।

४. सामाजिक विभेद र असमानताको न्यूनीकरण भएको हुनेछ ।

## ९.६ वातावरण संरक्षण, जलवायू परिवर्तन र विपद् बयवस्थापन

### ९.६.१ पृष्ठभूमि

वंगलाचुली गापामा वातावरण प्रदुषणसम्वन्धी जटिल समस्या नभएता पनि वातावरणको संरक्षण गर्नु जरुरी छ । फोहोरमैला व्यवस्थापन, वनजंगल संरक्षण, बाढिपहिरो तथा खोला नियन्त्रण, प्राकृतिक श्रोत साधनको सदुपयोग, निर्माण सामग्रीको व्यवस्थापन, शौचालय र ढलको निर्माण आदि वातावरणसँग सम्वन्धित पक्षहरु हुन् । यसका साथै विकास निर्माणका पूर्वाधारहरुको संचालन गर्दा वातावरणीय प्रभावको पुर्व मूल्यांकन हुनु पनि आवश्यक छ । गापामा जलवायू परिवर्तनको प्रभाव स्पष्ट रुपमा देखा नपरेको भएता पनि केहि संकेतहरु देखा परी सकेका छन् । तापक्रम र वर्षामा भएको भिन्नता, नयाँ नयाँ किटाणुहरुको उत्पति, झींगा तथा लामखुट्टेको प्रकोप, पानीको श्रोतहरुमा कमी आदि जलवायू परिवर्तनका सूचकहरु हुन । यसवाट कृषि उत्पादनमा हास हुन गई खाद्य सुरक्षामा थप समस्या सृजना भएका छन् । ताराखोला गापामा बाढी, पहिरो, चट्टूयाङ, आगलागी, जोखियूक्त बस्ती, लगायतका विपद्सम्वन्धी समस्याहरु रहेका छन् । विभिन्न योजनाबद्ध ढंगले वातावरणको संरक्षण, जलवायू परिवर्तन अनूकूलन र विपद्को व्यवस्थापन र न्यूनीकरण गर्नु आवस्यक छ ।

### ९.६.२ प्रमुख समस्याहरु

१. फोहोरमैलाको उचित व्यवस्थापन नहनु ।

२. सडकहरु कच्ची तथा नाला र ढलको व्यवस्था नहुनु ।

३. जलवायू परिवर्तनसम्वन्धी मापन केन्द्रको अभाव ।

४. जलवायू परिवर्तन सम्वन्धी सचेतना कार्यक्रम संचालन नहुनु ।

५. भूक्षय, बाढी, पहिरो, चट्टूयाङ, आगलागी, जोखियूक्त बस्ती, लगायतका विपद्को पूर्व सुचना र पूर्व सावधानी नअपनाउनु ।

६. स्वास्थ्य तथा सरसफाईसम्वन्धी सचेतनाको कमी ।

७. नवीकरणीय उर्जाको विकास नहुनु ।

### ९.६.३ चुनौति र अवसर

चुनौती

१. फोहोरमैला, ढल निकास, भूक्षय, खोला कटान, वनविनास, धुवाधुलोको उचित व्यवस्थापन गरी वातावरण संरक्षण गर्न ।

२. जलवायू परिवर्तनसम्वन्धी तथ्यांकहरु संकलन गरी अनुकुलन कार्यक्रम संचालन गर्न ।

३. जलवायू परिवर्तनसम्वन्धी सूचनामूलक र सचेतनामूलक कार्यक्रम संचालन गरी जनतालाई सुसुचित गर्न ।

४. विपद् व्यवस्थापनसम्वन्धी पूर्व सुचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउन ।

५. विपद् व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापन गर्न ।

६. विपद् व्यवस्थापनमा सरकारी, गैरसरकारी र नीजी क्षेत्रको संलग्नतामा एकीकृत कार्यक्रम संचालन गर्न ।

अवसर

१. विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्यांकनको व्यवस्था हुनु ।

२. फोहोर मैलाको व्यवस्थापनमा गापा सक्रिय रहनु ।

३. सडक, पुल पुलेसा र ढल निकासको लागि गापाले प्रदेश र संघीय सरकारसँग समन्वय गर्नु ।

४. जलवायू परिवर्तनसम्वन्धी जनचेतना अभिबृद्धि गरी अनूकूलन कार्यक्रम संचालन गर्नु ।

५. गापाले विपद् व्यवस्थापन नीति र संयन्त्र निर्माण गरी जनशक्ति र उद्धार सामग्रीको व्यवस्था गर्ने ।

६. पूर्वाधार निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यानमा राखेर दीगो र वातावरणमैत्री बनाउने ।

७. छरिएर रहेका जोखिमयूक्त वस्तीहरुको स्थानान्तरणका लागि सम्भाव्यता अध्ययन गरि कार्य प्रारम्भ गर्ने ।

### ९.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोचः विपद् व्यवस्थापन र जलवायू अनुकूलनद्धारा स्वच्छ वातावरणको सृजना गरि गापाको समृद्धि हासिल गर्ने ।

लक्ष्यः दीगो र वातावरणमैत्री विकासद्धारा जलवायू परिवर्तन र विपद् व्यवस्थापनको न्यूनीकरण गर्ने ।

उद्देश्य

१, दीगो र वातावरणमैत्री पूर्वाधारको निर्माण गरी स्वच्छ र सन्तुलित वातावरण कायम गर्ने ।

२, जलवायू परिवर्तनसम्वन्धी अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

३, जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने ।

### ९.६.५ रणनीति र कार्यनीति

| उदेश्य १: दीगो र वातावरणमैत्री पूर्वाधारको निर्माण गरी स्वच्छ र सन्तुलित वातावरण कायम गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ वातावरण संरक्षणमा जोड दिने । | १.१.१ वातावरण संरक्षणसम्वन्धी शिक्षा प्रदान गर्ने ।<br>१.१.२ पूर्वाधार निर्माणलाई वातावरणमैत्री बनाउने ।<br>१.१.३ वातावरण संरक्षणसम्वन्धी कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्ने ।<br>१.१.४ विकास निर्माणका कार्यक्रम संचालन पूर्व वातावरणीय प्रभाव मूल्यांकनलाई जोड दिने ।<br>१.१.५ फोहोरमैला, ढल निकास, धुवा र कुलोको उचित व्यवस्थापन गर्ने । |

| उदेश्य २: जलवायू परिवर्तन सम्वन्धि अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| २.१ गापामा जलवायु परिवर्तन र अनुकूलनसम्वन्धी योजना निर्माण गरी कार्यान्वयन गर्ने । | १.१.१ जलवायू उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्व तयारी र सचेतना अभिबृद्धि गरिने ।<br>१.१.२ जलवायू परिवर्तनसम्वन्धी भरपर्दो सुचना प्राप्त गर्न जलवायू मापन केन्द्रको स्थापना गर्ने ।<br>१.१.३ गापाको कृषि, वन, वस्ती तथा अन्य क्षेत्रमा परेको प्रभाव अध्ययन अनुसन्धान गरी अनुकूलन कार्यक्रममा जोड दिने । |

| उद्धेश्य ३: जोखिम न्यूनिकरण र पूर्नस्थापनाका लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विपदको न्यूनीकरण र पूर्नस्थापनाको व्यवस्थापन गर्ने । | १.१.१ विपदको पूर्वानुमान् सम्वन्धी सुचना प्रणालीको विकास गर्ने । १.१.२ गापामा विपदसम्वन्धी योजना निर्माण गरी कार्यान् वयन गर्ने ।<br>१.१.३ जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना निर्माण गर्ने ।<br>१.१.४ भू उपयोग नीती निर्माण गरी जोखिम क्षेत्रको पहिचान गर्ने ।<br>१.१.५ बाढी, पहिरो र भू क्षयको नियन्त्रण गर्ने ।<br>१.१.६ विपद् पछिको पूर्नस्थापनाके लागि उद्धार सामग्री, काष, उद्धार संयन्त्र र प्रविधिको विकास गर्ने । |

**९.६.६ प्रमुख कार्यक्रमहरु**

१. वातावरण संरक्षणसम्वन्धी जनचेतना अभिबृद्धि गरी प्रभावकारी कार्यक्रम संचालन गर्ने ।

२. पूर्वाधार निर्माणलाई वातावरणमैत्री बनाउन मापदण्ड र संहिता निर्माण गरी कार्यान्वयन गर्ने ।

३. कच्ची सडकलाई कालोपत्रे गर्न, पुलपुलेसाको निर्माण र ढल निकासको प्रवन्ध मिलाउने ।

४. स्वास्थ्य र सरसफाइमा ध्यान दिने ।

५. जलवायु परिवर्तनसम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने ।

६. जलवायू अनुकूलन कार्यक्रममा जोड दिने ।

७. विपद्सम्वन्धी पूर्व सुचना प्रणालीको विकास गरी पूर्नस्थापनामा जोड दिने ।

८. बाढी, पहिरो, भू क्षय र खोला कटान् नियन्त्रण गरी जोखिममा परेका वस्तीहरु सुरक्षित स्थापनमा स्थानान्तरण गर्ने योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

**९.६.७ अपेक्षित उपलब्धी**

१. वातावरण संरक्षणसम्वन्धी नीति एवं योजना निर्माण भएको हुनेछ ।

२. विकास निर्माणका पूर्वाधार निर्माणमा मापदण्ड र संहिता लागू भई वातावरणमैत्री पूर्वाधारको निर्माण हुनेछ ।

३. जलवायू परिवर्तनको असर सम्वन्धमा अध्ययन अनुसन्धान भई गापा स्तरीय गोष्ठी संचालन भएको हुनेछ ।

४. विपद् व्यवस्थापनसम्वन्धी पूर्वसुचना प्रणालीको विकास हुनेछ ।

५. बाढी, पहिरो, भूक्षय, वन विनास र अन्य प्रकोपको नियन्त्रण र जोखिम वस्ती स्थानान्तरणको योजना निर्माण हुनेछ ।

## परिच्छेद – १० योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन

### १०.१ आयोजना बैंक

### १०.१.१ वंगलाचुलीगाउापालिका आफै कार्यान्वयन गर्ने कार्यक्रमहरु

१) **भौतिक विकास योजनाका कार्यक्रम**

| क.सं. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सुरु गर्ने वर्ष | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत |
|---|---|---|---|---|
| <br>१.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७. | सडक निर्माण तथा मर्मत संभार। | | | |
| २.<br>१. | विद्युत विकास तथा वितरण<br>......................विद्युत नपुगेको स्थानमा विद्युत विस्तार | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | सिंचाई<br>सबै वडामा कृषि उत्पादन बृद्धि गर्न साना सिंचाई कार्यक्रम | | | |
| ४. | सञ्चार पूर्वाधार तथा प्रविधि विकासः<br>वडा कार्यालय स्वास्थ्य चौकी र मा.वि. विद्यालयमा इन्टरनेट र विद्युतिय हाजिर | | | |
| ५.<br><br>१<br>२.<br>३ | सार्वजनिक तथा सामुदायिक भवन निर्माण<br><br>................१० ओटा शौचालय सुविधा निर्माण ।<br>वडाका विभिन्न स्थलमा प्रतिक्षालय | | | |
| ७.<br>१ | आवास तथा एकिकृत वस्ती विकास<br>:गरिव घरपरिवार निजि आवस निर्माण | | | |

२) **आर्थिक विकास योजनाका कार्यक्रमहरु**

| क.स. | कार्यकम तथा परियोजनाको नाम तथा स्थान | शुरु गर्ने वर्ष | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. |
|---|---|---|---|---|
| १. | कृषिको आधुनिकीकरण तथा व्यवसायिक पशुपालन<br><br>कृषि वन तथा जडिवुटी विकास<br>पशुपंक्षी पालन कार्यकम | २०७८/०७९<br>२०७८/०७९<br>......... | निरंतरता<br><br>निरंतरता | |
| २.<br>१<br>२ | पर्यटन विकास कार्यकम<br>होमस्टे प्रबद्धन कार्यक्रम ५ वटा - प्रत्येक वडामा<br>विभिन्न मठ मन्दिरको संरक्षण (कला, संस्कृति) | | | |
| ३. | औद्योगिक तथा व्यवसायिक विकास<br>लघु उद्यमी प्रबद्धन एवम् घरेलु उद्योग सञ्चालन | | | |
| ४. | रोजगारी प्रवर्द्धन कार्यकम | | | |

| | | | |
|---|---|---|---|
| | सिपमुलक तालिम सञ्चालन | | |
| ५. | गरिवी निवारण तथा समृद्धि<br><br>लक्षित वर्ग आयआर्जन कार्यक्रम (१००० जति) | | |
| ६. | नविकरणीय ऊर्जा प्रवर्द्धन<br><br>सडक बत्ति जडान (सार्वजनिक स्थल) | | |

३) **सामाजिक विकास योजना**

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सुरु गर्ने वर्ष | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. |
|---|---|---|---|---|
| १. | जनसंख्या व्यवस्थापन<br>बसाईसराई नियन्त्रण गन विभिन्न कार्यक्रम सञ्चाल | | | |
| २.<br>१<br><br>२<br>३<br>४ | शिक्षा:<br>शिक्षक व्यवस्थापन (दरवन्दी कम भएका विद्यालय तथा भौतिक पूर्वाधार)<br>आवासिय विद्यालय स्थापना - अर्गल मा.वि र<br>जनप्रेम मा.वि  दिवा खाजा कार्यक्रम  वडा स्तरीय<br>खेल मैदान | | | |
| ३.<br>१ | खानेपानी<br>खानेपानि मर्मत र साना आयोजना | | | |
| ४<br>१ | महिला विकास तथा लैङ्गिक समानता<br>महिला लक्षित विभिन्न कार्यक्रम | | | |
| ५. | बालविकास कार्यकम<br>बालमैत्री स्थानिय शासन गाँउपालिका<br>घोषणा | | | |
| ६. | दलित एवं पिछीडएको वर्ग उत्थान<br>दलित लक्षित कार्यक्रम | | | |
| ७. | सामाजिक सुरक्षा<br>क) जेष्ठ नागरीक सम्मान तथा<br>हेरचाह  ख) असहाय तथा अपाङ्गता | | | |

| | | | | |
|---|---|---|---|---|
| | संरक्षण कार्यक्रम | | | |
| ८. | जनजाति उत्थान | | | |
| ९. | युवा तथा खेलकुद<br>गाँउपालिका स्तरिय खेल<br>मैदान  वडा स्तरीय खेल<br>मैदान  तालिम<br>खेलकुद व्यवस्थापन प्रशिक्षक | | | |
| १०. | साहित्य कला तथा संस्कृति प्रवर्द्धन | | | |
| ११. | नागरीक सचेतना कार्यक्रम | | | |

४) **वन तथा वातावरण संरक्षण**

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | शुरु गर्ने वर्ष | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत |
|---|---|---|---|---|
| १. | वन तथा वातावरण संरक्षण | | | |
| २. | सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | | | |
| ३. | पार्क तथा वगैंचा निर्माण | | | |
| ४. | जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | | | |

५) **प्रकोप तथा विपद् व्यवस्थापन**

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सुरु गर्ने वर्ष | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. |
|---|---|---|---|---|
| १. | सचेतना तालिम कार्यक्रम | | | |
| २. | विपद ् तथा प्रकोप व्यवस्थापन | | | |
| ३. | विपद् तथा प्रकोप पश्चात पुर्नस्थापना | | | |
| ४ | बाढी तथा पहिरो नियन्त्रण तथा तटवन्ध निर्माण | | | |
| ५. | मापदण्ड निर्धारण र दीर्घकालीन नीति | | | |

**६ वित्त व्यवस्थापन तथा संस्थागत विकास योजना क)**
**सुशासन तथा संस्थागत विकास योजना**

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सुरु गर्ने वर्ष | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. |
|---|---|---|---|---|
| १. | विकेन्द्रीकरण कार्यक्रम | | | |
| २. | असल शासन कार्यक्रम | | | |
| ३. | समावेशी सहभागिता बढाउने कार्यक्रम | | | |
| ४ | सेवा प्रवाह प्रक्रियाः | | | |
| ५ | संस्थागत समन्वय र सञ्जाल विकास | | | |
| ६ | मानव बेचविखन तथा द्वन्द व्यवस्थापन | | | |

**ख) वित्तीय विकास योजना**

| क.स. | कार्यक्रम तथा परियोजनाको नाम तथा स्थान | सुरु गर्ने वर्ष | सम्पन्न गर्ने वर्ष | अनुमानित लागत रु. |
|---|---|---|---|---|
| १. | आयश्रोत अभिबृद्धि कार्यक्रम | | | |
| २. | सार्वजनिक खर्च र वित्तीय अनुशासन | | | |

**१०.२ अनुगमन तथा मूल्यांकन** गणतन्त्रात्मक नेपालमा संघियताको अभ्यास प्रारम्भ भएपश्चात केन्द्र, प्रदेश र स्थानीय सरकार गठन भइ क्रियासिल भएका छन् । तीनतहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरुमा प्रष्टता भएतापनि साझा अधिकार भित्रका कार्यहरु कार्यान्वयन गर्ने कार्यहरुमा प्रष्टता आएको छैन । तसर्थ तीन तहका सरकारले प्रभाबकारी काम सम्पादन गर्न आपसि सामन्जस्य, समन्वय र सहकार्य आबश्यक पर्दछ ।

**१०.२.१ योजना कार्यान्वयन कार्ययोजना** क) प्रारम्भिक संभाव्यता अध्ययन : पहिचान भएका आयोजना र कार्यक्रम मध्ये, उपयुक्त आयोजनाहरु छनौट गर्न आर्थिक, वातावरणीय, प्राविधिक र सामाजिक दृष्टिले छन् छैनन् भन्ने कार्यको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन विशेषज्ञहरुवाट गराउने । प्रारम्भिक संभाव्यतावाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने । विस्तृत सम्भाव्यता सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानि योजनामा समावेश गर्ने ।

ख) विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने : दीर्घकालीन प्रकृतिका र सार्वजनिक खरिद ऐनले तय गरेको मापदण्डमा पर्ने ठूलो लगानीका परियोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR)विशेषज्ञहरु बाट गराउने ।

ग) वार्षिक कार्यक्रम तथा लगानि योजना तर्जुमा गर्ने : वार्षिक कार्यक्रम र योजना तर्जुमा गर्दा प्रारम्भिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा संघ र प्रदेश तथा गाउँपालिका स्तरीय र वडा स्तरीय कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने । प्राथमिकीकरण र योजना निर्माण जनसहभागिताको आधारमा गर्ने ।

घ) बजेट अनुमान (निर्माण) : विभिन्न स्तरका आयोजना तथा कार्यक्रमहरु मध्ये संघ र प्रदेशमा समन्वय गर्नुपर्ने र विभिन्न अनुदानमा आधारित (ससर्त, सामान्यीकरण, समपूरक, एवं विशेष) आयोजना वर्गीकरण गरी प्रदेश र संघीय सरकारका बजेटहरु ल्याउन पहल गर्ने ।

ङ) वित्तीय सन्तुलन र अनुशासन कायम गर्ने : गाँउपालिका र वडा स्तरका कार्यक्रम र आयोजनाहरु प्रत्येक वर्षको बजेटमा क्रमशः प्राथमिकताका आधारमा विनियोजन गर्दा गाउँपालिकाको आयश्रोत र जनसहभागितालाई उपयुक्त अनुपातमा व्यवस्थापन गर्ने ।

च) मध्यमकालिन खर्च संरचना अबलम्बन गर्ने : यस आवधिक योजनाको कार्यान्वयनका क्रममा योजनाले निर्धारण गरेका कार्यक्रम कूल बजेटको आकार र सीमा समेतको पुनरावलोकन गरी मध्ययमकालीन खर्च संरचना तयार गरी आवधिक योजनालाई परिणाममुखी बनाउने ।

छ) योजनाको अनुगमन तथा मूल्याङ्कनः प्रत्येक क्षेत्रगत योजनाहरुको कार्यान्वयनको अबस्थालाई निरन्तर अनुगमन र मूल्याङकनको व्यवस्था गरी प्रभावकारी कार्यान्वयनको परिपाटी विकास गर्ने ।

### १०.२.२ योजना कार्यान्वयन बिधि(Plan Implementation Method)

